# मध्यमकालीन खर्च संरचना

(आ.व. २०७९/८० - २०८१/८२)

# Medium Term Expenditure Framework

(Fiscal Year 2022/23 - 2024/25)




**देवचुली नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

प्रगतीनगर, नवलपरासी (बर्दघाट सुस्ता पुर्व),

गण्डकी प्रदेश, नेपाल

२०७९

# मध्यमकालीन खर्च संरचना (आ.व. २०७९/८० – २०८१/८२)

**प्रकाशक** : **देवचुली नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

**सर्वाधिकार** : प्रकाशकमा

**प्रकाशन मिति** : २०७९

**प्राविधिक सहयोग:**

Reorienting Public Finance for SDGs Acceleration and Leveraging Additional Resources in Nepal Project

**सम्पर्कका लागि** : नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), गण्डकी प्रदेश, नेपाल
फोन नं.: ०७८–५७५३९६
ईमेल: devchulimunicipality@gmail.com

# देवचुली नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

प्रगतिनगर नवलपरासी (बर्दघाट सुस्ता पुर्व)

गण्डकी प्रदेश, नेपाल

सम्पर्क ०७८-५७५३९६


प.सं. : २०७८/७९

च.नं. :

मिति : २०७९/४/१२

## मन्तव्य

जनताको नजिकको सरकारको रुपमा रहेको स्थानीय सरकारले स्थानीय धरातलीय विशिष्टता तथा नागरिकको वास्तविक आवश्यकता र चाहाना प्रतिबिम्बित हुने गरी आफ्ना प्रयासहरु अगाढी बढाउनु पर्दछ। यसका लागि स्थानीय सरकारले हालको राजनीतिक, सामाजिक तथा साँस्कृतिक र प्राविधिक परिस्थितिले सिर्जना गरेको अवसरहरुको पूर्ण सदुपयोग हुने गरी योजनाबद्ध, व्यवस्थित र नतिजामूलक तथा दीगो विकासका लक्ष्यहरुलाई समेटने गरी योजना तर्जुमा, कार्यान्वयन र प्राप्त नतिजाको मापन आवश्यक छ।

सार्वजनिक वित्त व्यवस्थापनलाई चुस्त र दुरुस्त तुल्याउँदै आवधिक योजनाका लक्ष्य, उद्देश्य र नीतिगत प्राथमिकतालाई वार्षिक बजेट तथा कार्यक्रम मार्फत कार्यान्वयन गर्न मध्यमकालीन खर्च संरचना तयार गरिन्छ। अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले अगामी तीन आर्थिक वर्षमा हुने सार्वजनिक खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ। विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन कायम गरी सार्वजनिक श्रोतको प्रभावकारी ब्यवस्थापन गर्न मध्यमकालीन खर्च संरचना एउटा महत्वपूर्ण औजारको रुपमा रहेको छ। सरकारी खर्चमा पारदर्शिता बढाउनु, खर्च गर्ने निकायलाई जिम्मेवार र जवाफदेही बनाउनु तथा सरकारी खर्चमा वित्तीय अनुशासन कायम गराउनु मध्यमकालीन खर्च संरचना प्रमुख उद्देश्य रहेको छ।

यसै पृष्ठभूमिमा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को व्यवस्था बमोजिम वार्षिक बजेट र आवधिक योजना वीचको सम्बन्ध सेतु स्थापित गर्ने उदेश्यले देवचुली नगरपालिकाले दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तर्जुमा गरेको छ। जनचाहना र विद्यमान सम्भावनामा आधारित रही विद्यमान समस्याहरूलाई व्यवस्थित रुपमा सम्बोधन गर्न तर्जुमा गरिने आवधिक योजनालाई वार्षिक योजनासँग जोडी योजनाले निर्दिष्ट गरेका लक्ष्य, उद्देश्य तथा नतिजा हासिल गर्न मध्यमकालीन खर्च संरचनाको तर्जुमा कानुनी दायित्व मात्र नभई नगरपालिका स्वयम्‌का लागि पनि विशेष महत्व र आवश्यकताको विषयका रुपमा रहेको छ। यसर्थ, यस नगरपालिकाको आवधिक योजना र वार्षिक योजनाका बीचमा पुलको रुपमा कार्य गरी आवधिक योजनाका लक्ष्य तथा उद्देश्य हासिल गर्नेतर्फ यस मध्यमकालीन खर्च संरचनाले डोहोऱ्याउने अपेक्षा गरेको छु।

मध्यकालीन खर्च संरचना सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन सफल सिद्ध एउटा महत्वपूर्ण औजार भएकोले यसले दिगो विकासका लक्ष्यहरूमा प्राथमिकताका साथ लगानी बढाउन महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरेको छु। अघिल्लो शताब्दीको उत्तरार्द्धदेखि निरन्तर बढ्दै गएको विपद् तथा जलवायुजन्य जोखिम एवम् विकासशील देशहरूमा देखिने खालका कमजोर प्रकृतिको विकासबाट सिर्जना हुन सक्ने समस्याहरू सम्बोधनका लागि यस खर्च संरचनाले नगरपालिकाले परिचालन गर्ने सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्य तथा नगरपालिकाका समस्याहरूको सम्बोधन गर्नेतर्फ सही किसिमले अगाडि बढाउन सक्ने अपेक्षा गरेको छु।

अन्त्यमा, यस दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तर्जुमा गर्ने कार्यमा महत्वपूर्ण भूमिका खेल्नुहुने सम्पूर्ण कर्मचारी, पदाधिकारी, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) तथा विज्ञ टोलीलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु।

...............................

हरि प्रसाद न्यौपाने

नगर प्रमुख

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

देवचुली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर नवलपरासी (बर्दघाट सुस्ता पुर्व)
गण्डकी प्रदेश, नेपाल
सम्पर्क ०७८-५७५३९६

प.सं. : २०७८/७९
च.नं. :

मिति : २०७९/४/१२

## मन्तव्य

संघीयताको अवधारणा अनुरूप नेपालको संविधान २०७२ ले स्थानीय तहलाई स्वायत्तता सहित व्यवस्थापिका, कार्यकारी र न्यायिक अधिकारहरूको सुनिश्चितता गरेको छ । जनताको नजिकको सरकारको रुपमा रहेको स्थानीय सरकारले उपलब्ध स्रोत र साधनको अधिकतम परिचालन गरी विकासलाई नतिजामूलक बनाउन अधिकतम प्रयास गर्नुपर्दछ । सिमित स्रोत, साधन तथा क्षमता र पूर्वाधार विकासको न्यून अवस्था र तिब्र विकासको जनचाहना सम्बोधन गर्नु आफैमा कठिन र चुनौतिपूर्ण कार्य हो । विकास प्रक्रियामा विपन्न तथा पछाडि पारिएका वर्ग तथा समुदायको मूलप्रवाहीकरण गरी उनीहरुको आवश्यकतालाई सम्बोधन गर्नु आजको आवश्यकता हो ।

सक्षम, सबल र नागरिकप्रति संवेदनशिल तथा जवाफदेही स्थानीय सरकारबाट मात्रै जनचाहना सम्बोधन हुन सक्दछ । नागरिकको आवश्यकता तथा अपेक्षा सम्बोधनको लागि स्थानीय सरकार अझ बढी सबल, सक्षम र जवाफदेही हुन आवश्यक छ । सहभागितामूलक तथा समावेशी प्रक्रिया बमोजिम नीति, आवधिक योजना, वार्षिक बजेट तथा कार्यक्रमहरु तर्जुमा गर्ने परिपाटिको विकास भएको छ ।

आवधिक योजना र वार्षिक बजेट बीच तालमेल नहुँदा सरकारले गर्ने योजनाबद्ध विकासमा चनौतीहरु थपिरहने, आयोजना कामकाज र प्रतिफल नतिजामुखि नदेखिने हुँदा नेपालको सविधान, अन्तर सरकारी वित्त व्यावस्थापन ऐन, २०७४ दफा (१७) ले संघ, प्रदेश र स्थानीय तहले मध्यमकालीन खर्च संरचना बनाउन अनिवार्य व्यवस्था गरेको छ । तीनै तहहरुले वार्षिक बजेट तर्जुमा तर्जुमा गर्दा मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने बाध्यकारी कानुनी प्रावधान रहेकोले देवचुली नगरपालिकाले उक्त व्यवस्था अनुरुप आगामी ३ वर्षको खर्चसंरचना र आयोजनाहरुको छनौट तथा प्राथमिकिकरण समेत गरी यो मध्यमकालीन खर्च संरचना तयार गरेको छ ।

मध्यमकालीन खर्च संरचना आवधिक योजना र दिगो विकासका लक्ष्यहरु हासिल गर्ने एक महत्वपुर्ण औजार हो । सरकारी खर्चमा पारदर्शिता बढाउन, सार्वजनिक निकायलाई जिम्मेवार र जवाफदेही बनाउन तथा वित्तीय अनुशासन प्रवर्द्धन गर्न यसको प्रयोग अपरिहार्य रहेको छ । यसरी प्राथमिकताका आधारमा बजेट तथा श्रोतलाई सुनिश्चित गरी स्थानीय सरकारलाई श्रोतको अनुमान तथा वितरणमा सहजता ल्याई स्पष्ट दिशा निर्देश गर्न सघाउने र नगरपालिकाको समग्र विकासका लागि कार्यक्रमको निरन्तरता र योजनाको पूर्ण कार्यान्वयनको सुनिश्चितता गर्न तथा सेवा प्रवाहमा सुधार हुने विश्वास लिइएको छ ।

यो मध्यमकालिन खर्च संरचना दस्तावेजले नगरपालिकाको नीति अनुशासनलाई प्रारम्भिक अवस्था देखिनै प्रभावकारी बनाउन कोशेढुङ्गा साबित हुने अपेक्षा गरिएको छ । अन्त्यमा, यस मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यमा संलग्न हुने गाउँपालिकाका सबै पदाधिकारी, कर्मचारी र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) तथा विज्ञ टोलीलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

..................
पार्वता तिवारी
नगर उप-प्रमुख

पार्वता तिवारी
नगर उपप्रमुख

# विषयसूची

**परिच्छेद एक : परिचय** ........ १
१.१ पृष्ठभूमि ........ १
१.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा ........ १
१.३ मध्यमकालीन खर्च संरचना तयारीको उद्देश्य ........ २
१.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरु ........ २
१.५ मध्यमकालीन खर्च संरचना र दिगो विकास लक्ष्य ........ ३
१.६ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया ........ ५
**परिच्छेद दुई: मध्यमकालीन खर्च संरचना** ........ ९
२.१ पृष्ठभूमि ........ ९
२.२ चूनौति तथा अवसर ........ ९
२.३ सोच, उद्देश्य तथा रणनीति ........ १०
२.४ मध्यमकालीन आर्थिक खाका ........ ११
२.५ मध्यमकालीन नतिजा खाका ........ १२
२.६ मध्यमकालीन बजेट खाका ........ १३
२.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट ........ १५
२.८ विषय क्षेत्रगत बाँडफाँट ........ १७
**परिच्छेद तीन : आर्थिक क्षेत्र** ........ १९
**३.१ कृषितथा खाद्य सुरक्षा** ........ १९
३.१.१ पृष्ठभूमि ........ १९
३.१.२ समस्या तथा चूनौति ........ १९
३.१.३ सोच ........ १९
३.१.४ उद्देश्य ........ १९
३.१.५ रणनीति ........ १९
३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ २०
३.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ २०
३.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ २०
३.१.९ जोखिम पक्ष तथा अनुमान ........ २०
**३.२ सिंचाई** ........ २१
३.२.१ पृष्ठभूमि ........ २१
३.२.२ समस्या तथा चुनौति ........ २१
३.२.३ सोच ........ २१
३.२.४ उद्देश्य ........ २१
३.२.५ रणनीति ........ २१
३.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ २१
३.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ २२
३.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ २२
३.२.९ जोखिम पक्ष तथा अनुमान ........ २२
**३.३ पशु विकास** ........ २२
३.३.१ पृष्ठभूमि ........ २२
३.३.२ समस्या तथा चूनौति ........ २३

३.३.३ सोच ....................................................................................................... २३
३.३.४ उद्देश्य ....................................................................................................... २३
३.३.५ रणनीति ....................................................................................................... २३
३.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ....................................................................................................... २३
३.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ....................................................................................................... २४
३.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ....................................................................................................... २४
३.३.९ जोखिम पक्ष तथा अनुमान ....................................................................................................... २४
**३.४ उद्योग तथा व्यापार ....................................................................................................... २४**
३.४.१ पृष्ठभूमि ....................................................................................................... २४
३.४.२ समस्या तथा चूनौति ....................................................................................................... २५
३.४.३ सोँच ....................................................................................................... २५
३.४.४ उद्देश्य ....................................................................................................... २५
३.४.५ रणनीति ....................................................................................................... २५
३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ....................................................................................................... २५
३.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ....................................................................................................... २६
३.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ....................................................................................................... २६
३.४.९ जोखिम पक्ष तथा अनुमान ....................................................................................................... २६
**३.५ पर्यटन तथा संस्कृति ....................................................................................................... २६**
३.५.१ पृष्ठभूमि ....................................................................................................... २६
३.५.२ समस्या तथा चूनौति ....................................................................................................... २६
३.५.३ सोच ....................................................................................................... २७
३.५.४ उद्देश्य ....................................................................................................... २७
३.५.५ रणनीति ....................................................................................................... २७
३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ....................................................................................................... २७
३.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ....................................................................................................... २७
३.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ....................................................................................................... २८
३.५.९ जोखिम पक्ष तथा अनुमान ....................................................................................................... २८
**३.६ भूमि व्यवस्था, बैंक तथा सहकारी ....................................................................................................... २८**
३.६.१ पृष्ठभूमि ....................................................................................................... २८
३.६.२ समस्या तथा चूनौति ....................................................................................................... २९
३.६.३ सोच ....................................................................................................... २९
३.६.४ उद्देश्य ....................................................................................................... २९
३.६.५ रणनीति ....................................................................................................... २९
३.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ....................................................................................................... २९
३.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ....................................................................................................... ३०
३.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ....................................................................................................... ३०
३.६.९ जोखिम पक्ष तथा अनुमान ....................................................................................................... ३०
**३.७ श्रम तथा रोजगारी ....................................................................................................... ३१**
३.७.१ पृष्ठभूमि ....................................................................................................... ३१
३.७.२ समस्या तथा चुनौति ....................................................................................................... ३१
३.७.३ सोच ....................................................................................................... ३१
३.७.४ उद्देश्य ....................................................................................................... ३१

३.७.५ रणनीति ........ ३१
३.७.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ३१
३.७.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ३२
३.७.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ३२
३.७.९ जोखिम पक्ष तथा अनुमान ........ ३२
**३.८ गरिबी निवारण ........ ३२**
३.८.१ पृष्ठभूमि ........ ३२
३.८.२ समस्या तथा चूनौति ........ ३३
३.८.३ सोच ........ ३३
३.८.४ उद्देश्य ........ ३३
३.८.५ रणनीति ........ ३३
३.८.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ३३
३.८.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ३४
३.८.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ३४
३.८.९ जोखिम पक्ष तथा अनुमान ........ ३४
**परिच्छेद चार : सामाजिक क्षेत्र ........ ३५**
**४.१ शिक्षा, भाषा, कला तथा साहित्य ........ ३५**
४.१.१ पृष्ठभूमि ........ ३५
४.१.२ समस्या तथा चूनौति ........ ३५
४.१.३ सोच ........ ३५
४.१.४ उद्देश्य ........ ३५
४.१.५ रणनीति ........ ३५
४.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ३६
४.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ३६
४.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ३६
४.१.९ अनुमान तथा जोखिम ........ ३७
**४.२ स्वास्थ्य तथा पोषण ........ ३७**
४.२.१ पृष्ठभूमि ........ ३७
४.२.२ समस्या तथा चूनौति ........ ३७
४.२.३ सोच ........ ३८
४.२.४ उद्देश्य ........ ३८
४.२.५ रणनीति ........ ३८
४.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ३९
४.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ३९
४.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ३९
४.२.९ जोखिमपक्ष तथा अनुमान ........ ४०
**४.३ खानेपानी तथा सरसरफाई ........ ४०**
४.३.१ पृष्ठभूमि ........ ४०
४.३.२ समस्या तथा चूनौति ........ ४०
४.३.३ सोच ........ ४०
४.३.४ उद्देश्य ........ ४०
४.३.५ रणनीति ........ ४१

४.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ....................................................................................४१
४.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ...............................................................४१
४.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण .........................................................................४१
४.३.९ जोखिमपक्ष तथा अनुमान ..............................................................................................४२
**४.४ महिला, बालबालिका तथा लक्षित वर्ग ....................................................................................४२**
४.४.१ पृष्ठभूमि ....................................................................................................................४२
४.४.२ समस्या तथा चूनौति ....................................................................................................४२
४.४.३ सोच ..........................................................................................................................४३
४.४.४ उद्देश्य ......................................................................................................................४३
४.४.५ रणनीति ....................................................................................................................४३
४.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........................................................................४३
४.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ...............................................................४४
४.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण .........................................................................४४
४.४.९ जोखिम पक्ष तथा अनुमान ............................................................................................४४
**४.५ युवा तथा खेलकुद ...........................................................................................................४५**
४.५.१ पृष्ठभूमि ....................................................................................................................४५
४.५.२ समस्या तथा चूनौति ....................................................................................................४५
४.५.४ उद्देश्य ......................................................................................................................४५
४.५.५ रणनीति ....................................................................................................................४५
४.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........................................................................४६
४.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ...............................................................४६
४.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण .........................................................................४६
४.५.९ जोखिम पक्ष तथा अनुमान ............................................................................................४६
**परिच्छेद पाँच : पूर्वाधार क्षेत्र ................................................................................................४७**
**५.१ आवास, भवन तथा बस्ती विकास .......................................................................................४७**
५.१.१ पृष्ठभूमि ....................................................................................................................४७
५.१.२ समस्या तथा चूनौति ....................................................................................................४७
५.१.३ सोच ..........................................................................................................................४७
५.१.४ उद्देश्य ......................................................................................................................४७
५.१.५ रणनीति ....................................................................................................................४७
५.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........................................................................४८
५.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ...............................................................४८
५.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण .........................................................................४८
५.१.९ जोखिम पक्ष तथा अनुमान ............................................................................................४८
**५.२ सडक, पुल तथा यातायात .................................................................................................४९**
५.२.१ पृष्ठभूमि ....................................................................................................................४९
५.२.२ समस्या तथा चूनौति ....................................................................................................४९
५.२.३ सोच ..........................................................................................................................४९
५.२.४ उद्देश्य ......................................................................................................................४९
५.२.५ रणनीति ....................................................................................................................४९
५.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........................................................................४९
५.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ...............................................................५०

५.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ..... ५०
५.२.९ जोखिम पक्ष तथा अनुमान ..... ५१
**५.३ जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा ..... ५१**
५.३.१ पृष्ठभूमि ..... ५१
५.३.२ समस्या तथा चूनौति ..... ५१
५.३.३ सोच ..... ५१
५.३.४ उद्देश्य ..... ५१
५.३.५ रणनीति ..... ५१
५.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ..... ५२
५.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ..... ५२
५.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ..... ५२
६.३.९ जोखिम पक्ष तथा अनूमान ..... ५२
**५.४ सूचना, सञ्चार तथा प्रविधि प्रवद्धन कार्यक्रम ..... ५२**
५.४.१ पृष्ठभूमि ..... ५२
५४.३ सोच ..... ५३
५.४.४ उद्देश्य ..... ५३
५.४.५ रणनीति ..... ५३
५.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ..... ५३
५.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ..... ५४
५.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ..... ५४
५.४.८ जोखिम पक्ष तथा पूर्वानूमान ..... ५४
**परिच्छेद छ : वातावरण तथा विपद् व्यवस्थापन ..... ५५**
**६.१ वन, भू-संरक्षण तथा जैविक विविधता ..... ५५**
६.१.१ पृष्ठभूमि ..... ५५
६.१.२ समस्या तथा चूनौति ..... ५५
६.१.३ सोच ..... ५६
६.१.४ उद्देश्य ..... ५६
६.१.५ रणनीति ..... ५६
६.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ..... ५६
६.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ..... ५७
६.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ..... ५७
६.१.९ जोखिम पक्ष तथा पूर्वानूमान ..... ५७
**६.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन ..... ५८**
६.२.१ पृष्ठभूमि ..... ५८
६.२.२ समस्या तथा चुनौति ..... ५८
६.२.३ सोच ..... ५८
६.२.४ लक्ष्य र उद्देश्य ..... ५८
६.२.५ रणनीति ..... ५८
६.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ..... ५८
६.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ..... ५९
६.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ..... ५९
६.२.९ जोखिम पक्ष तथा अनुमान ..... ५९

**६.३ विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन ..... ५९**
६.३.१ पृष्ठभूमि ..... ५९
६.३.२ समस्या तथा चूनौति ..... ६०
६.३.३ सोच ..... ६०
६.३.४ उद्देश्य ..... ६०
६.३.५ रणनीति ..... ६०
६.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ..... ६०
६.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ..... ६१
६.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ..... ६१
६.३.९ जोखिम पक्ष तथा अनुमान ..... ६१
**परिच्छेद सात : संस्थागत विकास तथा सुशासन क्षेत्र ..... ६२**
**७.१ नीति, कानून, न्याय तथा सुशासन ..... ६२**
७.१.१ पृष्ठभूमि ..... ६२
७.१.२ समस्या तथा चूनौति ..... ६२
७.१.३ सोच ..... ६२
७.१.४ उद्देश्य ..... ६२
७.१.५ रणनीति ..... ६२
७.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ..... ६३
७.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ..... ६३
७.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ..... ६३
७.१.९ जोखिम पक्ष तथा पूर्वानूमान ..... ६३
**७.२ संगठन, मानव संशाधन र सेवा प्रवाह ..... ६४**
७.२.१ पृष्ठभूमि ..... ६४
७.२.२ समस्या तथा चूनौति ..... ६४
७.२.३ सोच ..... ६४
७.२.४ उद्देश्य ..... ६४
७.२.५ रणनीति ..... ६४
७.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ..... ६४
७.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ..... ६५
७.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ..... ६५
७.२.९ जोखिम पक्ष तथा पूर्वानूमान ..... ६५
**७.३ राजस्व तथा स्रोत परिचालन ..... ६५**
७.३.२ समस्या तथा चूनौति ..... ६५
७.३.३ सोच ..... ६६
७.३.४ उद्देश्य ..... ६६
७.३.५ रणनीति ..... ६६
७.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ..... ६६
७.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ..... ६६
७.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ..... ६७
७.३.९ जोखिम पक्ष तथा पूर्वानूमान ..... ६७
**७.४ तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन ..... ६७**
७.४.१ पृष्ठभूमि ..... ६७

७.४.२ समस्या तथा चूनौति ........ ६७
७.४.३ सोच ........ ६८
७.४.४ उद्देश्य ........ ६८
७.४.५ रणनीति ........ ६८
७.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ६८
७.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ६८
७.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ६९
७.४.९ जोखिमपक्ष तथा पूर्वानूमान ........ ६९
अनुसूची १ : मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यदल ........ ७०
अनुसूची २ : मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन ........ ७१
अनुसूची ३ : तीन आर्थिक वर्षको खर्च तथा स्रोतको अनुमान, कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र सांकेतीकरण ........ ७८

## तालिका सूची

तालिका २.१ : मध्यमकालीन समष्टिगत आर्थिक मध्यमकालीन खाका (प्रचलित मूल्यमा) ............................ १२
तालिका २.२ : प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन नतिजा खाका ..................................... १२
तालिका २.३ : त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण (रकम रु. हजारमा) ......................................... १४
तालिका २.४ : रणनीतिक स्तम्भको आधारमा आगामी तीन वर्षको अनुमान र प्रक्षेपण (रु. हजारमा) ................. १५
तालिका २.५ : प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)............ १६
तालिका २.६ : दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)......... १६
तालिका २.७ : लैंगिक उत्तरदायी बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा) ..... १६
तालिका २.८ : जलवायु संकेतको बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा) .... १७
तालिका २.९ : नगरपालिकाका गौरवका आयोजना............................................................. १७
तालिका २.१० : आगामी तीन आ.व.को विषय क्षेत्रगत खर्चको बाँडफाटको प्रक्षेपण (रकम रु. हजारमा)............... १७

# परिच्छेद एक : परिचय

## १.१ पृष्ठभूमि

वार्षिक नीति, वजेट तथा कार्यक्रम र आवधिक योजना बीचको सन्तुलन कायम गर्नु सार्वजनिक वित्त व्यवस्थापनको क्षेत्रको महत्वपूर्ण कार्य हो। विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन जस्ता विषयहरू सार्वजनिक खर्च व्यवस्थापनका मुख्य अवयवहरू हुन् । आवधिक योजनाका लक्ष्य र उद्देश्यहरु हासिल गर्न सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ । मध्यमकालीन खर्च संरचनाले आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच अन्तरसम्बन्ध कायम गरी सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन सहयोग गर्दछ । मध्यमकालीन खर्च संरचनाले विकास योजनाको लक्षित नतिजा हासिल गर्नको निमित्त उपलब्ध स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय सुशासन जस्ता पक्षमा सुधार ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

नेपालमा मध्यमकालीन खर्च संरचनाको इतिहास हेर्दा दशौं पञ्चवर्षीय योजनाबाट शुरु भएको देखिन्छ । संघीयताको अभ्याससँगै तीन वटै तहको सरकारको अनिवार्य दायित्वका रुपमा रहेको छ ।अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले संघ, प्रदेश र स्थानीय तहले मध्यमकालीन खर्च संरचना तयार गरी कार्यान्वयन गर्न अनिवार्य गरेको देखिन्छ ।

देवचुली नगरपालिकाले मध्यमकालीन खर्च संरचना (२०७९/८०-२०८१/८२) लाई पहिलो पटक तयार गर्ने जमर्को गरेको छ। यस क्रममा नगर कार्यपालिका, विषयगत समिति, कार्यदल, विषयगत शाखा, वडा कार्यालय र सेवा केन्द्रसँग गरिएको परामर्शको निष्कर्शलाई आत्मसात गरिएकोछ । आवधिक योजना, राजस्व सुधार कार्ययोजनाको मस्यौदा, वार्षिक बजेट तथा कार्यक्रमहरु, नीति तथा कार्यक्रमसहित कार्यपालिका कार्यालयबाट उपलब्ध सूचनाको र चालु आर्थिक वर्षको वार्षिक कार्यक्रमलाई प्रमुख आधारका रुपमा लिइएको छ ।

## १.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा

मध्यमकालीन खर्च संरचना सार्वजनिक वित्त व्यवस्थापनको एक महत्वपूर्ण औजार हो । यस संरचनामा मुख्यतः समष्टिगत आर्थिक खाका, नतिजा खाका र बजेट खाका गरी तीन वटा अवयवहरु समावेश गरिएको हुन्छ । यसले सरकारसँग उपलब्ध सीमित स्रोत-साधनको वस्तुनिष्ठ आकलन गर्ने र योजनाको प्राथमिकताका क्षेत्रहरुमा मध्यम अवधिको लागि श्रोतको बाँडफाँट गर्ने गर्दछ ।

चालु आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रमको उपलब्धिको आधारमा उत्पादन, रोजगारी, आय र लगानी लगायतका परिसूचक समावेश गरी मध्यमकालीन आर्थिक खाका (Medium Term Fiscal Framework - MTFF) तयार गरिन्छ । स्थानीय तहको आन्तरिक श्रोत, संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान, आन्तरिक ऋृण तथा अन्य स्रोत समेत आकलन गरी क्षेत्रगत प्राथमिकता अनुरूप विषयगत शाखा र अन्तर्गतका निकायहरूसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कार्यक्रम तथा आयोजनागत रूपमा खर्चको अनुमान सहितको मध्यमकालीन बजेट खाका (Medium Term Budgetary Framework - MTBF) तयार गरिन्छ । यो खाका तयार गर्दा बजेटको कार्यान्वयनबाट तीन वर्षमा प्राप्त हुने प्रतिफलको अनुमान गरी मध्यमकालीन नतिजा खाका समेत (Medium Term Result Framework – MTRF) तयार गर्नु पर्दछ ।

मध्यमकालीन खर्च संरचनामा पहिलो आर्थिक वर्षमा बजेटको वास्तविक स्रोत र व्ययको अनुमान गरिएको छ भने त्यसपछिका दुई आर्थिक वर्षका लागि स्रोत र खर्चको प्रक्षेपण गरिन्छ । हरेक वर्ष पहिलो वर्षको बजेट

कार्यान्वयन पश्चात उपलब्धि समीक्षा गरी बाँकी दुई वर्षको प्रक्षेपित अनुमान परिमार्जन एवम् थप एक वर्षको बजेट प्रक्षेपण गरिन्छ । यसरी मध्यमकालीन खर्च संरचनामा चक्रीय हिसाबले प्रत्येक वर्ष तीन वर्षको बजेटको आकलन गर्नुपर्ने हुन्छ । यसप्रकार मध्यमकालीन खर्च संरचनाले बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउन महत्वपूर्ण भूमिका खेल्दछ ।

## १.३ मध्यमकालीन खर्च संरचना तयारीको उद्देश्य

यस मध्यमकालीन खर्च संरचनाको मुख्य उद्देश्य उपलब्ध स्रोत साधनलाई नीति, आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रम बीच तालमेल गराउनु र वित्तीय अनुशासन कायम गर्नु हो । यसका अतिरिक्त मध्यमकालीन खर्च संरचनाको तयारीबाट देहाय अनुसारको विशिष्ट उद्देश्य हासिल हुने अपेक्षा गरिएको छ :

(क) मध्यमकालीन खर्च संरचनालाई दिगो विकासमैत्री वनाई नेपालले निर्धारण गरेका लक्ष्य सन २०३० सम्ममा प्राप्त गर्न सहयोग गर्नु ।

ख) नगरपालिकामा उपलब्ध हुने मध्यम अवधिको आन्तरिक र बाह्य स्रोतको वास्तविक अनुमान गरी बजेट तर्जुमालाई ययार्थपरक बनाउनु ।

(ग) नीति, आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रम बीच तादाम्यता कायम गरी स्रोत-साधनको विनियोजनलाई उपलब्धिमुलक बनाउनु ।

(घ) दिगो विकास लक्ष्य हासिल गर्न प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रमको लागि स्रोतको सुनिश्चितता गर्नु ।

(ङ) सार्वजनिक खर्चलाई बढी प्रभावकारी र कुशल बनाई लक्षित प्रतिफल सुनिश्चित गर्नु ।

## १.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरु

सार्वजनिक खर्च संरचना तर्जुमा गर्दा संविधानले व्यवस्था गरेका प्रावधानहरु एवं स्थानीय तहको अधिकार क्षेत्रभित्रका आर्थिक, सामाजिक, वातावरणीय तथा राजनीतिक पक्षसँग सम्बन्धित विभिन्न नीति, ऐन, नियमको कार्यान्वयन तथा दीर्घकालीन योजना, आवधिक योजना, विषयगत रणनीतिक योजना र दीगो विकासको लक्ष्य हासिल गर्ने पक्षलाई ध्यान दिनु आवश्यक छ । यस मध्यमकालीन खर्च संरचना तयार गर्दा देहायमा उल्लिखित पक्षलाई आधार लिइएको छ :

- नेपालको संविधान
- दीगो विकासका लक्ष्यको अवस्था र मार्गचित्र (२०१५-२०३०)
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय दीर्घकालीन सोच, २१०० तथा पन्ध्रौं राष्ट्रिय योजना (२०७६/७७-२०८१/८२)
- गण्डकी प्रदेशको पहिलो आवधिक योजना (२०७६/७७-२०८१/८२)
- नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम (आ.व.२०७७/७८)
- नगरपालिकाको आवधिक योजना (२०७७/७८-२०८१/८२)
- नगरकाअन्य विषय क्षेत्रगत नीति र योजनाहरु
- स्थिति पत्र (प्रोफाईल) ।

## १.५ मध्यमकालीन खर्च संरचना र दिगो विकास लक्ष्य

दिगो विकास लक्ष्य गरिबीको अन्त्य, समग्र पर्यावरण तथा पृथ्वीको संरक्षण र सबै मानिसको शान्ति एवम् समृद्धि हासिल गर्ने उद्देश्यले संयुक्त राष्ट्र सङ्घको १५औं साधारण सभाद्वारा विश्वको साझा, दिगो र सुरक्षित भविष्यका लागि ग्रहण गरिएको विश्वव्यापी लक्ष्य हो । सहस्राब्दी विकास लक्ष्य (MDGs) मा आधारित रही तर्जुमा गरिएको दिगो विकास लक्ष्य (SDGs) मा सन् २०३० सम्ममा हासिल गर्ने गरी १७ वटा विश्वव्यापी लक्ष्यहरू, १६९ परिमाणात्मक गन्तव्य र २३२ वटा सूचक निर्धारण गरिएका छन् । यी दिगो विकास लक्ष्यहरू सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारका काम, कर्तव्य अधिकार तथा दायित्वसँग प्रत्यक्ष, परोक्ष रुपमा सम्बन्धित रहेका छन् । नेपालको दीर्घकालीन सोच समृद्ध नेपाल, सुखी नेपालीसँग सम्बन्धित राष्ट्रिय लक्ष्यहरू पनि दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित छन्; यसर्थ पनि सबै तहका सरकारहरूले दिगो विकासको लक्ष्य प्राप्तीमा योगदान गर्नुपर्ने आवश्यकता रहेको छ । यसका अतिरिक्त, दिगो विकास लक्ष्यलाई देशको आवधिक तथा वार्षिक योजनामा समाहित गरी कार्यान्वयन गर्ने प्रतिबद्धता विश्वका अन्य राष्ट्रहरूका साथै नेपालले पनि व्यक्त गरेको सन्दर्भमा दिगो विकास लक्ष्यको कार्यान्वयन नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धताका रुपमा पनि रहेको छ ।

स्थानीय सरकारहरू नागरिकका समस्या सम्बोधनमा प्रत्यक्ष संलग्न हुने तथा नागरिकहरूसँग प्रत्यक्षरुपमा जोडिएका हुने भएकाले दिगो विकास लक्ष्य प्राप्तीमा स्थानीय सरकारको भूमिका अझ बढी महत्वपूर्ण रहेको छ । उदाहरणका लागि सबै क्षेत्रबाट सबै किसिमका गरिबीको अन्त्य गर्नु दिगो विकास लक्ष्य-१ हो; यो लक्ष्य हासिल गर्ने सन्दर्भमा गरिबीमा रहेको जनसङ्ख्याको पहिचान गर्न र स्रोत तथा सार्वजनिक वित्तलाई सम्बन्धित गरिब व्यक्ति/समुदायसम्म केन्द्रित गर्न स्थानीय सरकारको भूमिका तुलनात्मक रुपमा बढी प्रभावकारी हुने भएकाले दिगो विकास लक्ष्य हासिल गर्न स्थानीय सरकारहरूको भूमिका अहम् छ । नागरिकहरूसँग प्रत्यक्ष जोडिनुका अतिरिक्त संवैधानिक अधिकार र जिम्मेवारीका हिसाबले पनि दिगो विकास लक्ष्य प्राप्तीमा स्थानीय तहहरूको भूमिका महत्वपूर्ण छ । सेवा प्रवाह र स्थानीय पूर्वाधार विकास लगायतका कार्यजिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रमा पर्ने भएकोले दिगो विकास लक्ष्य हासिल गर्न यसको स्थानीयकरण गर्ने महत्वपूर्ण अभिभारा स्थानीय तहमा रहन गएको छ । साथै, सरकारको एकल प्रयासले मात्र पनि दिगो विकास लक्ष्य हासिल गर्न सम्भव छैन । यसका लागि निजी क्षेत्र, गैरसरकारी क्षेत्र, नागरिक समाज, समुदाय, विकास साझेदार लगायत विकासका सरोकारवाला बीचमा साझेदारी हुनु पनि उत्तिकै जरुरी छ ।

दिगो विकास सम्बन्धित राष्ट्रको आर्थिक तथा सामाजिक विकास र वातावरण संरक्षणको एकीकृत अवधारणा भएकाले सदस्य राष्ट्रले दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण वा स्थानीयकरण गर्नु आवश्यक छ । अन्तर्राष्ट्रियस्तरमा सहमती भएका विकासका मुद्दामा सरकारको जिम्मेवारी पूरा गर्ने यो एउटा मुख्य माध्यम समेत हो । नेपालले चौधौं योजनादेखि नै दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गरिरहेको छ, जसअनुसार आयवृद्धि, गुणस्तरीय मानवीय पूँजी निर्माण र आर्थिक जोखिमको न्यूनीकरण गर्दै वि.सं. २०७९ सम्ममा अति कम विकसित देशबाट विकासशील देशमा स्तरोन्नति गर्ने र वि.सं. २०८७ सम्ममा दिगो विकास लक्ष्य हासिल गर्दै उच्च मध्यम आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने गरी दीर्घकालीन लक्ष्य लिइएको छ । सङ्घ, प्रदेश तथा स्थानीय स्तरमा आवधिक योजना तर्जुमा गर्दा दिगो विकास लक्ष्यहरूलाई साङ्केतीकरण गरी सम्बन्धित योजनाले दिगो विकास लक्ष्य प्राप्तीमा पुऱ्याउने योगदानको आँकलन गरी समग्र विकास उपलब्धीलाई दिगो विकासका लक्ष्य प्राप्तीतर्फ उन्मुख गराउने प्रयास हुँदै आएको छ । दिगो विकास लक्ष्यको कार्यान्वयनलाई प्रभावकारी र व्यवस्थित बनाउन प्रदेश तथा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन (नमूना) तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ । यसका अलावा, दिगो विकास लक्ष्य कार्यान्वयनलाई अझ प्रवलीकरण गर्न दिगो विकास लक्ष्य अनुकूलको स्थानीय आवधिक योजना तर्जुमा, दिगो विकास लक्ष्य अनुरुपको मध्यमकालीन खर्च संरचना, वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा, दिगो विकास लक्ष्य प्राप्तिका लागि चालु तथा पुँजीगत खर्चको

व्यवस्थापन, दिगो विकास लक्ष्य कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन र दिगो विकास लक्ष्य प्राप्तिका लागि समन्वय, सहकार्य तथा साझेदारीको आवश्यकता रहेको छ ।

सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्य प्राप्तीतर्फ उन्मुख हुने गरी लगानी नगरेसम्म दिगो विकासको अपेक्षित उपलब्धी हासिल नहुने भएकाले दिगो विकास लक्ष्य प्राप्तीमा सार्वजनिक वित्तको अहम् भूमिका रहेको छ । यसर्थ, स्थानीय तहहरूले दिगो विकास लक्ष्य प्राप्तीमा योगदान गर्न सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्यका प्राथमिकताप्राप्त क्षेत्रमा लगानी गर्नु आवश्यक हुन गएको छ । लगानीबिना दिगो विकास लक्ष्य प्राप्त हुन नसक्ने र सामाजिक, आर्थिक, भौतिक विकास र वातावरण संरक्षणमा लगानीको मुख्य स्रोत सार्वजनिक वित्त भएकाले स्थानीय तह लगायत प्रदेश र सङ्घस्तरमा समेत दिगो विकास लक्ष्य प्राप्तीमा सार्वजनिक वित्तको मुख्य भूमिका रहेको छ । दिगो विकास लक्ष्यको कार्यान्वयनका लागि वार्षिक रुपमा नेपाललाई औसत रु. २०२४.८ अर्ब आवश्यक पर्ने र यसको ५४.८ प्रतिशत सार्वजनिक क्षेत्र, ३६.५ प्रतिशत निजी क्षेत्र, ४.४ प्रतिशत घरपरिवार र ४.३ प्रतिशत सहकारी तथा गैरसरकारी क्षेत्रबाट योगदान हुने प्रक्षेपण गरिएको छ । यस आँकडाबाट पनि दिगो विकास लक्ष्य प्राप्तीमा सार्वजनिक क्षेत्र तथा सार्वजनिक वित्तको भूमिका अहम् रहेको देखिन्छ ।

सबैजसो दिगो विकास लक्ष्यहरू स्थानीय सरकारका कानुनी कार्यजिम्मेवारीभित्र र जनअपेक्षालाई संवोधन गर्ने किसिमका रहेका छन् । दिगो विकास लक्ष्य-१ (शून्य गरिबी), लक्ष्य-२ (भोकमरीको अन्त्य), लक्ष्य-८ (मर्यादित काम तथा आर्थिक बृद्धि) र लक्ष्य-१० (असमानताको न्यूनीकरण) सँग जोडिएका छन् । संविधानले स्थानीय तहहरूलाई स्थानीय बजारको व्यवस्थापन, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, सहकारी जस्ता स्थानीय आर्थिक विकासको जिम्मेवारी प्रदान गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले लघु, घरेलु तथा साना उद्योगको दर्ता तथा नियमनसम्बन्धी र स्थानीय संघ संस्था दर्ता, नियमन र परिचालनको जिम्मेवारी प्रदान गरेको छ । यसर्थ, स्थानीय सरकारका उक्त जिम्मेवारीहरू दिगो विकास लक्ष्य १, लक्ष्य २, लक्ष्य ८ र लक्ष्य १० सँग सम्बन्धित छन् ।

स्थानीय सरकारको अर्को महत्वपूर्ण कार्यक्षेत्र सामाजिक विकासको क्षेत्रमा स्थानीय तहको क्षेत्राधिकारभित्र चारवटा प्रमुख क्षेत्र पर्दछन् । यसमा आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाई, लैंगिक समानता तथा सामाजिक समावेशिता जस्ता पक्षहरू रहेका छन् । सामाजिक विकाससँग दिगो विकास लक्ष्यका चारवटा लक्ष्य, लक्ष्य-३ (स्वस्थ जीवन), लक्ष्य-४ (गुणस्तरीय शिक्षा), लक्ष्य-५ (लैंगिक समानता) र लक्ष्य-६ (स्वच्छ खानेपानी तथा सरसफाइ) का लागि आवश्यक बजेटको सुनिश्चितता गर्न मध्यमकालीन खर्च संरचनाको महत्वपूर्ण भूमिका रहेको छ ।

स्थानीय तहको अर्को कार्यक्षेत्र पूर्वाधार विकासतर्फ दिगो विकास लक्ष्य-९ (उद्योग, नवीनता एवम् पूर्वाधार), लक्ष्य ११ (दिगो शहर तथा समुदाय) र लक्ष्य ७ (धान्न सक्ने र सफा ऊर्जा) पर्दछन् । वातावरणीय दिगोपनाको सन्दर्भमा दिगो विकास लक्ष्य-१२ दिगो उत्पादन तथा उपभोग तथा उत्पादनप्रति जवाफदेहिता), लक्ष्य-१३ जलवायुसम्बन्धी कार्य), र लक्ष्य-१५ (जमिनमाथिको जीवन) जोडिएका छन् । यसरी, दिगो विकास लक्ष्य र स्थानीय सरकारका कार्यक्षेत्रमा ठूलो हदसम्म समानता रहेको छ । स्थानीय सरकारले आफ्नो प्राथमिकताका आयोजना तथा कार्यक्रममा स्रोतको सुनिश्चितता गर्न मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने कानुनी अनिवार्यता हुनु र स्थानीय सरकारका प्राथमिकताका क्षेत्रहरू दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित हुने भएकाले दिगो विकास लक्ष्य र मध्यमकालीन खर्च संरचनाबीच पनि प्रत्यक्ष सम्बन्ध रहेको छ ।

उपर्युक्त पृष्ठभूमिमा देवचुली नगरपालिकाको यस मध्यमकालीन खर्च संरचनालाई पनि दिगो विकास लक्ष्यमैत्री बनाउने प्रयास गरिएको छ । यसका लागि दिगो विकासका लक्ष्य तथा सूचकहरू र यस मध्यमकालीन खर्च

संरचनाको लक्ष्य तथा सूचकहरूबीच अधिकतम सामञ्जस्यता/एकरुपमा कायम गर्ने प्रयास छ। यसमा प्रस्तुत आर्थिक खाका तथा नतिजा खाकामा प्रस्तुत सबै सूचकहरूले प्रत्यक्ष वा परोक्ष रुपमा दिगो विकास लक्ष्यका सूचकहरूलाई कुनै न कुनै रुपमा योगदान गर्दछन् । दिगो विकास लक्ष्यको आधारमा बजेटको बाँडफाँटको अवस्था अध्ययन गरी योजना अवधिमा कुन-कुन दिगो विकास लक्ष्यमा के कति बजेट प्राप्त हुन सक्छ भनी अनुमान तथा प्रक्षेपण गरिएको छ । यस मध्यमकालीन खर्च संरचनामा प्रस्तुत विषय उपक्षेत्रगत सोच, उद्देश्य तथा रणनीतिहरू प्रत्यक्ष वा परोक्षरुपमा दिगो विकास लक्ष्यलाई नै योगदान पुऱ्याउनेखालका रहेका छन् । समस्या चुनौतीहरूको विश्लेषण गर्ने क्रममा दिगो विकास लक्ष्य हासिल गर्नमा रहेका समस्या चुनौतीहरूलाई पनि आवश्यकताअनुसार विश्लेषण गरिएको छ । दिगो विकास लक्ष्य प्राप्तीमा योगदान पुऱ्याउने आयोजना तथा कार्यक्रमहरू र दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित क्षेत्रलाई प्राथमिकीकरण गरी लगानीको सुनिश्चितता गर्ने कार्यलाई पनि यस मध्यमकालीन खर्च संरचना तर्जुमाका क्रममा विशेष ध्यान दिइएको छ । समग्रमा यस मध्यमकालीन खर्च संरचनालाई अधिकतम रुपमा दिगो विकास लक्ष्यमैत्री बनाउने प्रयास गरिएको छ ।

## १.६ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया

देवचुली नगरपालिकाले संङघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको (१) “स्थानीय तहको मध्यमकालीन खर्च संरचना दिग्दर्शन २०७८, (परिमार्जित)”, (२) “स्थानीय तहको बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको सांङ्केतीकरण स्रोत पुस्तिका, २०७९” र (३) “स्थानीयतहको दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तयार गर्न सहयोगि स्रोत पुस्तिका, २०७९” लाई आधारमानी यो दिगो विकासमैत्री मध्यमकालीन खर्च संरचना तयार गरिएको छ । मध्यमकालीन खर्च संरचना तयारीको चरण तथा प्रक्रिया देहाय बमोजिम रहेको छ :

### प्रक्रिया १ : प्राविधिक सहयोगका लागि टोली परिचालन

यस नगरपालिकाको आगामी तीन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचना तर्जुमा गर्न प्राविधिक सहयोग टोली परिचालन गरियो । प्राविधिक सहयोग टोलीबाट चालु आवधिक योजना तथा बार्षिक विकास कार्यक्रम समीक्षा विवरण तयार गर्ने, मध्यमकालीन खर्च संरचनाको अवधारणा तथा तयारी प्रक्रियाको बारेमा अभिमुखीकरण गर्ने, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति र कार्यदललाई आगामी तीन आर्थिक वर्षको स्रोत अनुमान तथा प्रक्षेपण गर्ने, विषयगत बजेट सीमा र मार्गदर्शन तयार गर्ने कार्यमा प्राविधिक सहयोग र सहजीकरण गरिएको थियो । यसैगरी विषयगत शाखा/एकाइसँग परामर्श गरी उपक्षेत्रगत रुपमा आयोजना तथा कार्यक्रमको विवरण तयार गर्ने, विषयगत नतिजा खाका समेत विषय उपक्षेत्रगत मध्यकालीन खर्च संरचना मस्यौदा तयार गर्ने, विषयगत समितिमा छलफल गर्ने, आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण र सांकेतीकरण गर्ने, समष्टिगत आर्थिक खाका, नतिजा खाका र बजेट खाका तयार गर्ने, स्रोतको मध्यमकालीन अवधिका लागि बाँडफाँट गर्ने, मध्यमकालीन खर्च संरचनाको दस्तावेज तयार गर्ने र मध्यमकालीन खर्च संरचनालाई दिगो विकास लक्ष्यमैत्री बनाउने कार्यमा प्राविधिक सहयोग टोलीबाट सहयोग र सहजीकरण गरिएको थियो ।

### प्रक्रिया २ : नीतिगत, कानूनी दस्तावेज, दिग्दर्शन एवं अन्य उपयोगी सन्दर्भ सामग्री संकलन तथा समीक्षा

स्थानीय तहको योजना, श्रोत प्रक्षेपण र सार्वजनिक वित्त व्यवस्थापनसँग सम्बन्धित नीति, कानून, दिग्दर्शन र कार्यविधि लगायतका सान्दर्भिक दस्तावेज संकलन एवं अध्ययन गरियो । दस्तावेजहरुको अध्ययनबाट मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा व्यवस्था गरिएका महत्वपूर्ण तथा सान्दर्भिक व्यवस्था पहिचान तथा विश्लेषण गरियो । यस मध्यमकालीन खर्च संरचना तयारीका लागि अध्ययन एवं समीक्षा गरिएका प्रमुख सन्दर्भ सामग्रीहरु देहायबमोजिम रहेका छन्:

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्तव्यवस्थापन ऐन, २०७४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन, २०७६ तथा नियमावली, २०७७
- अन्तर-सरकारी वित्तीय हस्तान्तरण कार्यविधि
- नेपाल सरकार तथा प्रदेश सरकारको वित्तीय हस्तान्तरणको अभ्यास
- नेपाल सरकार, प्रदेश सरकार एवं सम्बन्धित स्थानीय सरकारको वित्तीय ऐनहरु
- नेपाल सरकारको क्षेत्रगत नीति, कानून, मार्गदर्शन र मापदण्ड
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित)
- स्थानीय सरकारको बजेट तथा योजना तर्जुमा हाते किताब, २०७७
- नेपाल सरकारको दीर्घकालीन सोच, पन्ध्रौं राष्ट्रिय योजना, प्रदेश तथा नगरका आवधिक योजनाहरु
- नेपाल सरकारद्धारा जारी कोभिड १९ प्रतिकार्य एवं पुनर्लाभ सम्बन्धी निर्देशिका
- संघ तथा प्रदेशको सान्दर्भिक नीति, कानून तथा प्रतिवेदन
- देवचुली नगरपालिकाका सान्दर्भिक नीति, कानून तथा प्रतिवेदन आदि ।

### प्रक्रिया ३ : मध्यमकालीन खर्च संरचनाको ढाँचा, औजार र कार्ययोजना तर्जुमा

मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धी विधि, औजार एवं कार्ययोजना अन्तिम रुप दिन नगरपालिकामा प्रारम्भिक छलफल गरियो । यस छलफलमा नगरपालिकाका प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, विषयगत समितिका पदाधिकारी, विषयगत शाखा तथा इकाईका प्रमुखहरु तथा प्रतिनिधिको सहभागिता थियो । बैठकमा भएको छलफलका आधारमा मध्यमकालीन खर्च संरचना तयारी विधि तथा प्रक्रिया औजार र दस्तावेजको ढाँचाको प्रस्ताव तयार गरियो । साथै, बैठकमा आएका सुझाब र पृष्ठपोषणका आधारमा मध्यमकालीन खर्च संरचना तयारी कार्ययोजना तयार गरियो ।

### प्रक्रिया ४ : अभिमुखीकरण तथा प्रारम्भिक कार्यशालाको आयोजना

मध्यमकालीन खर्च संरचनाको अवधारणा, ढाँचा, प्रक्रिया, औजार र संस्थागत व्यवस्थाको सम्बन्धमा सरोकारवालासँग छलफल गरी साझा बुझाइ तयार गर्ने उद्देश्यले २०७९ जेठ २० गते एक दिवसीय अभिमूखीकरण कार्यशालाको आयोजना गरियो । सो कार्यशालामा स्थानीय सरकारका निर्वाचित जनप्रतिनिधि, शाखा प्रमुख सहित अन्य सरोकारवालाहरुको सहभागिता रहेको थियो । कार्यशालामा मध्यमकालीन खर्च संरचनाको अवधारणा, विधि तथा प्रक्रिया औजार, संस्थागत व्यवस्था र कार्ययोजना प्रस्तुति गरी यस सम्बन्धमा बुझाईमा एकरुपता कायम गरियो । सोही कार्यशालाबाट मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल गठन तथा कार्य योजनाको स्वीकृति गरियो । यसका साथैस्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समिति, कार्यदल र विषयगत/शाखाको जिम्मेबारी तथा भूमिका समेत स्पष्ट गरियो । गरी सो कार्यदलको विवरण **अनुसूची १** मा प्रस्तुत गरिएको छ ।

### प्रक्रिया ५ : विषयगत समिति तथा शाखासँग परामर्शको आयोजना

चालु आवधिक योजना, विषयगत रणनीतिक योजना र वार्षिक योजनाको उपलब्धि समीक्षाका लागि विषयगत समिति/एकाइसँग परामर्श तथा छलफल गरियो । यस परामर्शबाट प्रमुख उपलब्धि, चालु आयोजना, सालबसाली आयोजना तथा कार्यक्रम, विस्तृत आयोजना प्रतिवेदन तयार भएका आयोजना, सम्भाव्यता अध्ययन र लागत अनुमान विवरण तयार गरियो । सो छलफलबाट विषय क्षेत्रगत योजनाको सूची तयार र हरेक आयोजनाको उप-क्षेत्रगत रुपमा श्रोत आवश्यकता निर्धारण गरियो ।

### प्रक्रिया ६ : श्रोत तथा खर्चको अनुमान र त्रिवर्षीय प्रक्षेपण

राजस्व बाँडफाँट, अन्तर-सरकारी वित्तीय हस्तान्तरण लगायतका विभिन्न श्रोतबाट उपलब्ध हुने रकमलाई विगत आर्थिक वर्षहरुको श्रोतको उपलब्धताका आधारमा आगामी तीन आर्थिक वर्षको श्रोतको अनुमान तथा प्रक्षेपण गरियो भने आन्तरिक श्रोतलाई राजश्व सुधार कार्ययोजनाका आधारमा अनुमान तथा प्रक्षेपण तयार गरियो । विगत आर्थिक वर्षहरुको खर्च सहित नगर गौरवका आयोजना, चालु तथा बहुवर्षीय आयोजना र आवधिक, विषयगत क्षेत्र रणनीतिका र गुरुयोजना अनुसारका प्राथमिकता प्राप्त आयोजनाको कार्यान्वयनमा आवश्यक पर्ने श्रोतलाई मध्यनजर गरी खर्चको अनुमान तथा प्रक्षेपण गरियो । श्रोत तथा खर्च प्रक्षेपणका आधारमा तीन वर्षको बजेट सीमा निर्धारण गरियो । यसरी निर्धारण तयार बजेट सीमालाई सबै विषयगत शाखामा क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि उपलब्ध गराइयो ।

### प्रक्रिया ७ : क्षेत्रगत योजना तर्जुमा

विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि विषयगत शाखासँग छलफल तथा वैठक गरि, विषयगत शाखा/एकाइका कर्मचारी तथा विषयगत समितिका पदाधिकारीहरुको सहभागिता रहेको छलफलबाट प्रत्येक उप-क्षेत्रका आगामी तीन वर्ष सञ्चालन गरिने आयोजना तथा कार्यक्रको पहिचान गर्ने, प्राथमिकता निर्धारण गर्ने, लागत अनुमान यकिन गर्ने र आगामी तीन आर्थिक वर्षको लागि स्रोत आवश्यकता निर्धारण गरियो । यसका साथै स्थानीय रणनीतिक स्तम्भ, प्राथमिकताक्रम, दीगो विकास लक्ष्य, लैंगिक तथा जलवायु संकेतका आधारमा कार्यक्रम तथा आयोजना तथा उप-क्षेत्रको संकेतीकरण गरियो ।

### प्रक्रिया ८ : विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको दस्तावेज तयारी

उपलब्ध बजेट सीमा तथा मार्गदर्शनका आधारमा विषयगत शाखा/एकाइसँग छलफल गरी उप क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयार गरियो । उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदालाई विषयगत क्षेत्र योजना तर्जुमा कार्यशालाको निष्कर्षको आधारमा तयार गरियो । विषयगत शाखा/एकाइ उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी विषयगत क्षेत्र मध्यमकालीन संरचना तयार गरियो ।

### प्रक्रिया ९ : मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारी

विषयगत क्षेत्र मध्यमकालीन संरचना, आर्थिक खाका, नतिजा खाका र बजेट खाका समेतलाई समावेश गरी निर्धारित ढाँचामा मध्यमकालीन खर्च संरचनाको एकीकृत मस्यौदा दस्तावेज तयार गरियो । यस क्रममा मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल र बजेट तथा कार्यक्रम तर्जुमा समितिसँग रायपरामर्श गरिएको थियो । विषयगत क्षेत्र मध्यमकालीन खर्च संरचनाको विवरण, आवधिक योजना, विषयगत क्षेत्र योजना र वार्षिक विकास कार्यक्रम समीक्षाबाट प्राप्त उपलब्धि विवरण तथा आवधिक योजना, विषय क्षेत्रगत रणनीतिक र गुरुयोजनाको परिमाणात्मक लक्ष्यलाई आधार लिइएको थियो । मध्यमकालीन खर्च संरचनाको दस्तावेजमा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ (परिमार्जित) को व्यवस्था बमोजिम समष्टिगत मध्यमकालीन वित्तीय खाका, मध्यमकालीन नतिजा खाका र मध्यमकालीन बजेट खाकाको साथै विषयत क्षेत्रको स्थिति, नतिजा खाका, वित्तीय योजना र कार्यक्रम/आयोजनाको सारंस समावेश गरिएको छ ।

### प्रक्रिया १० : मध्यमकालीन खर्च संरचनाको मस्यौदा प्रस्तुति, छलफल तथा सुझाव संकलन

उल्लेखित प्रक्रियाबाट तयार गरिएको मस्यौदा मध्यमकालीन खर्च संरचनाको प्रस्तुति, छलफल तथा आवश्यक सुझाव संकलनगरिएको थियो । कार्यशालामा नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकिय अधिकृत, शाखा प्रमुखहरु तथा सम्बद्ध अन्य कर्मचारीहरुको सहभागिता थियो । उक्त कार्यशालामा मस्यौदा प्रतिवेदनका मुख्य पक्षहरु प्रस्तुति गरी आवश्यक थप सूचना तथा तथ्यांक संकलनकासाथै विषयगत क्षेत्र तथा उपक्षेत्रगत मुख्य कार्यक्रम

तथा आयोजनाहरुको विस्तृत विवरण तयार गरियो । त्यसैगरी विषय उपक्षेत्रगत कार्यक्रम तथा आयोजनाहरुको प्राथमिकिकरण तथा सांकेतिकरण समेत गरियो ।

### प्रक्रिया ११ : मध्यमकालीन खर्च संरचनाको परिमार्जित मस्यौदा तयारी

मध्यमकालीन खर्च संरचनाको मस्यौदा उपर प्राप्त पृष्ठपोषण तथा सुझावलाई समेटी मस्यौदा दस्तावेजलाई आवश्यक परिमार्जन गरियो । यस क्रममा मस्यौदा दस्तावेजमा नपुग भएका आवश्यक सूचना तथा तथ्यांकहरु विभिन्न शाखाहरुबाट संकलन गरी यस परिमार्जित मस्यौदामा समेटीएको छ ।

### प्रक्रिया १२ : मध्यमकालीन खर्च संरचनाको स्वीकृति

उपरोक्त चरण र प्रक्रिया अनुसार तयार बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको मध्यमकालीन खर्च संरचना उपर कार्यपालिकामा आवश्यक छलफल र स्वीकृति पश्चात नगर सभामा पेश गरी अनुमोदन भएको छ ।

# परिच्छेद दुईः मध्यमकालीन खर्च संरचना

## २.१ पृष्ठभूमि

सरकारले योजनावद्ध विकास र समृद्धिका लागि सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका रहन्छ । सार्वजनिक वित्त व्यवस्थापनमा विनियोजन कुशलता, कार्यान्वयन दक्षता तथा वित्तीय अनुशासनका पक्ष उत्तिकै प्रभावकारी हुनुपर्दछ । यी तीनवटै पक्षहरुमा सुधार गर्ने उपाय तथा औजारको रुपमा मध्यमकालीन खर्च संरचनालाई लिइन्छ । नेपालमा दशौं योजना देखि नै मध्यमकालीन खर्च संरचनाको तर्जुमा र कार्यान्वयन गरी प्राथमिकता प्राप्त क्षेत्रमा साधन र स्रोतको विनियोजन गर्ने पद्धतिको शुरुवात गरिएको हो ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले संघ, प्रदेश तथा स्थानीय सरकारले प्रत्येक आर्थिक वर्षमा आ-आफ्नो क्षेत्राधिकार भित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गरी आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ । ऐनले खर्चको विवरणमा चालु खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाका लागि आवश्यक पर्ने रकम समेत खुलाउनुपर्ने समेत व्यवस्था रहेको छ । उपरोक्त संवैधानिक तथा कानूनी व्यवस्था अनुसार यस नगरपालिकाले तय गरेको दीर्घकालिन सोँच सहितको प्रथम आवधिक योजना अनुसार प्राथमिकताका क्षेत्रमा साधन स्रोतको विनियोजन सहित ववार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न मध्यमकालीन खर्च संरचना आवश्यक रहेको छ ।

संविधानले आत्मसात गरेको समाजवाद उन्मुख राष्ट्र निर्माणको लक्ष्य, नेपालले लिएको दिगो विकास लक्ष्य, **समृद्ध नेपालः सुखी नेपाली**को राष्ट्रिय दीर्घकालीन सोच, पन्ध्रौं राष्ट्रिय योजना, गण्डकी प्रदेश सरकारको प्रथम आवधिक योजना र देवचुली नगरपालिकाको प्रथम आवधिक योजनाका नीति तथा कार्यक्रमलाई यस मध्यमकालीन खर्च संरचना तयारीलाई मार्गदर्शन गरेको छ । योजना तथा विकास उपलब्धिको सफलता वित्तीय संघीयताको कुशल व्यवस्थापन, तीव्र आर्थिक वृद्धि एवम् विकास कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा निर्भर रहन्छ । आर्थिक वर्ष (२०७९/८०-२०८१/८२) का लागि तुर्जमा गरिएको मध्यमकालीन खर्च संरचनाले नेपाल सरकार तथा प्रदेश सरकार र नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम र दीगो विकास लक्ष्यको मार्गचित्रलाई मुख्य आधारका रुपमा लिइएको छ ।

## २.२ चूनौति तथा अवसर

संविधानले प्रत्याभूत गरेका मौलिक हक र संविधान प्रदत्त अधिकारको कार्यान्वयन, दीगो विकास लक्ष्य, राष्ट्रिय, प्रादेशिक तथा नगर विकास योजनाको उद्देश्य हासिल गर्नु प्रमुख चुनौतिका रुपमा रहेको छ । उत्पादन, रोजगारी र आयमा समन्यायिक वृद्धि, नागरिकको जीवनस्तरमा गुणात्मक सुधार, गरिबी न्यूनीकरण गरी मर्यादित जीवनयापनको वातावरण सिर्जना गर्दै समतामूलक तथा उन्नत समाजको निर्माण गर्न कठिनाइ रहेको छ । यसका साथै विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ महाव्याधी लगायतका महामारी, वातावरणीय ह्रास र जलवायु परिवर्तनको कारण सिर्जित विपदको बढ्दो जोखिमलाई न्यूनीकरण गर्नु आवश्यक छ । नागरिकको स्वास्थ्य, शिक्षा, उत्पादन, रोजगारी र आयमा परेको नकारात्मक असरलाई न्यूनीकरण, पुनरुत्थान र उत्थानशीलता हासिल गर्दै नागरिक जीवनलाई थप सुरक्षित र परिष्कृत बनाउनु थप चूनौतिको रुपमा रहेको छ । व्यवस्थित शहरीकरण, सुबिधा युक्त र सुरक्षित बसोबास, स्वच्छ खानेपानी तथा उर्जाको उपलब्धता, सरसफाई सुबिधा र सूचना प्रविधिको क्षेत्रमा जनअपेक्षा बमोजिमको नतिजा निकाल्ने कार्य जटिल रहेको छ । कृषि तथा वनजन्य उद्यमको विविधिकरण गरी उत्पादन र उत्पादकत्वमा वृद्धिका साथै उत्पादनशील रोजगारीमा अभिवृद्धि र जनसाङ्ख्यिक लाभको उपयोग पनि नगर विकासको चूनौतिको रुपमा रहेका छन् । वित्तीय संघीयतको मर्म अनुरुप स्थानीय तहको जिम्मेवारी पुरा गर्न साधन स्रोतको अनुमान, प्राथमिकताका

क्षेत्रमा लगानी, मानव संशाधन र संस्थागत क्षमता अभिवृद्धि गर्न कठिन रहेको छ । र स्थानीय सरकारमा उपलब्ध सार्वजनिक खर्चको कुशल, समन्यायिक र नतिजामूलक व्यवस्थापन गरी विनियोजन दक्षता, कार्यान्वयन कुशलता र प्रभावकारी वित्तीय अनुशासन कायम गर्नु समेत चूनौतिपूर्ण छ ।

चुनौतिका बाबजुद संघीय शासन प्रणाली अनुसार तीनै तहमा निर्वाचित सरकारहरु क्रियाशिल हुनु, नीति, कानून, योजना र मापदण्ड निर्माणभई कार्यान्वयनमा जानु स्थानीय विकासका सकारात्मक आधारहरु हुन । स्थानीय सरकारहरु बीच दीगो विकास, उत्थानशीलता, समृद्धि र सुशासनका क्षेत्रमा प्रगति हासिल गर्ने दिशामा प्रतिस्पर्धी भावनाको विकास हुनु अहिलेका प्रमुख अवसरहरु हुन् । नगरपालिकामा स्थानीय विशेषतामा आधारित तुलनात्मक लाभका क्षेत्रको पहिचान तथा योजना निर्माण, मानव पूँजी निर्माण, सार्वजनिक सेवा प्रवाह सुधार, पूर्वाधार विकास, स्थानीय उत्पादन, रोजगारी र आयआर्जन वृद्धिका लागि सकारात्मक पहल भएको छ । अन्तर सरकार अग्रसरतामाभएका हरित र समावेशी स्थानीय अर्थतन्त्र विकास, गरिबी निवारण, प्राकृतिक, भौगोलिक, पर्यावरणीय, सामाजिक तथा सांस्कृतिक विविधताको उपयोग जस्ता कार्यहरुले अवसरको सिर्जना भएको छ ।

वैदेशिक रोजगारी तथा अध्ययनबाट फर्किएका युवामार्फत विश्वस्तरको ज्ञान, सीप, अनुभवलाई परिचालनगरी उद्यमशीलता विकास, रोजगारी उत्पादन र उत्पादकत्व वृद्धि गर्दै आर्थिक सामाजिक रुपान्तरणको दिशामा अगाडी बढ्ने समेत अवसर सिर्जना भएको छ ।

## २.३ सोच, उद्देश्य तथा रणनीति

यस मध्यमकालीन खर्च संरचना तयार गर्दा नगरपालिकाको दीर्घकालीन सोच र प्रथम पञ्चवर्षीय आवधिक योजनालाई प्रमुख आधारको रुपमा लिइएको छ । नगर विकासको सोच, लक्ष्य उद्देश्य तथा रणनीतिलाई यस मध्यमकालीन खर्च संरचनामा समावेश गरिएको छ । आवधिक योजनामा उल्लेख नभएका विवरण नगरपालिकाको विषय क्षेत्रगत रणनीतिक तथा गुरुयोजनाहरुका साथै चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम, पन्ध्रौ राष्ट्रिय योजना, लुम्बिनी प्रदेश सरकारको प्रथम आवधिक योजना एवं संघ, प्रदेश र नगरपालिकाको विषयगत नीतिले राखेका सोच, उद्येश्य र रणनीति एवं प्राथमिकतालाई समेत समावेश गरिएको छ । यस नगर विकासको समष्टिगत सोच, लक्ष्य, उद्देश्य तथा रणनीति देहायबमोजिम रहेकोछः

### २.३.१ दीर्घकालीन सोच

नगरको दीर्घकालीन सोच देहायअनुसार रहेको छ :

**'व्यवसायिक कृषि, पर्यटन र पूर्वाधार! बालमैत्री देवचुली बस्न योग्य सहर !!'**

### २.३.२ नगर विकासको लक्ष्य

सहभागितामुलक विकासका अभ्यासलाई स्थानीय आवश्यकताका आधारमा महिला तथा पछाडी पारिएका वर्ग सहित सबैतह र तप्काका नागरिकहरुलाई गुणस्तरीय शिक्षा र स्वास्थ्यको सुबिधा तथा दीगोतथा बाल, अपाङ्ग तथा महिला मैत्री पूर्वाधारको उपलब्धताबाट आर्थिक स्तर वृद्धि गर्दै र वातावरण सन्तुलन कायम राख्दै समतामूलक समृद्ध समाजको आधारशिला तयार गर्ने ।

### २.३.३ नगर विकासको उद्देश्य

१. अन्तर सरकार र बाह्य सम्बन्ध सुधार गरी पुर्वाधार विकास र व्यवस्थित बसोवासको माध्यमबाट सुरक्षाको प्रतिभूति, स्वरोजगारको अवसर सिर्जना गरी समुदायको आर्थिक समृद्धिका लागि सहयोग गर्नु,
२. समुदायको बजार र वित्तीय संस्थामा पहूच वृद्धि गरी यान्त्रिक उपकरणसहितको व्यावसायिक कृषि, पर्यटन र उद्यमशिलताको विकास मार्फत समुदायको दिगो आर्थिक विकासका साथै र आत्मनिर्भर उन्मूख बनाउनु,

३. व्यवसायिक शिक्षा, गुणस्तरीय स्वास्थ्य सेवा, सहभागितामुलककार्य पद्दती तथा विकासमा लैंगिक र समावेशी अबधारणाको अबलम्वनबाट महिला, विपन्न र सिमान्तकृत वर्गमा आधारभूत शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्ष्याको प्रत्याभूतिका साथै स्थानीय स्तरमा दक्ष्य जनशक्ति विकास गर्नु,
४. पर्यावरणीय तथा जैविक विविधताको संरक्षण, सम्बर्द्धन, सार्वजनिक जग्गा र निजी तथा कृषि वन विकास गरी समुदायको काष्ठ जन्य वस्तुको मागलाई सम्बोधन गर्दै हरियालीयुक्त नगरपालिका निर्माण गर्नु,
५. समुदायलाइ दैवी प्रकोप सम्बन्धी सचेतना अभिवृद्धि, पूर्व तयारीका साथै जलवायु परिवर्तनका असरलाई न्यूनीकरण गर्न अनुकुलनका उपायहरुको अबलम्बन गर्नु,
६. नगरपालिकाको भौतिक सरचनाका साथै दक्ष मानव श्रोतको विकास, सूचना, लेखा तथा भौतिक सामग्रीको कम्प्युटरकृत अभिलेख प्रणाली र पालिकाका सुशासनका सिद्धान्तहरुलाई अबलम्बन गरी सेवाग्राहीलाई सहज, निष्पक्ष र गुणस्तरीय सेवा प्रदान गर्नु,

### २.३.४ समष्टिगत रणनीति

नगरपालिकाको समष्टिगत लक्ष्य, उद्देश्य तथा परिमाणात्मक लक्ष्यलाई तोकिएको समयावधीमा पूर्णता दिन नगर विकास योजनाले देहायका समष्टिगत रणनीतिहरु अवलम्वन गर्नेछ ।

१. नगरपालिकालाई कृषि/पर्या पर्यटनको केन्द्रको रुपमा विकास गर्ने ।
२. अन्नबालीको विउ उत्पादन, तरकारी खेति, तथा पशुपंछी पालनलाई व्यवसायिक तथा यान्त्रिकरणको माध्यमबाट तुलानात्मक तथा प्रतिष्पर्धात्मक लाभका आधारमा विकास गर्ने ।
३. प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षण, सम्वर्द्धन र दीगो तथा उच्चतम व्यवस्थापनको नीतिगत व्यवस्थाबाट समुदायको आर्थिक विकास गर्ने ।
४. पूर्वाधार विकासको गुणस्तरीयता तथा दीगोपना कायम गर्न नीतिगत व्यवस्था र त्यसको कार्यान्वयन गर्ने ।
५. गुणस्तरीय तथा व्यवसायिक शिक्षा तथा आधारभूत स्वास्थ्य सुबिधामा नगरपालिकाका सबै नागरिकको पहुँच विस्तार गर्ने ।
६. सार्वजनिक जग्गा, नदी उकासमा वन लगाउनुका साथै निजी तथा कृषि वन विकास गरी समुदायको वन पैदावार सम्बन्धी मागलाई सम्बोधन गर्दै नगरपालिकामा हरियाली प्रर्वद्धन गर्ने ।
७. समुदायलाई वातावरण संरक्षण, फोहरमैलाको व्यवस्थापन सम्बन्धी सचेतना अभिवृद्धिगरी सरसफाईको उचित व्यबस्थापन गर्ने ।
८. जलवायु परवर्तनको असर न्यूनीनकरंण र दैविप्रकोप व्यबस्थापनका लागि वडास्तरमानै सामुदायिक दैवीप्रकोप व्यवस्थापन समितिहरु गठन गरी परिचालन गर्ने ।
९. नागरिकहरुलाई प्रत्यक्ष करको भार नपर्ने गरी आन्तरिक राजस्वका क्षेत्रको खोजि गरी तिनको दिगो परिचालन गर्ने,

## २.४ मध्यमकालीन आर्थिक खाका

नेपाल सरकारको “समृद्ध नेपाल र सुखी नेपाली” को राष्ट्रिय सोच, गण्डकी प्रदेशको “समृद्धप्रदेश र सुखी नागरिक”को सोच र देवचुली नगरपालिकाको विकासको सोच तथा लक्ष्य अनुरुप आगामी तीन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचनाको प्रमुख लक्ष्य तथा नतिजा सूचक निर्धारण गरिएको छ । सो अनुसार ३ वर्षको समष्टिगत आर्थिक लक्ष्य तालिका नं. २.१ मा प्रस्तुत गरिएको छ ।

*तालिका २.१: मध्यमकालीन समष्टिगत आर्थिक खाका* (प्रचलित मूल्यमा)

| क.सं. | सूचक/लक्ष्य | एकाई | २०७७/७८ सम्मको उपलब्धि | २०७८/७९ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| १. | वार्षिक उत्पादन | रु. लाखमा | ४७१९४ | ४९०८२ | ५०९७० | ५५०४७ | ५९४५१ |
| *१.१* | *कृषि* | *रु. लाखमा* | *२३१२५* | २४०५० | *२४९७५* | *२६९७३* | *२९१३१* |
| *१.२* | *गैर कृषि (उद्योग र सेवा)* | *रु. लाखमा* | *२४०६९* | २५०३२ | *२५९९५* | *२८०७४* | *३०३२०* |
| २. | वार्षिक औषत पारिवारिक आय | रु. हजारमा | १७४ | १८३ | १९१ | २११ | २३२ |
| ३. | उद्योग, व्यापार र व्यवसाय | संख्या | २०५४ | २०९६ | २१५० | २३०० | २८०० |
| ४. | औपचारिक क्षेत्रमा रोजगारी सिर्जना | प्रतिशत | ७४ | ७५ | ७७ | ८२ | ८८ |
| ५. | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ८३ | ८४ | ८५ | ९० | ९५ |

*स्रोत: आवधिक योजना तथा विषयगत विवरण*

## २.५ मध्यमकालीन नतिजा खाका

नेपाल सरकारको पन्ध्रौ योजना, गण्डकी प्रदेशको प्रथम आवधिक योजना तथा नगरपालिकाको वर्तमान आवधिक विकास योजनाले लिएको समष्टिगत तथा विषयगत अपेक्षित उपलब्धि हासिल गर्न सहयोग पुग्ने गरी आगामी तीन आर्थिक वर्षको समष्टिगत नतिजा खाका निर्धारण गरिएको छ । सो खाका विगत आर्थिक वर्षहरुको उपलब्धि र चालु आर्थिक वर्ष २०७८/७९ को अनुमानित उपलब्धिको आधारमा आगामी आ.व. २०७९/८० को लक्ष्य निर्धारण गरिएको छ । नतिजा खाकाको दोश्रो र तेश्रो वर्षको लक्ष्य वर्तमान आवधिक योजना र विगत वर्षहरुको उपलब्धिको आधारमा निर्धारण गरिएको छ । मध्यमकालीन समष्टिगत नतिजा खाका तालिका २.२ मा प्रस्तुत गरिएको छ :

*तालिका २.२: प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन नतिजा खाका*

| क.सं. | सूचक/लक्ष्य | एकाई | २०७७/७८ सम्मको अवस्था | २०७८/७९ सम्मको अनुमानित उपलब्धि | *मध्यमकालीन लक्ष्य* | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| १ | प्रतिव्यक्ति खाद्यान्न उत्पादन (केजी) | के.जी. | १८० | १८० | १८२ | १८५ | १९० |
| २ | आफ्नो आयको दुई तिहाइ भन्दा बढी खानामा खर्च गर्ने जनसंख्या | प्रतिशत | २२ | २२ | २० | १७ | १५ |
| ३ | आफ्नो उत्पादन र वर्षभरी खानपुग्ने परिवार | प्रतिशत | ७८ | ७८ | ७९ | ८२ | ८३ |
| ४ | कुल खेतीयोग्य भूमिमध्ये वर्षैभरी सिचाइ सुबिधा उपलब्ध जमीन | प्रतिशत | ३९ | ४० | ४२ | ४५ | ५० |
| ५ | साक्षरता दर | प्रतिशत | ८२ | ८२ | ८३ | ८४ | ८५ |
| ६ | आधारभूत तह (१-८) खुद भर्ना दर | प्रतिशत | ९२ | ९२ | ९२ | ९५ | ९७ |
| ७ | माध्यमिक तह (९-१२) खुद भर्ना दर | प्रतिशत | ७८ | ७८ | ८० | ८५ | ९० |
| ८ | संस्थागत सुत्केरी गराउने गर्भवती महिला | प्रतिशत | ७६ | ७८ | ८० | ८५ | ९३ |
| ९ | ५ वर्षमुनिको बाल मृत्युदर ( प्रतिहजार जीवित जन्म) | जना | ३९ | ३६ | ३० | २४ | १८ |
| १० | कुपोषण दर | प्रतिशत | १४ | १४ | १२ | ९ | ५ |
| ११ | आधारभूत खानेपानी सुबिधा पुगेका घरपरिवार | प्रतिशत | ९६ | ९६ | ९८ | १०० | १०० |
| १२ | जीवनमा शारिरीक तथा यौन हिंसा भोगेका महिला | प्रतिशत | १६ | १५ | १४ | ११ | ८ |

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | २०७७/७८ सम्मको अवस्था | २०७८/७९ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| १३ | विषयगत समितिमा महिला प्रतिनिधित्व | प्रतिशत | ३० | ३० | ३३ | ४० | ४५ |
| १४ | भवनसहिंता अनुसार निर्माण भएका आवास घर | प्रतिशत | ५७ | ५८ | ६० | ६५ | ७२ |
| १५ | सुरक्षित आवासमा बसोबास गर्ने जनसंख्या | प्रतिशत | ८३ | ८४ | ८५ | ९० | ९५ |
| १६ | स्वच्छ उर्जामा पहुँच प्राप्त घरपरिवार | प्रतिशत | ९७ | ९७ | ९८ | ९९ | १०० |
| १८ | इन्टरनेट र इमेल लगायत सूचना प्रविधिमा पहूँच भएका जनसंख्या | प्रतिशत | ५५ | ५७ | ६० | ७० | ७५ |
| १९ | हरियाली क्षेत्र | प्रतिशत | ८० | ८० | ८५ | ९० | ९५ |
| २० | कुल बजेटमा आन्तरिक स्रोतको हिस्सा | संख्या | ६ | ६ | ७ | ९ | १२ |
| २१ | कम्प्युटरमा अभिलेख राख्ने र विद्युतीय माध्यमबाट रिर्पोटिङ गर्ने वडाहरु | प्रतिशत | ६० | ७० | ८० | ९० | १०० |
| २२ | नीति, कानून, कार्यविधि र मापदण्ड पालना | प्रतिशत | ७५ | ८० | ८५ | ९० | ९५ |
| २३ | निर्धारित ढाँचामा त्रैमासिक रुपमा प्रगति तथा खर्चको विवरण पेश गर्ने वडा र शाखा/एकाइ | संख्या | १३ | १४ | १५ | १७ | १७ |

*स्रोतः पहिलो आवधिक योजना र विषयगत विवरण*

## २.६ मध्यमकालीन बजेट खाका

नगरपालिकाको त्रिवर्षीय बजेट खाका तर्जुमा गर्दा प्रथम आवधिक योजनाको सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता सहित वार्षिक नीति तथा कार्यक्रम, दीगो विकास लक्ष्यको मार्गचित्र, क्रमागत तथा विस्तृत अध्ययन भएका आयोजना तथा कार्यक्रम, स्थानीय प्राथमिकता, विनियोजन कुशलता, अनुमान योग्यता र वित्तीय सुशासनलाई मुख्य आधार लिइएको छ। नगरपालिकाको यस मध्यमकालीन खर्च संरचनामा वित्तीय संघीयताको कार्यान्वयन, स्थानीय आर्थिक स्थायित्व र रोजगारी, तीब्र सामाजिक तथा आर्थिक विकास र सन्तुलित विकासका लागि विकास आयोजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा जोड दिइएको छ। कोभिड १९ लगायतका महामारी र जलवायुजन्य विपद् पश्चातको सामाजिक आर्थिक पुनरुत्थानलाई प्राथमिकता दिइएको छ। महामारी र विपद्ले सिर्जना गरेका विकासका अवसरको उपयोग गर्ने विकास कार्यक्रमको तर्जुमालाई प्राथमिकता दिइएको छ।

नगर गौरवका आयोजना, चालु तथा विस्तृत अध्ययन भएका, तुलनात्मक लाभका आयोजना तथा कार्यक्रमका लागि आवश्यक रकम सुनिश्चित (Earmark) हुने गरी बजेट सीमा र सोको आधारमा विषयगत बजेट खाका तर्जुमा गरिएको छ। क्रमागत कार्यक्रम, आयोजना कार्यान्वयनको अवस्था र आगामी कार्यान्वयन योजनाको आधारमा खर्च गर्न सक्ने क्षमता तथा स्रोतको आवश्यकता एवम् उपलब्धतालाई मध्यनजर गरिएको छ। मध्यमकालीन स्रोत अनुमान गर्दा आन्तरिक आय तथा राजस्व परिचालनको विगत प्रवृत्ति, कोभिड १९ महामारी र अन्य विपदबाट स्रोत परिचालनमा परेको चाप र आगामी वर्षहरुमा पर्न सक्ने असर तथा प्रभाव, स्रोतको आवश्यकता लगायतका पक्षहरुलाई ध्यान दिइएको छ। त्रिवर्षीय खर्चको अनुमान र स्रोतको बाँडफाँट सहितको विषगत शाखा, उपशाखा, एकाईलाई प्रदान गरिएको बजेट सीमा तथा मार्गदर्शन **अनुसूची २** मा प्रस्तुत गरिएको छ।

पहिलो वर्षको खर्च संरचनाको आय तथा व्यय अनुमान गर्दा चालु आर्थिक वर्ष २०७८/७९ को संसोधित आय व्यय विवरण तथा जेठ मसान्त सम्मको उपलब्धि र आगामि आर्थिक वर्षका लागि संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान र राजस्व बाँडफाँटको सिलिङ्गलाई मुख्य आधार मानिएको छ। त्यसैगरि दोस्रो र तेस्रो वर्षको आय र खर्च प्रक्षेपण गर्दा नगरपालिकाको आवधिक विकास योजनामा उल्लेख गरेको आवधिक लक्ष्य, घोषित कार्यक्रम र सो अनुसार संचालन हुने कार्यक्रम तथा हासिल गर्ने नतिजालाई प्रमुख आधार मानिएको छ। प्रक्षेपणका क्रममा नगरपालिकाको प्राथमिकताका क्षेत्र तथा रणनीतिक महत्वका आयोजना तथा कार्यक्रमलाई प्रर्याप्त स्रोत व्यवस्था गरिएको छ।

उल्लिखित आधारलाई विश्लेषण गर्दा आगामी तीन वर्षको आवधिमा कुल बजेट रु. २ अर्ब ४९ करोड ४ लाख ५० हजार (प्रचलित मूल्यमा) रहने प्रक्षेपण गरिएको छ। यस मध्ये चालु खर्च रु १ अर्व ४० करोड ५८ लाख ५९ हजार (५६.४५ प्रतिशत) र पुँजीगत खर्च रु. १ अर्ब ८ करोड ४५ लाख ९१ हजार (४३.५५प्रतिशत) रहने प्रक्षेपण गरिएको छ। त्यसैगरी स्रोत परिचालनतर्फ आन्तरिक आयबाट रु.१० करोड ४१ लाख ७५ हजार ( ४.१८ प्रतिशत), राजस्व बाँडफाटबाट रु. ६१ करोड ४१ लाख ८४ हजार (२४.६६ प्रतिशत), रोयल्टीबाट रु. ५८ लाख ९५ हजार (००.२४ प्रतिशत) र नेपाल सरकारको वित्तीय हस्तान्तरण बाट रु. १ अर्ब ६४ करोड ६७ लाख २५ हजार (६६.१२ प्रतिशत) र प्रदेश सरकार वित्तीय हस्तान्तरणबाट रु. ११ करोड ९४ लाख ७१ हजार (४.२३ प्रतिशत) व्यहोरिने प्रक्षेपण गरिएको छ। यस सम्बन्धी विवरण तालिका २.३ मा उल्लेख गरिएको छ।

***तालिका २.३: त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण (रकम रु. हजारमा)***

| क्र.सं. | बजेटका स्रोतहरु | २०७७/७८ को यथार्थ | २०७८/७९ को अनुमान | आय अनुमान र प्रक्षेपण | | | ३ बर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० अनुमान | २०८०/८१ प्रक्षेपण | २०८१/८२ प्रक्षेपण | |
| **क.** | **राजस्व तथा अनुदान** | ८३६०३५ | ७१६५१६ | ७५०९३० | ८२७५२२ | ९११९९९ | २४९०४५१ |
| **१** | **आन्तरिक आय** | ३२५२५ | २५१०० | ३०००० | ३४५०० | ३९६७५ | १०४१७५ |
| **२** | **राजस्व बाँडफाँटबाट प्राप्त आय** | २३८२३६ | २०६६५१ | १८५५५५ | २०४११० | २२४५२० | ६१४१८४ |
| | नेपाल सरकार (भ्याट र अन्तशुल्क) | *९०७४९* | *९१११२* | *११०३७२* | *१२१४१०* | *१३३५५०* | *३६५३३१* |
| | प्रदेश सरकार (सवारी कर, घरजग्गा रजिष्ट्रेशन, मनोरञ्जन कर आदि) | *१४७४८७* | *११५५३९* | *७५१८३* | *८२७००* | *९०९७०* | *२४८८५२* |
| **३** | **रोयल्टी बाँडफाँटबाट प्राप्त राजस्व** | ० | ० | १७८१ | १९५९ | २१५५ | ५८९५ |
| | वन रोयल्टी | *०* | *०* | *१७८१* | *१९५९* | *२१५५* | *५८९५* |
| | खानी, खनिज रोयल्टी | *०* | *०* | *०* | *०* | *०* | *०* |
| | पर्वतारोहण रोयल्टी | *०* | *०* | *०* | *०* | *०* | *०* |
| | विद्युत रोयल्टी | *०* | *०* | *०* | *०* | *०* | *०* |
| | पानी तथा अन्य प्राकृतिक स्रोत | *०* | *०* | *०* | *०* | *०* | *०* |
| **४** | **नेपाल सरकार वित्तीय हस्तान्तरण** | ५४३५७९ | ४५५०१३ | ४९७५०० | ५४७२५० | ६०१९७५ | १६४६७२५ |
| | वित्तीय समानीकरण अनुदान | *१३५२००* | *१४४२००* | *१५३१००* | *१६८४१०* | *१८५२५१* | *५०६७६१* |
| | सशर्त अनुदान | *३५९०८४* | *२९५६१३* | *३१२४००* | *३४३६४०* | *३७८००४* | *१०३४०४४* |
| | समपुरक अनुदान | *३९२९५* | *६९००* | *१७०००* | *१८७००* | *२०५७०* | *५६२७०* |
| | विशेष अनुदान | *१००००* | *८३००* | *१५०००* | *१६५००* | *१८१५०* | *४९६५०* |
| **५** | **प्रदेश सरकार वित्तीय हस्तान्तरण** | २१६९५ | २९७५२ | ३६०९४ | ३९७०३ | ४३६७४ | ११९४७१ |

| क्र.सं. | बजेटका स्रोतहरु | २०७७/७८ को यथार्थ | २०७८/७९ को अनुमान | आय अनुमान र प्रक्षेपण | | | ३ बर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० अनुमान | २०८०/८१ प्रक्षेपण | २०८१/८२ प्रक्षेपण | |
| | वित्तीय समानीकरण अनदानु | १२४३८ | १७२५२ | १८२९४ | २०१२३ | २२१३६ | ६०५५३ |
| | सशर्त अनुदान | ८३८८ | ६५०० | ७८०० | ८५८० | ९४३८ | २५८१८ |
| | समपुरक अनुदान | ८६९ | ४००० | ५००० | ५५०० | ६०५० | १६५५० |
| | विशेष अनुदान | ० | २००० | ५००० | ५५०० | ६०५० | १६५५० |
| ६ | **अन्य अनुदान** | ० | ० | ० | ० | ० | ० |
| ७ | **जनसहभागिता** | ० | ० | ० | ० | ० | ० |
| **ख.** | **कुल खर्च** | ० | ३९३८९० | ७५०९३० | ८२७५२२ | ९११९९९ | २४९०४५१ |
| १ | चालु खर्च | | ३१३८७० | ४२०५२१ | ४६३४१२ | ५१०७१९ | १३९४६५३ |
| २ | पुँजीगत खर्च | | ८००२० | ३३०४०९ | ३६४११० | ४०१२८० | १०९५७९८ |

## २.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट

आगामी तीन वर्षको बजेट अनुमान र प्रक्षेपणको विभिन्न आधारमा गरिएको तुलनात्मक विवरण देहाय बमोजिम रहेको छ ।

### क. रणनीतिक स्तम्भको आधारमा बाँडफाँट

रणनीतिक स्तम्भको आधारमा आगमी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.४ मा प्रस्तुत गरिएको छ ।

*तालिका २.४ : रणनीतिक स्तम्भको आधारमा आगामी तीन वर्षको अनुमान र प्रक्षेपण (रु. हजारमा)*

| क्र.सं. | रणनीतिक स्तम्भ | आयोजना/कार्यक्रम संख्या | २०७९/८० को अनुमान | | २०८०/८१ को प्रस्तावित | | २०८१/८२को प्रस्तावित | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | कृषि/पर्या पर्यटन प्रवर्द्धन | ५ | १४२६८ | १.९० | १५७२३ | १.९० | १७३२८ | १.९० |
| २ | तुलनात्मक कृषि तथा पशुपंक्षीजन्य उत्पादनको व्यवसायीकरण र विकास | १० | ३५२९४ | ४.७० | ३८८९४ | ४.७० | ४२८६४ | ४.७० |
| ३ | प्राकृतिक र सांस्कृतिक सम्पदाको संरक्षण, सम्वर्धन र दीगो व्यवस्थापन | ३ | १८७७३ | २.५० | २०६८८ | २.५० | २२८०० | २.५० |
| ४ | पूर्वाधार संरचना गुणस्तरीय निर्माण, सञ्चालन तथा दीगोपना | १० | १८३९८० | २४.५० | २०२७४४ | २४.५० | २२३४४२ | २४.५० |
| ५ | गुणस्तरीय तथा व्यवसायिक शिक्षा तथा आधारभूत स्वास्थ्य सेवा | १४ | ३१९१४५ | ४२.५० | ३५१६९७ | ४२.५० | ३८७६०० | ४२.५० |
| ६ | वन तथा हरियाली प्रर्वद्धन | ४ | १६५२० | २.२० | १८२०५ | २.२० | २००६४ | २.२० |
| ७ | वातावरण तथा फोहोरमैला व्यवस्थापन | ३ | १८७७२ | २.५० | २०६८७ | २.५० | २२७९८ | २.५० |
| ८ | विपद जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन | १ | २२५२८ | ३.०० | २४८२६ | ३.०० | २७३६० | ३.०० |
| ९ | नीति, कानून, सुशासन, राजस्व एवम् स्रोत परिचालन र विकास व्यवस्थापन | ४ | १२१६५० | १६.२० | १३४०५९ | १६.२० | १४७७४४ | १६.२० |
| | **जम्मा** | ५४ | ७५०९३० | १००.०० | ८२७५२२ | १००.०० | ९११९९९ | १००.०० |

### ख. प्राथमिकताक्रमको आधारमा बाँडफाँट

कार्यक्रम तथा आयोजनाको प्राथमिकताक्रम बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.५ मा प्रस्तुत गरिएको छ।

*तालिका २.५ : प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)*

| प्राथमिकताक्रम | आयोजना/ कार्यक्रम संख्या | २०७९/८०को व्यय अनुमान | | २०८०/८१ को खर्च प्रक्षेपण | | २०८१/८१२को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| पहिलो प्राथमिकता (P1) | ३४ | ३५२८१४ | ४६.९८ | ३८८८०१ | ४६.९८ | ४२८४९१ | ४६.९८ |
| दोस्रो प्राथमिकता (P2) | २० | ३९८११६ | ५३.०२ | ४३८७२१ | ५३.०२ | ४८३५०८ | ५३ |
| **जम्मा** | **५४** | ७५०९३० | १०० | ८२७५२२ | १०० | ९११९९९ | १०० |

### ग. दीगो विकास लक्ष्यको आधारमा बाँडफाँट

दीगो विकास लक्ष्य बमोजिम आगामी तीन आर्थिक वर्षको व्यय अनुमान तथा प्रक्षेपण तालिका नं. २.६ मा प्रस्तुत गरिएको छ।

*तालिका २.६ : दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)*

| संकेत नम्बर | दीगो विकासका लक्ष्यहरु | आयोजना/ कार्यक्रम संख्या | २०७९/८० को व्यय अनुमान | | २०८०/८१ को खर्च प्रक्षेपण | | २०८१/८२ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | गरिबीको अन्त्य | ४ | १८७५३ | २.५० | २०६६६ | २.५० | २२७७५ | २.५० |
| २ | शून्य भोकमरी | ९ | ३६०४५ | ४.८० | ३९७२१ | ४.८० | ४३७७६ | ४.८० |
| ३ | स्वस्थ जीवन | ३ | ६७५८४ | ९.०० | ७४४७७ | ९.०० | ८२०८० | ९.०० |
| ४ | गुणस्तरीय शिक्षा | ६ | २१४०१५ | २८.५० | २३५८४४ | २८.५० | २५९९२० | २८.५० |
| ५ | लैङ्गिक समानता | ४ | ३१५०३ | ४.२० | ३४७१७ | ४.२० | ३८२६१ | ४.२० |
| ६ | स्वच्छ पानी र सरसफाइ | १ | ११२६४ | १.५० | १२४१३ | १.५० | १३६८० | १.५० |
| ७ | आधुनिक ऊर्जामा पहुँच | १ | ४५०६ | ०.६० | ४९६५ | ०.६० | ५४७२ | ०.६० |
| ८ | समावेशी आर्थिक वृद्धि र मर्यादित काम | ३ | ८६३६ | १.१५ | ९५१७ | १.१५ | १०४८८ | १.१५ |
| ९ | उद्योग नविन खोज र पूर्वाधार | ५ | १३१४१५ | १७.५० | १४४८१७ | १७.५० | १५९६०२ | १७.५० |
| १० | असमानता न्यूनीकरण | २ | ८९९२ | १.२० | ९९०९ | १.२० | १०९२१ | १.२० |
| ११ | दिगो शहर र बस्ती | ४ | ४८०५९ | ६.४० | ५२९६१ | ६.४० | ५८३६८ | ६.४० |
| १२ | दिगो उपभोग र उत्पादन | १ | १९५२ | ०.२६ | २१५२ | ०.२६ | २३७१ | ०.२६ |
| १३ | जलवायु परिवर्तन अनुकुलन | ४ | ३९१२३ | ५.२१ | ४३११३ | ५.२१ | ४७५१३ | ५.२१ |
| १४ | सामुद्रिक स्रोतको उपयोग | ० | ० | ०.०० | ० | ०.०० | ० | ०.०० |
| १५ | भूसतह स्रोतको उपयोग | ३ | ७४३४ | ०.९९ | ८१९२ | ०.९९ | ९०२९ | ०.९९ |
| १६ | शान्ति, न्याय र सबल संस्था | २ | ११३३९० | १५.१० | १२४९५६ | १५.१० | १३७७१२ | १५.१० |
| १७ | दिगो विकासको लागि साझेदारी | २ | ८२६० | १.१० | ९१०३ | १.१० | १००३२ | १.१० |
| | **जम्मा** | **५४** | **७५०९३०** | **१००.००** | **८२७५२२** | **१००.००** | **९११९९९** | **१००.००** |

### घ. लैंगिक संकेतको आधारमा बाँडफाँट

लैंगिक संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.७ मा प्रस्तुत छ।

*तालिका २.७: लैंगिक उत्तरदायी बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)*

| लैंगिक संकेत | आयोजना/ कार्यक्रम संख्या | २०७९/८० को व्यय अनुमान | | २०८०/८१ को खर्च प्रक्षेपण | | २०८१/८२ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| निर्दिष्ट | १० | ६५७३१ | ८.७५ | ७२४३६ | ८.७५ | ७९८३० | ८.७५ |
| सहयोगी | ३७ | ५४४२८० | ७२.४८ | ५९९७९५ | ७२.४८ | ६६१०२३ | ७२.४८ |
| तटस्थ | ७ | १४०९१९ | १८.७७ | १५५२९१ | १८.७७ | १७११४५ | १८.७७ |
| **जम्मा** | **५४** | ७५०९३० | १००.०० | ८२७५२२ | १००.०० | ९११९९९ | १००.०० |

### ङ. जलवायु संकेतको आधारमा बाँडफाँट

जलवायु संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.८ मा प्रस्तुत छ ।

*तालिका २.८ : जलवायु संकेतको बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)*

| लैंगिक संकेत | आयोजना/ कार्यक्रम संख्या | २०७८/७९ को व्यय अनुमान | | २०७९/८० को खर्च प्रक्षेपण | | २०८०/८१ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| निर्दिष्ट | ११ | ६४८८९ | ८.६४ | ७१५०८ | ८.६४ | ७८८०६ | ८.६४ |
| सहयोगी | १८ | ७८८१५ | १०.५० | ८६८५४ | १०.५० | ९५७२१ | १०.५० |
| तटस्थ | २५ | ६०७२२६ | ८०.८६ | ६६९१६० | ८०.८६ | ७३७४७२ | ८०.८६ |
| **जम्मा** | ५४ | ७५०९३० | १००.०० | ८२७५२२ | १००.०० | ९११९९९ | १००.०० |

### च. नगर गौरवका आयोजना

नगरपालिकाले नगरको सामाजिक आर्थिक विकास र वातावरण सन्तुलनमा महत्वपूर्ण योगदान पु-याउने रणनीतिक महत्वका आयोजनालाई नगर गौरवका आयोजनाको रुपमा प्रस्ताव गरेको छ । नगर गौरवका आयोजना तथा कार्यक्रमको आगामी आर्थिक वर्ष २०८९/८० को विनियोजन र त्यसपछिका दुई वर्षको प्रक्षेपण तालिका २.९ मा प्रस्तुत गरिएको छ ।

*तालिका २.९ : नगरपालिकाका गौरवका आयोजना*

| क्र.सं. | गौरवका आयोजना | २०७९/८० को व्यय अनुमान | २०८०/८१ को खर्च प्रक्षेपण | २०८१/८२ को खर्च प्रक्षेपण |
|---|---|---|---|---|
| १. | वौलाहा खोला पक्कि पुल निर्माण आयोजना | १६४७५ | १८१५६ | २०००९ |
| २. | वौलाह खोला, झराही खोला, मुकुण्डो खोला र लोकाहा खोल तटवन्ध आयोजना | २२५२८ | २४८२६ | २७३६० |
| ३. | भाटभटेनी चोक हुदै बाह्रकोल बेलस्वारा सडक कालोपत्रे आयोजना | ५६३५ | ६२०९ | ६८४४ |
| ४. | घुमाउरी पार्क एण्ड पिक्निक स्पट निर्माण आाजना (वडा नं. ९) | २२५३ | २४८३ | २७३६ |
| ५. | मुंडे कुमसोत सडक विस्तार आयोजना | ७०८९६ | ७८१२७ | ६८४३ |
| ६. | देवचुली डाँडामा पदमार्ग | १५०२ | १६५५ | १८२४ |
| ७. | रिंगरोड निर्माण | २१९६७ | २४२०८ | २६६७९ |
| | **जम्मा** | **१२५१०८** | **१४१२५६** | **१५५६६३** |

## २.८ विषय क्षेत्रगत बाँडफाँट

विषय क्षेत्रगत रुपमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.१० मा प्रस्तुत गरिएको छ । विषय क्षेत्रगत आधारमा तीन आर्थिक वर्षको बजेट, खर्च तथा स्रोतको अनुमान, कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र सांकेतीकरण सम्बन्धी विवरण **अनुसूची ३** समावेश गरिएको छ ।

*तालिका २.१० : आगामी तीन आ.व.को विषय क्षेत्रगत खर्चको बाँडफाटको प्रक्षेपण (रकम रु. हजारमा)*

| क्र.स. | विषय क्षेत्र | २०७९/८० को व्यय अनुमान | | | २०८०/८१ को खर्च प्रक्षेपण | | | २०८१/८२ को खर्च प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कूल | चालु | पुँजीगत | कूल | चालु | पुँजीगत | कूल | चालु | पुँजीगत |
| १ | कृषि तथा खाद्य सुरक्षा | २२५२८ | १७५४० | ४९८८ | २४८२६ | १९३२९ | ५४९७ | २७३६० | २१३०२ | ६०५८ |
| २ | सिंचाइ | ४५०६ | ४५१ | ४०५५ | ४९६५ | ४९७ | ४४६९ | ५४७२ | ५४७ | ४९२५ |
| ३ | पशु सेवा | ९०११ | ७२०९ | १८०२ | ९९३० | ७९४४ | १९८६ | १०९४४ | ८७५५ | २१८९ |
| ४ | उद्योग, व्यापार तथा व्यवसाय | ३७५५ | ३००४ | ७५१ | ४१३८ | ३३१० | ८२८ | ४५६० | ३६४८ | ९१२ |
| ५ | पर्यटन तथा संस्कृति | ९७६२ | ३०२६ | ६७३६ | १०७५८ | ३३३५ | ७४२३ | ११८५६ | ३६७५ | ८१८१ |
| ६ | भुमि व्यवस्था, सहकारी र वित्तिय सेवा | ३७५५ | ३२९९ | ४५६ | ४१३८ | ३६३५ | ५०३ | ४५६० | ४००६ | ५५४ |
| ७ | श्रम तथा रोजगारी | ९०११ | ४५०६ | ४५०६ | ९९३० | ४९६५ | ४९६५ | १०९४४ | ५४७२ | ५४७२ |

| क.स. | विषय क्षेत्र | २०७९/८० को व्यय अनुमान | | | २०८०/८१ को खर्च प्रक्षेपण | | | २०८१/८२ को खर्च प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | **कूल** | **चालु** | **पुँजीगत** | **कूल** | **चालु** | **पुँजीगत** | **कूल** | **चालु** | **पुँजीगत** |
| ८ | गरिबी निवारण | ६००७ | ३६०४ | २४०३ | ६६२० | ३९७२ | २६४८ | ७२९६ | ४३७८ | २९१८ |
| ९ | शिक्षा, विज्ञान तथा प्रविधि | २१०२६० | १६९८७२ | ४०३८८ | २३१७०६ | १८७१९८ | ४४५०८ | २५५३६० | २०६३०८ | ४९०५१ |
| १० | स्वास्थ्य तथा पोषण | ६७५८४ | ३३२०५ | ३४३७९ | ७४४७७ | ३६५९२ | ३७८८५ | ८२०८० | ४०३२७ | ४१७५३ |
| ११ | खानेपानी तथा सरसरफाइ | ११२६४ | २२५३ | ९०११ | १२४१३ | २४८३ | ९९३० | १३६८० | २७३६ | १०९४४ |
| १२ | सामाजिक संरक्षण र समावेशीकरण | ३७५४६ | ३०२६७ | ७२८० | ४१३७६ | ३३३५४ | ८०२२ | ४५६०० | ३६७५९ | ८८४१ |
| १३ | युवा, खेलकुद तथा नवप्रवर्तन | ३७५५ | २१४७ | १६०८ | ४१३८ | २३६५ | १७७२ | ४५६० | २६०७ | १९५३ |
| १४ | आवास, भवन तथा बस्ती विकास | ४५०५६ | २२५३ | ४२८०३ | ४९६५१ | २४८३ | ४७१६९ | ५४७२० | २७३६ | ५१९८४ |
| १५ | सडक तथा यातायात | १३१४१५ | २६२८ | १२८७८६ | १४४८१७ | २८९६ | १४१९२१ | १५९६०२ | ३१९२ | १५६४१० |
| १६ | जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा | ४५०६ | ९०१ | ३६०४ | ४९६५ | ९९३ | ३९७२ | ५४७२ | १०९४ | ४३७८ |
| १७ | सूचना, सञ्चार तथा प्रविधि | ३००४ | ६०१ | २४०३ | ३३१० | ६६२ | २६४८ | ३६४८ | ७३० | २९१८ |
| १८ | वन, भूसंरक्षण तथा जैविक विविधता | १६५२० | ३७६७ | १२७५४ | १८२०५ | ४१५१ | १४०५५ | २००६४ | ४५७५ | १५४८९ |
| १९ | वातावरण तथा फोहोरमैला व्यवस्थापन | ७५०८ | १६९३ | ५८१५ | ८२७४ | १८६६ | ६४०८ | ९११८ | २०५६ | ७०६२ |
| २० | विपद जोखिम व्यवस्थापन र जलवायु परिवर्तन | २२५२८ | १६८९६ | ५६३२ | २४८२६ | १८६१९ | ६२०६ | २७३६० | २०५२० | ६८४० |
| २१ | नीति, कानून, न्याय तथा सुशासन | ४५०६ | ४३२५ | १८० | ४९६५ | ४७६७ | १९९ | ५४७२ | ५२५३ | २१९ |
| २२ | संगठन, मानव संशाधन र क्षमता विकास | १०८८८५ | १०८८८५ | ० | ११९९९१ | ११९९९१ | ० | १३२२४० | १३२२४० | ० |
| २३ | राजस्व तथा राजस्व परिचालन | २२५३ | २०२८ | २२५ | २४८३ | २२३४ | २४८ | २७३६ | २४६२ | २७४ |
| २४ | तथ्याङ्क, योजना तथा विकास परिचालन | ६००७ | ६००७ | ० | ६६२० | ६६२० | ० | ७२९६ | ७२९६ | ० |
| | **जम्मा** | **७५०९३०** | **४३०३६४** | **३२०५६६** | **८२७५२२** | **४७४२६०** | **३५३२६२** | **९११९९९** | **५२२६७४** | **३८९३२५** |

आर्थिक वर्ष २०७८/७९ को अनुमानित र पछिल्लो दुई वर्षको प्रक्षेपित विषय क्षेत्रगत नतिजा, विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको विवरण, अपेक्षित उपलब्धि र विषय क्षेत्रगत अनुमानित बजेट **परिच्छेद ३** देखि **परिच्छेद ७** सम्म प्रस्तुत गरिएको छ।

# परिच्छेद तीन : आर्थिक क्षेत्र

यस परिच्छेद अन्तर्गत कृषि तथा सिंचाई, पशु विकास, सिंचाई, उद्योग तथा व्यापार, पर्यटन तथा संस्कृति, भूमि व्यवस्था तथा सहकारी र श्रम तथा रोजगारी जस्ता उप-क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

## ३.१ कृषितथा खाद्य सुरक्षा

### ३.१.१ पृष्ठभूमि

देवचुली नगरपालिकामा करीव ८० प्रतिशत घरधुरी कृषि पेशामा संलग्न रहेका छन् । जसमध्ये वडा नं. २, ३ र ४ मा करीव ४० प्रतिशत र अरु वडामा लगभग ८० प्रतिशत भन्दा बढी जनसंख्या यस पेशामा संलग्न रहेको छन् छ । परम्परागत खाद्यबाली तथा तरकारी उत्पादन मुख्य रुपमा हुने यस क्षेत्रमा उत्पादित वस्तु स्थानीय बजार र वाह्य बजारमा समेत  निर्यात हुने गरेको छ ।

उत्पादन खाद्यान्न बालीहरूमा धान, मकैं, गहुँ रहेको छ भने दलहन बालीमा बोडी, मास, मुसुरो, सानो केराउ, गहत, भटमास र तेलहन बालीमा तोरी, बदाम, तिल, रायो, सर्स्युको उत्पादन हुने गरेको छ । तरकारी खेती तर्फ आलु, फर्सी, लौका, सिमी, स्कुस, घिरौंला, रायो, बन्दा, प्याज, काउली, भिन्डी, लसुन, अदुवा, बेसार, तथा फलफुलमा आँप, हलुवावेद, खुर्सानी, आरु, रुख कटहर, कागती, अम्बा, केरा, आदि रहेको छ । नगरपालिकामा सबैभन्दा ठूलो क्षेत्रमा  खाद्यान्न, दलहन र तरकारी बाली लगाइने गरेको छ भने तुलनात्मक रुपले सानो क्षेत्रमा फलफुल लगाइने गरेको छ ।

### ३.१.२ समस्या तथा चूनौति

हिउँदमा सिचाईंको अभाव हुनु, कृषि उत्पादनको बजारीकरणको अभाव, वातावरण अनुकल उन्नत बिउ बिजन सहजरुपमा उपलव्ध नहुनु कृषि क्षेत्रका मुख्य समस्याहरु हुन् । कषिमा प्रोत्साहन तथा कृषि सामग्रीमा सहज पहुँच र प्रयोग विधिमा कृषकहरुमा आवश्यक ज्ञानको कमी, चिस्यान केन्द तथा संकलन केन्द्रको अभाव कृषि क्षेत्रका मुख्य समस्या हुन ।

### ३.१.३ सोच

“कृषिको विकास हामी सवैको रहर, आर्थिक समृद्धिको दीगो आधार”

### ३.१.४ उद्देश्य

१. परम्परागत वाट आधुनिक कृषि प्रणालीमा रुपान्तरण गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्नु ।
२. कृषि सामग्रीको सहज उपलब्धता देखि उत्पादित वस्तुको बजारीकरण र उपभोग सम्मका सबै अवयवहरूको विकास गर्नु ।
३. कृषक, कृषि सहकारी र समुदायको क्षमता अभिवृद्धि गरी उच्च मूल्य प्रजातिका कृषि उपजहरूको व्यावसायिक खेती गर्नु ।

### ३.१.५ रणनीति

१. कृषि उपजको उत्पादन र उपादकत्व वृद्धि  गरी खाद्य सुरक्षा र प्रतिस्प्रधात्मक क्षमता  विकास गर्ने,
२. कृषिमा सञ्चालिन विभिन्न खाले अनुदान र सहुलियतका कार्यक्रमहरूलाई एकीकृत गरी व्यवस्थापन गर्ने,
३. संघ, प्रदेश र निजी क्षेत्रको समेत सहकार्यमा कृषि पूर्वाधारको विकासलाई तिव्रता दिने,

### ३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | गत आ.व.सम्मको उपलब्धि | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| कृषि क्षेत्रमा रोजगारी | संख्या | ४५ | ५५ | ८० | ११० | १५० |
| तरकारी व्यवसायिक उत्पादन क्षेत्र | हेक्टर | १५० | २०० | ३०० | ३५० | ४०० |
| स्थानीय व्यवसायिक कृषि फार्म | संख्या | ९५ | १०० | ११० | १२५ | १५० |
| सक्रिय व्यवसायिक कृषक समूह | संख्य | ५० | ५२ | ५५ | ६० | ६८ |
| तरकारी उत्पादन | मे.ट | १२०० | १३०० | १४०० | १५०० | १६०० |
| कृषि उपज संकलन तथा बजार प्रवर्द्धन | केन्द्र | २ | ३ | ४ | ५ | ६ |
| कम्पोष्ट र जैविक मल उत्पादन | मे.ट. | ५ | ८ | १० | १७ | १८ |

### ३.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा कृषि तथा खाद्य सुरक्षा उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | २२५२८ | १५७७० | ६७५८ | ० | ४३४७ | १७४५९ | ७२२ | ० |
| २०८०/८१ | २४८२६ | १७३७८ | ७४४८ | ० | ४८११ | १९२२० | ७९४ | ० |
| २०८१/८२ | २७३६० | १९१५२ | ८२०८ | ० | ५३२७ | २११५९ | ८७३ | ० |

### ३.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधी, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको कृषि उपक्षेत्रको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | धान, मकै, गहुँवाली र तरकारी पकेट कार्यक्रम | धान, मकै, गहु र तराकारीमा आत्म निर्भर बनाउनु । | सालवसाली | १०५४१ | खाद्यान्न तथा तरकारी खेतीको उत्पादकत्वमा वृद्धि भई उत्पादकत्व ३०% ले बृद्बी हुनेछ । |
| २ | सामुहिक तरकारी नर्सरी निर्माण आयोजना | प्रत्यक वडामा सामुहिक तरकारीको विरुवा उत्पादन गर्नु | सालवसाली | ४००० | प्रत्यक वडामा विरुवा उत्पादन केन्द्र भइ विरुवा उत्पादनमा व्यावसायीकरण हुनेछ । |
| ३ | कृषि प्रसार, संचार, प्रविधि हस्तान्त्रण, बजारीकरण तथा नियमन कार्यक्रम | कृषिको आधुनिकिकरण गर्नु | सालवसाली | ६०१७२ | उत्पादन तथा उत्पादकत्व वृद्धि भइआयात घटनेछ । |

### ३.१.९ जोखिम पक्ष तथा अनुमान

संघीय शासन प्रणाली अनुसार तीन तह बीच नीति, कार्यक्रम बीच सामाञ्जस्यता, समन्वय र सहकार्यमा कृषि पूर्वाधार, प्रविधि तथा सीप विकास हुनेछ । वैदेशिक रोजगारबाट प्राप्त पूँजी कृषि व्यवसायमा परिचालन हुनेछ र बेरोजगार युवाहरुलाई कृषिमा आधारित व्यवसायमा आकर्षिक हुनेछन् । कृषि, प्रविधि, मल, गुणस्तरीय बीउ

तथा कृषि सामाग्री, भरपर्दो सिंचाई प्रणाली, कृषि प्रसार, कृषि भूमिको संरक्षण र एकीकृत व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ । यसैगरी कृषि क्षेत्रमा जलवायु परिवर्तन र प्रकोपको असरको जोखिम सम्भावना अधिक रहन सक्दछ ।

## ३.२ सिंचाई

### ३.२.१ पृष्ठभूमि

देवचुली नगरपालिकामा मुख्यतया भूमिगत पानीलाई सिंचाईका लागि प्रयोग गर्ने अभ्यास रहेको छ । यसको अलावा यहाँ पूर्व खेत सिंचाई आयोजना, देउसत खोला लघु सिंचाई आयोजना, टोक्रे नहर, सितावास नहर, आँपचौर खोला नहर लगायतका सिंचाई आयोजनाहरु पनि सञ्चालनमा छन् । सबै सिंचाई आयोजनाबाट करीव ४४ प्रतिशत घरधुरीले सिंचाई सुबिधा प्राप्त गरेका छन् । सबै भन्दा बढी सिंचाई सुबिधा वडा नं. ११ मा ९० प्रतिशत घरधुरीले प्राप्त गरेका छन् भने सबै भन्दा कम ५ प्रतिशत वडा नं. १ का घरधुरीले सिंचाई सुविधा प्राप्त गरेका छन् ।

### ३.२.२ समस्या तथा चुनौति

बोरिङ गरेका ठाउँहरुमा पानीको दुरुपयोग हुनु र प्रशस्त लगानीमा खनिएको बोरिङ सञ्चालनमा आउन नसक्नु प्रमुख समस्याहरु हुन् । गुणस्तर नभएका पाइपको प्रयोग हुनु, बोरिङको अपर्याप्तता, हिउँदमा सिचाँइको अभाव, नहरहरुको राम्रो व्यवस्थापन नहुनु, र सिंचाइमा नयाँ प्रविधिहरुको प्रयोग हुन नसक्नु जस्ता समस्याहरु रहेका छन् ।

### ३.२.३ सोच

“सिंचित देवचुली नगरपालिका, स्वावलम्बी र निर्यातमुखी कृषिको आधार”

### ३.२.४ उद्देश्य

१. भरपर्दो आधुनिक सिँचाई सुबिधा उपलब्ध गर्नु ।
२. नगर क्षेत्रमा सञ्चालनमा रहेका नहर तथा सिंचाई प्रणालीहरूको समुचित संरक्षण, सम्वर्द्धन र व्यवस्थापन गरेर दिगो उपयोग गर्नु ।
३. आधुनिक प्रविधिमा आधारित नयाँ आयोजनाहरूको विकास र सिंचाई सुबिधा नपुगेका क्षेत्रमा सर्वसुलभ सिंचाई सुनिश्चित गर्नु ।

### ३.२.५ रणनीति

१. कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्न भरपर्दो आधुनिक सिंचाई सुबिधा उपलब्ध गराउने ।
२. खेतीयोग्य जमिनहरुमा उपयुक्त, गुणस्तरीय र आधुनिक सिंचाई सुबिधा उपलब्ध गराउने ।
३. प्राकृतिक सिंचाईका स्रोत र मुहानहरूको संरक्षण र सम्वर्द्धन गर्ने ।
२. समथर भूभागमा भएका ठूला नहर र सिंचाई प्रणालीहरूको संरक्षण र दिगो उपयोग गर्ने ।
४. साना तथा मझौला सिंचाई आयोजना विकास र व्यवस्थापनमा अन्तर सरकार र समुदायको साझेदारी प्रवर्द्धन गर्ने ।

### ३.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणको अगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | गत आ.व.सम्मको उपलब्धि | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| थोपा सिंचाई भएको जमीन | हेक्टर | ० | ६० | १५० | १७५ | २०० |
| सुचारु सिंचाई आयोजनाहरु | संख्या | ४ | ४ | ५ | ६ | ७ |

### ३.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सिंचाईउप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ४५०६ | ९०१ | ३६०४ | ० | २१७३ | २३३२ | ० | ० |
| २०८०/८१ | ४९६५ | ९९३ | ३९७२ | ० | २४०६ | २५५९ | ० | ० |
| २०८१/८२ | ५४७२ | १०९४ | ४३७८ | ० | २६६४ | २८०८ | ० | ० |

### ३.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधी, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | डिप वोरिङ्ग तथा सिंचाई कुलो तथा अन्य संरचना निर्माण तथा मर्मत संभार कार्यक्रम | किसानलाई सिँचाई तथा डिप वोरिङ्गमा पहुँच पु्याउनु । | सालबसाली | १२४५२ | खेति योग्य जमिनको सिँचाई सुबिधा बिस्तार हुनेछ । |

### ३.२.९ जोखिम पक्ष तथा अनुमान

वैदेशिक रोजगारबाट प्राप्त पूँजी सिंचाई क्षेत्रमा विस्तार हुनेछ र वेरोजगार युवाहरुलाई कृषिमा आधारित व्यवसायमा आकर्षित हुनेछन् । प्रविधि तथा नविनतम् खोज ताथ विकास गरेर सिंचाई  व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ ।

## ३.३ पशु विकास

### ३.३.१ पृष्ठभूमि

नगरपालिकाको कुल १२,०२५ घरपरिवारमध्ये पशुपंक्षी पाल्ने घरपरिवारको संख्या ५२३७ अर्थात् ४३.६ प्रतिशत रहेको छ । पशुपालनको अभ्यासलाई हेर्दा वडा नं. ९, १० र १७ मा अधिक घरपरिवारहरूले पशुपंक्षी पालेका देखिन्छ । नगरपालिकामा पशुपंक्षी पाल्ने घरपरिवारहरू मध्ये १२०१ घरपरिवारले गाई/गोरु, २३२८ घरपरिवारले भैंसी/राँगा, ३१८२ घरपरिवारले भेडा/बाखा/च्याङ्ग्रा, ८१० घरपरिवारले बंगुर/सुंगुर, २५११ घरपरिवारले हाँस/कुखुरा र कम मात्रामा अन्य चौपाया तथा अन्य पंक्षी पाल्ने गरेको पाइन्छ । पशुपंक्षी पालनका लागि उपयुक्त हावापानी र उच्च उत्पादकत्व रहेको यस क्षेत्रमा बजारसँगका सहज पहुँच, सहज दाना उपलब्धता र सडक लगायतका पूर्वाधार रहेको छ ।

### ३.३.२ समस्या तथा चूनौति

पशुपंछिजन्य व्यवसायमा आधुनिकता तथा व्यावसायिकताको कमी, बजार अनिश्चितता, पशुकालागि चरनक्षेत्रको कमी, रोगको प्रकोप, र प्रोत्साहनको कमी मुख्य समस्याका रुपमा रहेका छन् । अनुदानमा कृषकको पहुँचमा कमी पशुपालनमा प्रयोग हुने दानाको मुल्यमा अधिकता र पशुपन्क्षीजन्य व्यवसायमा आकर्षणको कमी चुनौतिका रुपमा रहेका छन् ।

### ३.३.३ सोच

"व्यावसायिक पशुपंछी पालन देवचुली समृद्धिको आधार"

### ३.३.४ उद्देश्य

१. पशुपंछीजन्य उपजमा आत्मनिर्भर बनाउनु ।
२. पशुपंक्षीजन्य उत्पादनको व्यावसायीकरण, विविधिकरण औद्योगिकरणमा वृद्धि गर्नु ।
३. पशुपालनलाई मर्यादित, सम्मानजनक र नाफमूलक व्यवसायका रूपमा स्थापित गर्नु ।

### ३.३.५ रणनीति

१. पशुपंछि पालनलाई अत्याधुनिक तथा प्रतिष्पर्धात्मक वनाउने ।
२. पशुपंक्षीपालनका पकेट क्षेत्रहरुमा एकीकृत रुपमा पशु सेवा, सुबिधा र प्रविधि उपलब्ध गराउने ।
३. स्थानीय हावापानी, भूबनोट, प्राकृतिक स्रोत र बजारको आधारमा व्यावसायिक पकेट क्षेत्र निर्माण गर्ने ।
४. पशुपालन र सम्वन्धीत क्षेत्रका लागि व्यवस्थित पूर्वाधारहरू पीपीपी मोडलमा स्थापना र सञ्चालन गर्ने ।
५. पशुजन्य उत्पादनको प्रशोधन र गुणस्तर परीक्षण गरी उद्यमशीलता तथा बजारीकरण सुनिश्चितता गर्ने ।
६. ठूलो स्तरमा व्यावसायिक एवम् व्यवस्थित पशुपालनका लागि नगरपालिकाभित्र सम्पूर्ण पूर्वाधारसहितका पकेट क्षेत्रहरूको विकास गर्नु ।
७. पशुपालन क्षेत्रका मूल्य श्रृंखलाहरू सबलीकरण गरी रोजगारी र आयआर्जनको अवसर विस्तार गर्नु ।

### ३.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | गत आ.व.सम्मको उपलब्धि | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| व्यावसायिक पशुपालनमा संलग्न परिवार | संख्या | २५६० | २६०० | २७०० | २८०० | ३००० |
| व्यावसायिक पशुपालन फर्म | संख्या | ५५९ | ५७० | ६०० | ६५० | ७०० |
| दुध तथा दुधजन्य उत्पादन | मे.टन | ४३२० | ४५०० | ५००० | ५५०० | ६००० |
| भुइघाँसको व्यवसायिक उत्पादन क्षेत्र | हेक्टर | ६० | ८० | १०० | १३० | १५० |
| सक्रिय पशुपालन समूह | संख्या | १५ | २० | २५ | ३० | ३५ |
| पशुपंक्षिको स्वास्थ्य परीक्षणको लागि भेटनेरी क्लिनिक | संख्या | ७ | ९ | १३ | १४ | १५ |

### ३.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा पशुपालन उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ९०११ | ६३०८ | २७०३ | ० | २१७३ | ६८३८ | ० | ० |
| २०८०/८१ | ९९३० | ६९५१ | २९७९ | ० | २४०६ | ७५२५ | ० | ० |
| २०८१/८२ | १०९४४ | ७६६१ | ३२८३ | ० | २६६४ | ८२८० | ० | ० |

### ३.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधी, लागत तथाअपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | पशु स्वास्थ्य सेवा कार्यक्रम | प्राविधिक पहुँच नभएको क्षेत्रमा पशु उपचार सेवा प्रदान गर्नु | सालबसाली | ९४०४ | ७० प्रतिशत गाईभैसीमा स्वास्थ्य सुदृढ भई उत्पादन र उत्पादकत्व वृद्धि भएको हुनेछ। |
| २ | पशु आहारा व्यवस्थापन कार्यक्रम | पशु आहाराका लागि घासको बिउ निशुल्क बितरण गर्नु | २०७९/८० देखि २०८१/८२ | ८०३८ | दुध तथा मासुको उत्पादनमा ३० प्रतिशतले वृद्धि हुनेछ। |
| ३ | पशुपन्छी पकेट क्षेत्र सहयोग कार्यक्रम | पशुपन्छी पकेट क्षेत्र सुदृढिकरण गर्नु | २०७९/८० देखि २०८०/८१ | ४५०० | पकेट क्षेत्रको संख्या विस्तार भएको हुनेछ। |
| ४ | कृत्रिम गर्भाधान मिसन कार्यक्रम | गाईभैसी र बाखामा कृत्रिम गर्भाधान मार्फत नश्ल सुधार गर्नु | २०७९/८० देखि २०८०/८१ | ५९८३ | पशुको नश्ल सुधार, उन्नत पशुको संख्यामा वृद्धि भइ पशुपालन व्यवसायमा युवाको आर्कषण वढनेछ। |
| ५ | पशु विकास अन्य कार्यक्रम | पशुपंछीजन्य उत्पादनको व्यवसायीकरण तथा उत्पादकत्व वृद्धि गर्नु | २०७९/८० देखि २०८१/८२ | १९६० | वार्षिक मासु, अण्डा, दुध, माछाको उत्पादनमा वृद्धि भएको हुनेछ। |

### ३.३.९ जोखिम पक्ष तथा अनुमान

छन् तीन तह बीच नीति, कार्यक्रममा सामाञ्जस्यता, समन्वय र सहकार्यमा पूर्वाधार, प्रविधि तथा सीप विकासभएको हुनेछ। उपलब्ध पूँजीलाइ पशुपंक्षीपालन व्यवसायमा परिचालन हुनेछ। वेरोजगार युवाहरुलाई कृषिमा आधारित व्यवसायमा आकर्षिक हुनेछन्। प्रविधि, पशु चरण क्षेत्र र आहार, पशुपंक्षी उपचार एकीकृत व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ।

## ३.४ उद्योग तथा व्यापार

### ३.४.१ पृष्ठभूमि

यस क्षेत्रमा औद्योगिक विकासका लागि सडक, जलश्रोत, विद्युत तथा सञ्चारको सहज पहुँच रहेको छ। हाल घरेलु, साना उद्योग, मझौला तथा ठूला उद्योगहरु संचालनमा रहेका छन्। जस अन्तरगत कृषिमा आधारित, सेवामूलक उद्योग, संकलन तथा प्रशोधन लगायतकारहेका छन्। नगरपालिका क्षेत्र भित्र कुल ९५ वटा उद्योगहरु

र १९५० व्यवसाय हाल सञ्चालनमा रहेका छन् । जसमा चौधरी ग्रुप, क्रसर, चाउमिन, साबुन लगायतका उद्योगहरु पर्दछन् ।

### ३.४.२ समस्या तथा चूनौति

नगरपालिकाको धेरै भाग मध्यावर्ती क्षेत्र परेकोले उद्योग सञ्चालनमा समस्या उत्पन्न हुने गरेको छ । बजार मूल्यमा असमानता, अस्वस्थ बजार प्रतिस्पर्धा कम हुनु, व्यवसायीहरु नगरपालिकामा प्रक्रिया नआउनु, विद्युत् सेवाको प्रवाहका कारण उद्योग व्यवसाय सञ्चालनमा कठीनाई हुनु, उद्योग सञ्चालनमा दक्ष कामदारको कमी हुनु आदि उद्योग र व्यवसाय क्षेत्रका समस्या हुन । यसैगरी ठूला उद्योगबाट निष्कासन हुने प्रदुषित वायु र ढलको व्यवस्थापन पनि चुनौतिका रुपमा रहेका छन् ।

### ३.४.३ सोँच

"वातावरणमैत्री, व्यवस्थित उद्योग र व्यवसायको प्रवर्द्धन, देवचुलीको आर्थिक समृद्धिको शान "

### ३.४.४ उद्देश्य

१. स्थानीय कच्चा पर्दाथ, स्रोत, साधन र सीपमा आधारित उद्योग तथा व्यपारको प्रर्वद्धन गर्नु ।

२. वातावरणमैत्री औद्योगिक विकासको आधार तयार गर्नु ।

३. नगरपालिका, सहकारीहरू, समुदाय तथा निजी क्षेत्रको सहकार्यमा उद्यमशीलता प्रवर्द्धन र पुँजी निर्माण गर्नु ।

### ३.४.५ रणनीति

१. साना तथा घरेलु उद्योगहरु संचालन र प्रवर्द्धन गर्ने ।
२. उद्योगहरुलाई आवश्यक पर्ने पूर्वाधार विकासमा जोड दिने ।
३. स्थानीय कच्चा पर्दाथ, स्रोत, साधन र सीपको प्रयोग गर्दै साना तथा मझौला उद्योग तथा व्यवसायको स्थापना गरी आय वृद्धि गर्ने ।
४. दिगो तथा जिम्मेवार उत्पादन, वितरण र उपभोग अभ्यास प्रवर्द्धन र प्रोत्साहन गर्ने ।
५. पर्यटन क्षेत्रको माग अनुसारका वस्तु उत्पादन गर्ने र स्थानीय कच्चा पदार्थमा आधारित उद्योग प्रवर्द्धनमा जोड दिने ।

### ३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणमा उल्लिखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक र मध्यमकालीन लक्ष्य देहाय अनुसार प्रस्तुत गरिएकोछ :

| सूचक | एकाई | गत आ.व.सम्मको उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| औद्योगिक क्षेत्रमा रोजगारीको अवस्था | प्रतिशत | १० | १५ | १७ | २२ | ३० |
| औद्योगिक ग्रामको संख्या | संख्या | ० | १ | १ | २ | २ |
| साना तथा घरेलु उद्योग संख्या | संख्या | १० | १५ | २५ | ४० | ६० |
| वैदेशिक रोजगारबाट फर्केका युवालाइ व्यावसाय गर्न आवश्यक तालिम | जना | ० | ५० | १०० | २०० | २०० |
| हाट बजारको स्थापना तथा विस्तार | संख्या | २ | ३ | ४ | ५ | ६ |

### ३.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा उद्योग तथा व्यापार उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ३७५५ | १५०२ | २२५३ | ० | २१७३ | १५८१ | ० | ० |
| २०८०/८१ | ४१३८ | १६५५ | २४८३ | ० | २४०६ | १७३२ | ० | ० |
| २०८१/८२ | ४५६० | १८२४ | २७३६ | ० | २६६४ | १८९६ | ० | ० |

### ३.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | लघु, घरेलु, साना उद्योग प्रवद्धन तथा व्यवसाय विकास कार्यक्रम | स्थानीय सीप, कच्चा पदार्थ, अनुभव र बजारको माग अनुसारको वस्तु तथा सेवा सम्बन्धी उद्यम तथा व्यवसायको सिर्जना, विकास र स्तरोन्नति गर्नु | सालबसाली | १२४५२ | ३०० लघु, घरेलु, साना तथा मझौला उद्योग तथा व्यवसायको पहिचान, सिर्जना, विकास तथा स्तरोन्नति भएको हुनेछ। |

### ३.४.९ जोखिम पक्ष तथा अनुमान

अन्तर सरकार नीति, कार्यक्रम बीच सामाञ्जस्यता, समन्वय र सहकार्यमा पूर्वाधार, प्रविधि तथा सीप विकास हुनेछ। वैदेशिक रोजगारबाट प्राप्त पूँजी उद्योग तथा व्यवसायमा परिचालन हुनेछ र वेरोजगार युवाहरुलाई कृषि तथा गैर कृषिमा आधारित व्यवसायमा आकर्षिक हुनेछन्। उपरोक्त परिवेश तयार हुन नसके लक्ष्य हासिल गर्नमा कठिनाइ हुन सक्नेछ।

## ३.५ पर्यटन तथा संस्कृति

### ३.५.१ पृष्ठभूमि

देवचुली नगरपालिका पर्यटन विकासको सम्भावना बोकेको नगरपालिका हो। अनुपम प्राकृतिक सौन्दर्य र सांस्कृतिक विविधताका कारण यस क्षेत्र सम्पन्न रहेको छ। प्रचुर जैविक विविधता, बहुजातीय, बहुभाषीय बहुधर्म र सामाजिक विविधता एवं नगरपालिकाका हरियाली पहाडी मनोरम दृश्य यहाँको आकर्षणको रुपमा रहेको छ रुपमा रहेको छ। यस नगरपालिकामा सुन्दर हरियाली एवं प्राकृतिक मनोरम दृश्य तथा केही मठ मन्दिर तथा गुफाहरू साथै विभिन्न जातजातिहरूको संस्कृति पर्यटक आकर्षणको माध्यमहरू हुन्। वडा नं. ६ स्थित देवचुली डाँडा गुफा, वडा नं. २ स्थित सिजि शास्वत धाम, वडा नं ६ र ८ स्थित तीनकन्या माई मन्दिर, वडा १ मा रहेको शनिश्चरे ताल, वन क्षेत्र लगायतका पर्यटकीय सम्भावना बोकेका क्षेत्रहरु रहेका छन्।

### ३.५.२ समस्या तथा चूनौति

पर्यटन पूर्वाधार र संरचनाहरुको अभाव, प्रचार प्रसारको अभाव र पर्यटन सम्बन्धी जनचेतनाको कमी पर्यटन विकासका मुख्य समस्याहरु हुन्। मौलिक संस्कति लोप हुँदै गएको छ भने संरक्षणमा कमी रहेको छ। नगर

क्षेत्र भित्रका जातजातिको मौलिक सस्कृतिलाई पर्यटकीय आकर्षणको केन्द्रको रुपमा विकास गर्नु, मध्यवर्ती क्षेत्रको वनलाई पर्यटन प्रवर्द्धनमा विकास गर्नु, आन्तरिक र वाह्य पर्यटक आकर्षण गर्न सक्ने पर्यटकीय उत्पादन तयार पार्नु पर्यटन क्षेत्रका चुनौती हुन ।

### ३.५.३ सोच

"दिगो पर्यटन, आर्थिक विकासको आधार"

### ३.५.४ उद्देश्य

१. देवचुलीका धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक कला र सम्पदाहरूको संरक्षण र सम्वर्द्धन गर्नु ।

२.पर्यटन पूर्वाधारको विकास गर्नु ।

३. पर्यटन मार्फत् जनताको आय र रोजगारीमा उल्लेखनीय वृद्धि गर्नु ।

४. रैथाने कला, भाषा र संस्कृतिहरूलाई मर्यादित र सम्मानजनक रूपमा पर्यटन उद्योगसँग जोड्नु ।

### ३.५.५ रणनीति

१. आकर्षक पर्यटकीय गन्तव्यहरूमा पूर्वाधारको स्तरोन्नति गर्ने ।

२. पर्यटकिय स्थलहरुको व्यवस्थापन र विकास गरी रोजगारी र आय वृद्धि गर्ने ।

३. पर्यटन विकासका लागि उपयुक्त नीतिगत तथा संस्थागत संरचनाको स्थापना गरी परिचालन गर्ने ।

४. छिमेकी स्थानीय तहहरू, निजी व्यावसायिक संघ/संस्थाहरू र समुदायको सहकार्यमा पर्यटकीय स्थल र पूर्वाधारहरूको संरक्षण सम्वर्द्धन र विस्तार गर्ने ।

५. सबै जातजाति र धर्म सम्प्रदायहरूप्रति कुनै भेदभाव नगरी उचित सम्मान, संरक्षण र सम्वर्द्धन गर्ने ।

६. रैथाने कला (गीत नृत्य आदि) संस्कृति (पर्व, महोत्सव आदि) को समुचित व्यवस्थापन र प्रवर्द्धन गर्ने ।

७. ऐतिहासिक र पुरातात्विक सम्पदाहरूको संरक्षण र सम्वर्द्धन गर्ने ।

### ३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणमा उल्लिखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक र मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएकोछ :

| सूचक | एकाई | गत आ.व.सम्मको उपलब्धि | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| व्यवस्थित पर्यटकीय स्थान | संख्या | ४ | ५ | ६ | ७ | ८ |
| व्यवस्थित होमस्टे र पर्यटकीय नगर | संख्या | २ | ३ | ४ | ५ | ६ |
| होटलको क्षमता (वेड) | संख्या | १२० | १३० | १४० | १६० | १८० |
| कृषि पर्यटन संचालन स्थल | संख्या | ० | १ | २ | ३ | ४ |
| व्यवस्थित वनभोज तथा पार्क | संख्या | १ | २ | ३ | ४ | ५ |
| कला सङ्ग्राहलय | संख्या | ० | १ | २ | ३ | ४ |

### ३.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा पर्यटन तथा संस्कृति उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ९७६२ | २९२९ | ६८३३ | ० | २१७३ | ६८६७ | ७२२ | ० |
| २०८०/८१ | १०७५८ | ३२२७ | ७५३० | ० | २४०६ | ७५५८ | ७९४ | ० |
| २०८१/८२ | ११८५६ | ३५५७ | ८२९९ | ० | २६६४ | ८३१९ | ८७३ | ० |

### ३.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | बहुउद्देश्यीय देवचुली टावर निर्माण (गौरव) | लगानी आकर्षण तथा पर्यटकीय क्षेत्रको विकास गर्नु | २०७९/८० देखि २०८१/८२ सम्म | ५०००० | बहुतले टावरको निर्माण सम्पन्न भइ २० प्रतिशतले आन्तरिक तथा वाहृय पर्यटकहरुको आगमनमा वृद्धि हुनेछ। |
| २ | देवचुली डाँडा पदमार्ग निर्माण आयोजना | आकर्षक पर्यटकीय गन्तव्य र सांस्कृतिक सम्पदा संरक्षण तथा स्तरोन्नति गर्नु | २०७९/८० देखी २०८७/८८ सम्म | १०००० | पर्यटन मार्फत् जनताको आय र रोजगारीमा उल्लेखनीय वृद्धि हुनेछ। |
| ३ | घुमाउरी पार्क एण्ड पिक्निक स्पट निर्माण आयोजना (गौरवका आयोजना) | आकर्षक पर्यटकीय गन्तव्यहरू तथा सास्कृर्तिक सम्पदाहरुको पूर्वाधार स्तरोन्नति गर्नु | २०७९/८० देखी २०८७/८८ सम्म | ३५४१६ | पर्यटन मार्फत् जनताको आय र रोजगारीमा उल्लेखनीय वृद्धि हुनेछ। |
| ४ | पर्यटन प्रवर्द्धन अन्य कार्यक्रम | नगरपालिकालाइ आर्कषक प्रर्यटकीय क्षेत्रको रुपमा विकास गर्नु | सालबसाली | ५५०० | देवचुली नगरपालिका एक उत्कृष्ट पर्यटकीय गन्तब्यको रुपमा विकास हुनेछ। |

### ३.५.९ जोखिम पक्ष तथा अनुमान

पर्यटन क्षेत्रको विकासमा अन्तर सरकार एवम् समुदायको अग्रसरतामा वृद्धि भएको हुनेछ। कोभिड १९ लगायतको महामारीको प्रकोप निस्तेज भएको हुनेछ। पर्यटकीय आर्कषणका लागि थप सुबिधाको विकास भएको हुनेछ। उपरोक्त अवस्थाको सिर्जना हुन नसकेमा लक्ष्य हासिल गर्न कठिनाइ हुनेछ।

## ३.६ भूमि व्यवस्था, बैंक तथा सहकारी

### ३.६.१ पृष्ठभूमि

संघीय सरकारसँगको समन्वयमा अव्यवस्थित बसोवासी तथा सुकुम्बासी लगायतका भूस्वामित्वसँग सम्बन्धित समस्याको पहिचान र समाधानका लागि सुरुवात भएको छ।देवचुली नगरपालिका भित्र १५ वटा बैंक स्थापना भइ सेवा प्रबाह गरिरहेका छन्। बैंकछन् त्यसैगरी २३ सहकारी संस्थाहरु सञ्चालनमा रहेका छन्। बैंक, वित्तीय संस्था तथा सहकारीले कृषि तथा गैर कृषि क्षेत्रमा लगानी गरेका छन्। नगरपालिकामा रहेका कुल १२,०२५ घरपरिवार मध्ये ८०.८ प्रतिशत घरपरिवारको बैङ्क खाता रहेको देखिन्छ। औपचारिक क्षेत्रबाट हुने कारोवारको प्रचलनमा वृद्धि हुँदै गएको छ।

### ३.६.२ समस्या तथा चूनौति

अव्यवस्थित बसोवास तथा सुकुम्बासी लगायतका भूस्वामित्वसँग सम्बन्धित समस्याको पहिचान र समाधान हुन सकेको छैन । यस क्षेत्रमा कुल १३०८ घरधुरी भूमिहीन सुकुम्बासीहरु रहेका छन् । आर्थिक तथा समाजिक रुपमा पछाडि परेको वर्गमा बैंक तथा वित्तीय संस्थाको पहुँच कम हुनु, ऋण प्राप्तिमा प्रशासनिक झंझट बढी हुनु, सहकारी संस्थाहरुको लगानी परिचालन व्यवस्थित नहुनु, ग्रामीण क्षेत्रका सेवाग्राहीमा मौद्रिक पहुँच कम हुनु, सहकारी संस्थाको ऋण परिचालन भरपर्दो नहुनु आदि बैंक, वित्तीय संस्था तथा सहकारीका समस्या हुन् । ग्रामीण क्षेत्रका कृषकले सहज रुपमा ऋण प्राप्त गर्नु, सहकारीको व्यवस्थापनलाई चुस्त र प्रभाबकारी बनाउनु, कृषि क्षेत्रमा लगानी परिचालन बढाउनु, अनौपचारिक क्षेत्रमा हुने मौद्रिक कारोबारलाई व्यवस्थित बनाउनु यस क्षेत्रका चुनौती हुन ।

### ३.६.३ सोच

"सहज वित्तीय पहुँच, स्थानीय विकासको आधार"

### ३.६.४ उद्देश्य

१. भूमिसँग सम्बन्धित समस्याको समाधान गर्नु,

२. कृषि तथा औद्योगिक विकासमा वित्तीय लगानीलाई केन्द्रित गर्नु

३. अनौपचारिक क्षेत्रको मौद्रिक कारोवारलाई औपचारिक क्षेत्रको दायरामा ल्याउनु,

४. सहुलियतपूर्ण कर्जा र अनुदान योजनाहरूको पहुँच वृद्धि गर्न सहजीकरण गर्नु ।

### ३.६.५ रणनीति

१. अव्यवस्थित बसोवासी तथा सुकुम्बासी लगायतका भूस्वामित्वसँग सम्बन्धित समस्याको समाधान गर्न संघीय सरकारसँग समन्वय गर्ने ।

२. अनौपचारिक क्षेत्रको मौद्रिक कारोवारलाई औपचारिक क्षेत्रको दायरामा ल्याउने ।

३. आर्थिक रुपमा पिछडिएका समुदायलाई विमा कार्यक्रम मार्फत आर्थिक सवलीकरणको सुनिश्चित गर्ने ।

४. सहुलियतपूर्ण कर्जा र अनुदान योजनाहरूको पहुँच वृद्धि गर्न सहजीकरण गर्ने ।

५. सहकारीको पुँजी र लगानी व्यावसायिक कृषि, पर्यटन र उत्पादन तथा प्रशोधन क्षेत्रमा परिचालन गर्न सहयोग गर्ने ।

६. कृषि तथा औद्योगिक विकासमा वित्तीय लगानीलाई केन्द्रित गर्ने ।

७. कृषि तथा उद्योग क्षेत्रको विकासलाई टेवा पुग्ने गरी वित्तीय लगानी केन्द्रित गर्ने ।

८. संघीय सरकार र नेपाल राष्ट्र बैंकले प्रवर्द्धन गरेका सहुलियतपूर्ण कर्जा सुबिधा र ब्याजदर अनुदानका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा सहयोग र सहजीकरण गर्ने ।

९. स्थानीय सहकारीहरूको उचित सम्वर्द्धन, नियमन, व्यवस्थापन र क्षमता विकासका माध्यमबाट वित्तीय साक्षरता, पुँजी निर्माण र उद्यमशीलता विकासमा सहयोग गर्ने ।

१०. सहकारी संस्थाको क्षमता विकास र उत्पादनशील क्षेत्रमा परिचालन गर्ने

### ३.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | गत आ.व.सम्मको उपलब्धि | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| आर्थिक रुपमा पछाडि परेका समुदाय लक्षित विमामा सहभागि | घरधुरी | ० | १०० | २०० | ३०० | ४०० |
| सवल तथा आत्मनिर्भर सहकारी संस्था | संख्या | २३ | २४ | २४ | २५ | २६ |
| सहकारीमा पहुँच (३० मिनेट पैदल यात्रामा सहकारीमा पहुँच भएका परिवार) | प्रतिशत | ७० | ८० | ९० | ९५ | १०० |
| वित्तीय पहूँचदेखि बाहिर रहेका परिवार | प्रतिशत | ५ | ४ | ३ | २ | ० |

### ३.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा भूमि व्यवस्था, तथा सहकारी उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ३७५५ | २६२८ | ११२६ | ० | ४३५ | ३३२० | ० | ० |
| २०८०/८१ | ४१३८ | २८९६ | १२४१ | ० | ४८१ | ३६५६ | ० | ० |
| २०८१/८२ | ४५६० | ३१९२ | १३६८ | ० | ५३३ | ४०२७ | ० | ० |

### ३.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | भूमिहीन सुकुम्बासी व्यवस्थापन कार्यक्रम | लक्षित वर्गलाइ बसोबास तथा जिविकोपार्जनका लागि जग्गाको व्यवस्थापन गर्नु | सालवसाली | ९७८० | १३०८ घरधुरी भूमिहीन सुकुम्बासीले जग्गाको धनीपुर्जा प्राप्त गरेका हुने छन् । |
| २ | सहकारी विकास तथा वित्तीय सेवा प्रबर्द्धन कार्यक्रम | सामाजिक आर्थिक र सांस्कृतिक विकास गर्नु | सालवसाली | २६७२ | ४८ वटा सहकारी संस्थाको क्षमता विकास भै सबै सहकारीका सदस्य लाभान्वित हुनेछन् । |

### ३.६.९ जोखिम पक्ष तथा अनुमान

नगरवासीहरुमा वित्तीय साक्षरताका अवसरहरु उपलब्ध हुनेछ । बैंक, वित्तीय संस्था एवम् सहकारी संस्थाहरु उत्पादनमूलक, व्यवसायमूलक कार्य तथा स्थानीय उत्पादनको बजारीकरण बढी क्रियाशिल हुनेछन् । यस्ता संस्थाहरुको खराब कर्जा न्यून जोखिम भएको हुनेछ। नगरपालिकासँगको वित्तीय सहकार्यमा कृषि तथा उद्योग क्षेत्रमा सहुलियत ऋण लगानी गर्न सकिनेछ। आमा समुह जस्ता अनौपचारिक क्षेत्रमा मैद्रिक कृयाकलाप गर्ने समुहलाई पालिकाको दायरामा ल्याउन सके रोजगारीका अवसरहरु अभिवृद्धि गर्न सकिने, सहकारीहरुलाई मर्जिङका माध्यमवाट थप शसक्त वनाउन सकिने, सहकारीलाई नगरपालिकाले विकासको साझेदारका रुपमा विकास गर्न सकिनेछ ।

## ३.७ श्रम तथा रोजगारी

### ३.७.१ पृष्ठभूमि

देवचुली नगरपालिका नेपालको राजधानी शहर काठमाण्डौंबाट करिब १५० कि.मी.को दुरीमा देशकै मध्य भागमा अवस्थित नवलपरासी जिल्लाको नवलपुर क्षेत्रमा रहेकोछ। यस क्षेत्रको युवा श्रमशक्तिको ठूलो हिस्सा अध्ययन र बैदेशिक रोजगारीमा रहेको छ। कुल १२०२५ घरपरिवारहरु मध्ये ४७२५ घरपरिवारहरुको आम्दानीको श्रोत कृषि, पशुपालन, माछापालन, मौरीपालन रहेको छ। यसैगरी वैदेशिक रोजगारीबाट ३७२०, नोकरीवाट ३३०५, ब्यापार ब्यवसायवाट १९८७ घरपरविारहरुले आफ्नो जिविकोपार्जनको मुख्य श्रोतका रुपमा रहेकोछ।

### ३.७.२ समस्या तथा चुनौति

आर्थिक क्षेत्रमा कोभिड महामारी र राष्ट्रिय रुपमा देखा परेको आर्थिक गतिबिधिमा देखा परेको सिथिलताका कारण रोजगारीको क्षेत्र संकुचित भएको छ। वैदेशिक रोजगारी लगायत वाह्य क्षेत्रको रोजगारीमा आर्कषण कायमै रहेको छ। युवा जनशक्ति विदेश पलायन हुने र स्थानीय उद्योग व्यवसाय अन्यत्रका श्रमिकमा भर पर्नु अवस्था कायमनै छ। नगरपालिकामा उद्योग, व्यवसाय, पूर्वाधार र यस सम्बन्धी सेवा तथा सुबिधाको व्यवस्था हुन सकेको छैन। जनशक्ति विकासका लागि रोजगारमूलक तालिम र नयाँ प्रविधिको अनुकूल हुने गरीक्षमता विकासका अवसरहरुमा कमी रहेको छ। कम आय भएका र स्थायी सम्पत्ति नभएका परिवार र व्यक्तिका लागि वित्तीय सेवा तथा कर्जा प्रवाह पहुँच पुग्न सकेको छैन। नगर क्षेत्रमा बसोबास गर्ने नगरबासीहरुमा रहेको श्रमशक्ति परिचालन गरी रोजगारी प्रदान गर्न सकिएको छैन। गरिब र धनी बीचको खाडल व्यापक हुँदै गएको छ भने गरिबीका कारण अन्य क्षेत्रबाट अवसरको खोजीमा बसाई सरेर आउनेहरुको संख्या अधिक रहेको छ।

### ३.७.३ सोच

"उत्पादन, रोजगारी र आयमा वृद्धितथा गरिवी न्युनीकरण"

### ३.७.४ उद्देश्य

१. श्रम बजारका लागि आवश्यक, पेशा, सीप, दक्षताको विकास गर्नु,

२. वैदेशिक रोजगारी गएर फर्किएका व्यक्ति ज्ञान, सीप, अनुभव र विप्रेषणलाई उत्पादनशील काममा लगाउनु,

३. श्रम बजारलाई दिगो, समावेशी र मर्यादित बनाउँदै युवा जनशक्तिलाई बजार मागअनुरूपका जनशक्ति निर्माण गर्नु।

### ३.७.५ रणनीति

१. संघ प्रदेश र निजी क्षेत्रसँगको सहकार्यमा रोजगार वृद्धि र गरिबी निवारणलाई प्रभाबकारी गराउने।

२. युवा तथा शैक्षिक बेरोजगारलाई प्राथमिकतामा राखी स्वरोजगार संलग्न स्थानीय युवा उद्यमीलाई प्रोत्साहन गर्ने।

३. संघ तथा प्रदेश सरकारसँगको सहकार्यका स्थानीय श्रम बजारलाई मर्यादित र दीगो बनाउन नीतिगत र संस्थागत सुधार गर्ने।

४. विप्रेषण पूँजी परिचालनको लागि स्थानीय स्तरमा रोजगारी तथा व्यवसायमा लगानीको प्रोत्साहन गर्ने।

### ३.७.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएकोछ :

| सूचक | एकाई | गत आ.व. सम्मको उपलब्धि | चालु आ.व. सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित आयोजना | संख्या | १७ | १८ | २० | २५ | ३० |
| कार्यक्रमबाट सिर्जित रोजगारी | कार्यदिन | १०० | १२० | १५० | १७५ | २०० |

### ३.७.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा श्रम, रोजगार तथा गरिबी निवारण उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ९०११ | ३६०४ | ५४०७ | ० | २१७३ | ६७९३ | ४५ | ० |
| २०८०/८१ | ९९३० | ३९७२ | ५९५८ | ० | २४०६ | ७४७५ | ५० | ० |
| २०८१/८२ | १०९४४ | ४३७८ | ६५६६ | ० | २६६४ | ८२२६ | ५५ | ० |

### ३.७.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधी, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना/उपक्षेत्र | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | प्रधानमन्त्री रोजगार तथा अन्य रोजगार प्रवद्धन कार्यक्रम | बेरोजगारलाई मौसमी रोजगार प्रदान गरी वार्षिक आयमा वृद्धि गर्नु | सालवसाली | २९८८५ | न्यून आय भएका वार्षिक १०० जना विपन्न व्यक्तिले मौसमी रोजगार प्राप्त गर्नेछन् । |

### ३.७.९ जोखिम पक्ष तथा अनुमान

रोजगारी सम्बन्धी व्यवहारिक नीति तथा कार्यक्रम तर्जुमा भई कार्यान्वयन हुनेछ । नगरपालिकामा रोजगार सम्बन्धी अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन योजना तर्जुमा हुनेछ । गरिबी निवारणमा अन्तरसरकार साझेदारीमा वृद्धि भएको हुनेछ । रोजगार प्रवर्द्धन नीति तथा कार्यक्रममा निरन्तरता नभएका यसबाट अपेक्षा गरिएको नतिजा हासिल नहुने जोखिम रहेको छ। रोजगारको स्वरुप परिवर्तन हुदै जाने भएकोले तयार भएका दक्ष श्रमले बजार नपाउने जोखिम रहन सक्नेछ ।

## ३.८ गरिबी निवारण

### ३.८.१ पृष्ठभूमि

यस नगरपालिकामा कुल १२,०२५ घरपरिवारहरु मध्ये ४७२५ घरपरिवारहरुको आम्दानीको श्रोत कृषि, पशुपालन, माछापालन, मौरीपालन रहेको छ । यस बाहेकको अवधिका लागी उनीहरु ज्याला मदजुरी तथा अनौपचारिक क्षेत्रमा रोजगारीका लागि जानुपर्ने हुन्छ। यस नगरपालिकामा १८.७ प्रतिशत भन्दा बढी जनसंख्या गरिवीको अवस्थामा  र १२ प्रतिशत निरपेक्ष गरिवीको रेखामुनि रहेका छन् । यस नगरपालिकाम गरिबी निवारणलाई प्रत्येक्ष तथा अप्रत्येक्ष सहयोग पुग्ने गरी कार्यक्रमहरु कार्यान्वयनमा रहेका छन् । गरिबी न्यूनीकरणको राष्ट्रिय लक्ष्य, पन्ध्रौ योजनाको लक्ष्य उद्देश्य तथा दिगो विकासका लक्ष्य (SDGs 2015-2030) को १७ लक्ष्यहरु मध्ये लक्ष्य नं १ मा गरिबीको अन्त्य अन्तर्गत सबै प्रकारका गरिबीलाई सबै ठाँउबाट अन्त्य

गर्ने लक्ष्य रहेको र नेपाल सरकारले यी लक्ष्यहरुको प्राप्तिका लागि विभिन्न तहका क्रियाशिल पनि रहेको छ। दिगो विकासका लक्ष्यहरुको स्थानीयकरण गरी सोको कार्यान्वयन र अपेक्षित उपलब्धीहरुको प्राप्तिका लागि तिनै तहको सरकारको प्राथमिकता पनि रहेको देखिन्छ।

### ३.८.२ समस्या तथा चूनौति

यस नगरपालिकामा ठुला, मझौला तथा साना उद्योग तथा व्यवसायहरु रहेता पनि औपचारिक रोजगारीका क्षेत्रहरु न्युन रहेका छन्। विपन्न अवस्थामा रहेका बेरोजगार व्यक्तिहरु सीप तथा दक्षता हासिल गर्न सकेका छैनन्। सीप तथा रोजगारमुलक तालिम प्रदान गर्ने निकायहरु शहर केन्द्रित भएकोले सहज सेवा दिन सकेका छैनन्। गरिबी आर्थिक मात्र नभएर बहुआयामिक सवाल हो। गरिबीले आर्थिक विपन्नता, सामाजिक वहिष्करण, राजनीतिक असमानता र दुर्वलतालाई प्रतिविम्वित गरेको छ। स्थानीय सीप, पूँजी र प्रविधिमा पहुँच भएका स्वदेशी उद्यमीहरूको निमित्त स्वरोजगार प्रवर्द्धन गर्नु, सहकारितालाई गरिवी निवारणका कार्यक्रममा आबद्ध गर्नु, औपचारिक वा संगठित क्षेत्रमा संयुक्त लगानीमा आधारित उद्योगको माध्यमबाट दक्ष जनशक्तिलाई रोजगारीका अवसरहरू उपलब्ध गराउनु तथा प्रतिस्पर्धाको आधारमा सुरक्षित वैदेशिक रोजगारी प्रवर्द्धन गर्नु जस्त चुनौती रहेका छन्।

### ३.८.३ सोच

"पर्यटन प्रवर्द्धन तथा उत्पादनमा वृद्धिद्धारा आर्थिक अवस्थामा सुधार र गरिबी न्यूनीकरण"

### ३.८.४ उद्देश्य

१. गरिबी निवारणलाइ प्रत्यक्ष सहयोग पुग्ने कार्यक्रमहरु सञ्चालन गर्ने।
२. गरिब तथा लक्षित वर्गको सीप विकास गरि रोजगारी सिर्जना गर्ने।

### ३.८.५ रणनीति

१. विपन्न तथा महिलाको रोजगारीलाई सुरक्षित र व्यवस्थित बनाउने।
२. उत्पादनमूलक रोजगारी तथा अवसरहरूको विकास गर्ने।
३. क्षमता विकास, उत्पादकत्व वृद्धि, न्यायोचित वितरण र समतामूलक विकासमा जोड दिने।
४. पहिचान भएका गरिब लक्षित गरिबी निवारण योजना, कार्यक्रम तथा परियोजना तर्जुमा एवम् कार्यान्वयन गर्ने।

### ३.८.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएकोछ :

| सूचक | एकाई | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| प्रतिव्यक्ति खाद्यान्न उत्पादन (केजी) | के.जी. | ० | १८० | १८२ | १८५ | १९० |
| आफ्नो आयको दुई तिहाइ भन्दा वढी खानामा खर्च गर्ने जनसंख्या | प्रतिशत | ० | २२ | २० | १७ | १५ |
| गरिबीको रेखामुनीको रहेका जनसंख्या | प्रतिशत | १२ | १२ | १० | ९ | ८ |

### ३.८.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा श्रम तथा रोजगार उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ६००७ | २४०३ | ३६०४ | ० | २१७३ | ३७८९ | ४५ | ० |
| २०८०/८१ | ६६२० | २६४८ | ३९७२ | ० | २४०६ | ४१६५ | ५० | ० |
| २०८१/८२ | ७२९६ | २९१८ | ४३७८ | ० | २६६४ | ४५७८ | ५५ | ० |

### ३.८.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधी, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना/उपक्षेत्र | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | गरिबी निवारण कार्यक्रम | स्थानीय स्रोत साधनमा आधारित उद्योग ब्यबसायमा रोजगारी बृद्धी गर्नु | सालबसाली | २४९०४ | बार्षिक ५० जना स्वरोजगार भएका हुनेछन् । |

### ३.८.९ जोखिम पक्ष तथा अनुमान

गरिबी निवारण सम्बन्धी व्यवहारिक नीति तथा कार्यक्रम तर्जुमा भई कार्यान्वयन हुनेछ। नगरपालिकामा गरिबी निवारण सम्वन्धी अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन योजना तर्जुमा हुनेछ। गरिबी निवारण नीति तथा कार्यक्रममा निरन्तरता नभएमा यसबाट अपेक्षा गरिएको नतिजा हासिल नहुने जोखिम रहेको छ।

# परिच्छेद चार : सामाजिक क्षेत्र

यस परिच्छेद अन्तर्गत स्वास्थ्य, शिक्षा, खानेपानी, सरसफाई, महिला, बालबालिका र सामाजिक समावेशीकरण, युवा तथा खेलकुद जस्ता उप-क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

## ४.१ शिक्षा, भाषा, कला तथा साहित्य

### ४.१.१ पृष्ठभूमि

नगरपालिकामा आ.व. २०७४/७५ सम्म सञ्चालन भैरहेका विभिन्न तहका शैक्षिक संस्थाहरूको विवरण हेर्दा नगरपालिका भित्र पठनपाठनका लागि कलेज २ वटा, माध्यमिक विद्यालय १६ वटा, आधारभूत विद्यालय २८ वटा र बालविकास ३ वटा गरी जम्मा ४९ वटा शिक्षण संस्थाहरू रहेका छन् ।नगरपालिकामा ५ वर्ष वा सो भन्दा माथि उमेर समूहको कूल जनसंख्यामध्ये ८२.० प्रतिशत साक्षर रहेको छ । पालिकामा पढ्न र लेख्न सक्ने साक्षर जनसंख्या ३७,२५३ रहेको छ भने पढ्न मात्र सक्ने ५३३ जना निरक्षर जनसंख्या ८,३२२ (१८.० प्रतिशत) रहेको छ । वडागत रुपमा तुलना गर्दा सबैभन्दा बढी साक्षरता प्रतिशत वडा नं ३ (९०.८ प्रतिशत) र सबैभन्दा न्यून साक्षरता वडा नं ९ (७४.२ प्रतिशत) रहेको छ । नेपाली भाषा नै मुख्य प्रचलित भाषाका रुपमा रहेको यस क्षेत्रमा कला तथा साहित्यका क्षेत्रमा विशिष्ठ प्रतिभाहरु रहेका छन् ।

### ४.१.२ समस्या तथा चूनौति

विद्यालय छाड्ने प्रवृत्ति उच्च र शैक्षिक गुणस्तर कायम हुन नसक्नु यस क्षेत्रका मुख्य समस्याहरु हुन् । अभिभावकहरु चनाखो नहुनु, विद्यार्थी अनुपातमा शिक्षक दरबन्दी कम हुनु, शिक्षामा आधुनिक प्रविधिको प्रयोग कम हुनु,निजी र सामुदायिक विद्यालय बीचको विभेद, विद्यालयहरु भौतिक पूर्वाधार पर्याप्त नहुनु, पठनपाठनमा भाषिक समस्या उत्पन्न हुनु शिक्षा क्षेत्रकासमस्याका रुपमा रहेका छन् । किशोरी र अपाङ्ग मैत्री पूर्वाधारको निर्माण, सामुदायिक विद्यालयको मनोवल उच्च बनाउनु, विद्यार्थीमा लागुपदार्थदुव्यसनी नियन्त्रण, रोजगार उन्मुख शिक्षा प्रणालीको विकास गर्नु चुनौतिका रुपमा रहेको छ ।

### ४.१.३ सोच

“गुणस्तरीय र प्रविधिमैत्री शिक्षाको विकास, समृद्ध देवचुलीको आधार”

### ४.१.४ उद्देश्य

१. उत्पादनमुखी, व्यावसायिक र प्रतिष्पर्धात्मक जनशक्ति उत्पादन गर्नु ।

३. गुणस्तरीय, जिवनउपयोगी तथा प्रभावकारी शिक्षामा बालबालिकाको पहुँच विस्तार गर्नु ।

४. स्थानीय स्तरमा उपलब्ध प्राकृतिक स्रोतसाधनको समुचित उपयोग, सांस्कृतिक र सामाजिक विशेषताका साथै विपद् व्यवस्थापन, पर्यटन प्रवर्द्धन र जलवायुअनुकूलनका विषय समेटी स्थानीय पाठ्यक्रम तयार गरी लागु गर्नु ।

५. कक्षा कोठामा आर्जन गरेको ज्ञान र सीपलाई नवउद्यम र श्रमबजारसँग जोड्न सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अंगका रूपमा स्थापित गर्नु ।

### ४.१.५ रणनीति

१. सामुदायिक शिक्षण संस्थाहरुलाई प्रतिर्ष्पधात्मक बनाउन आवश्यक पूर्वाधारको विकास गर्ने ।

२. बहुप्राविधिक विद्यालयमा प्राविधिक धार थप गर्दै लैजाने र श्रम बजारको मागअनुसारका विषयमा कक्षा सञ्चालन गर्ने,

३. नगरको भूगोल, इतिहास, संस्कृति, पर्यावरण, भेषभुषा रैथाने ज्ञान सीप र सभ्यता समेटेर पाठ्यक्रम तयार गरी नियमित अद्यावधिक गर्ने,

४. शिक्षालाई अत्याधुनिक प्रविधियुक्त शैक्षिक केन्द्र (हव) का रूपमा विकास गर्ने,

५. सीमान्तकृत वर्गका बालबालिकाका लागि विशेष छात्रवृत्तिको व्यवस्थासहित माध्यमिक विद्यालयलाई विषय विधाका आधारमा मेघा विद्यालयका रूपमा स्तरोन्नति गर्ने,

६. विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गर्ने, र

७. मन्टेश्वरी विधिबाट पठनपाठनका लागि मापदण्ड तोकी नक्साङ्कनका आधारमा स्थापना गर्ने ।

### ४.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | गत आ.व.सम्मको उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| प्राविधिक विद्यालय | संख्या | २ | २ | ३ | ४ | ५ |
| विद्यालय वाहिर रहेका (५-१५ वर्ष) बालबालिका | प्रतिशत | ६.०५ | ५ | ३ | २ | ० |
| प्राथमिक तह (१-५ कक्षा) को खुद भर्ना दर | प्रतिशत | ९७.०९ | ९८ | ९९ | ९९.५ | १०० |
| आधारभुत तह (१-८ कक्षा) को खुद भर्ना दर | प्रतिशत | ९२.०५ | ९४ | ९६ | ९७ | ९८ |
| माध्यमिक तह (९-१२ कक्षा) को खुद भर्ना दर | प्रतिशत | ८९.०२ | ९१ | ९४ | ९५ | ९६ |
| कक्षा १० को उतिर्ण दर | प्रतिशत | ९५ | ९६ | ९६.५ | ९७ | ९८ |
| महिलाको साक्षरता दर (१५-४९ वर्ष उमेर) | प्रतिशत | ९६.०४ | ९७ | ९८ | ९९ | १०० |
| बालमैत्री सिकाइ बिधि अबलम्बन गर्ने विद्यालय | प्रतिशत | ८५ | ८८ | ९० | ९८ | १०० |
| पक्की शौचालय भएका विद्यालय | प्रतिशत | ७५ | ८० | ८५ | ९० | ९८ |
| महिला मैत्री शौचालय भएका विद्यालय | प्रतिशत | ६० | ६५ | ७० | ७५ | ८२ |

### ४.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा शिक्षा, भाषा, कला तथा साहित्य उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | २१०२६० | १७८७२१ | ३१५३९ | ० | ८६९३ | २००४८४ | १०८३ | ० |
| २०८०/८१ | २३१७०६ | १९६९५० | ३४७५६ | ० | ९६२३ | २२०८९२ | ११९१ | ० |
| २०८१/८२ | २५५३६० | २१७०५६ | ३८३०४ | ० | १०६५४ | २४३३९५ | १३१० | ० |

### ४.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअनुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | विद्यालय शिक्षा सुदृढीकरण कार्यक्रम | सामुदायिक विद्यालयको पठनपाठनको गुणस्तरमा सुधार गर्नु | सालवसाली | ४४८९६३ | २८ विद्यालयको पठनपाठनमा गुणात्मक सुधार हनेछ |
| २ | प्रविधिमैत्री शिक्षा कार्यक्रम । | रोजगारी र उद्यमशीलता प्रवर्द्धन गर्नु | सालवसाली | १८७०६८ | गुणस्तरीय, जीवनउपयोगी तथा प्रभावकारी शिक्षामा बालबालिकाको पहुँच विस्तार हुनेछ । |
| ३ | साक्षरोत्तर तथा निरन्तर शिक्षा कार्यक्रम | प्रौढ साक्षरता र निरन्तर सिकाई अभिवृद्धि गर्नु | सालवसाली | १२२४१ | ३००० जना प्रौढ प्रत्यक्ष लाभान्भित हुनेछन् । |
| ४ | शिक्षा, कला र साहित्य सम्वन्धी अन्य कार्यक्रम | शिक्षा, कला तथा साहित्यको विकास गर्नु | सालवसाली | ४९०५४ | शिक्षा, कला तथा साहित्य अध्ययनको केन्द्रको रुपमा विकास हुनेछ । |

### ४.१.९ अनुमान तथा जोखिम

संघीय शिक्षा ऐन तथा नियमावली जारी एवम् समयानुकूल परिमार्जन भएको हुनेछ। शैक्षिक क्षेत्रमा नविनतम विधि तथा प्रविधिको उपयोग भएको हुनेछ । शैक्षिक क्षेत्रमा पर्याप्त पूर्वाधार विकास, आवश्यक जनशक्ति व्यवस्था, क्षमता विकासका अवसर, नवीनतम प्रविधिको उपयोग, अन्तर सरकार सहयोग र सहकार्य र सरोकारवाला बीचका समन्वय, सहकार्य र साझेदारीको विकास जस्ता पक्षमा ध्यान दिन सकेमा अपेक्षित नतिजा हासिल हुने देखिन्छ । उपरोक्त परिवेश तयार हुन नसकेमा लक्ष्य हासिल गर्नमा कठिन हुने जोखिम रहन सक्छ ।

## ४.२ स्वास्थ्य तथा पोषण

### ४.२.१ पृष्ठभूमि

संघीय नेपालको संविधानिक प्रावधान बमोजिम संघ, प्रदेश र स्थानीय तहका सरकारहरुबीच स्वास्थ्य सेवासम्बन्धी अधिकारको बाँडफाँट भएको छ । प्रदेशले प्रदेशस्तरमा तथा स्थानीय तहले स्थानीय स्तरका स्वास्थ्य सेवा प्रदान गर्ने कार्य तथा जनस्वास्थ्य कार्यक्रमहरू सञ्चालन गरी आएका छन् । यस क्षेत्रमा विशिष्टकृत एवम् उच्चस्तरीय स्वास्थ्य सेवाका अवसरहरु सरकारी तथा निजी स्वास्थ्य संस्थामार्फत स्थानीयस्तरमा नै उपलब्ध रहेको छ । हालका दिनमा गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच, स्वस्थ जीवन शैली तथा पोषणको क्षेत्रमा सकारात्मक उपलब्धिहरु हासिल भएका छन् । यस नगरपालिकामा हाल वडा नं. ३, ११, ७, १७, र १३ मा स्वास्थ्य चौकी रहेका छन् भने वडा नम्बर १३ मा देवचुली अस्पताल प्रालि, १६ मा सामुदायिक प्राकृतिक चिकित्सालय, ४ मा शहरी स्वास्थ्य क्लिनिक, १६ मा आयुर्वेद औषधालय, १५ मा खोप केन्द्र, २१ वटा निजी क्लिनिक, र २६ वटा नगरघर क्लिनिकले स्वास्थ्य सेवा प्रदान गरिरहेका छन् ।

नगरपालिकाका करीव ८० प्रतिशत घरधुरी ३० मिनेट भन्दा कम समयमा स्वास्थ्य संस्थामा पुग्ने गरेका छन् । करीव ७७ प्रतिशत महिलाले स्वास्थ्य संस्थामा बच्चा जन्माउने गरेका छन् भने मातृ तथा बाल मृत्युदर नगन्य छ । झाडा पखालाको संक्रमण दर प्रति हजार ३० रहेको छ । शतप्रतिशत बालबालिकाले खोप लगाउने गरेका छन् । समग्रमा देवचुली नगरपालिकाको स्वास्थ्य क्षेत्र सुधारोन्मुख अवस्थामा छ ।

### ४.२.२ समस्या तथा चूनौति

विश्वव्यापी रूपमा फैलिएको कोभिड १९ को महामारीका कारण नगरको ध्यान सोको रोकथाम र नियन्त्रणका उपायमा केन्द्रित हुँदा यस अन्तर्गतका स्वास्थ्य संस्थाबाट प्रवाह हुने नियमित सेवाको गुणस्तर र प्रभावकारितामा

पनि क्षयीकरण भएको छ । नेपाल सरकारको स्वास्थ्य बिमा अन्तर्गतका सेवा प्रभावकारी रूपमा प्रदान गर्ने जिम्मेवारी समेत स्थानीय तहलाई नै आएको छ । नगरपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरूबाट प्रदान गरिएका आधारभूत तथा विशेषज्ञ स्वास्थ्य सेवामा आम नागरिकको सहज पहुँच स्थापित गर्न र सेवाग्राहीको आवश्यकताअनुरूपको सहज सेवा प्रदान गर्न आवश्यक श्रोत, साधन तथा क्षमताको कमी रहेको छ । स्वास्थ्य सेवाको विस्तार एवम् स्तरोन्नती सँगै नसर्ने रोग तथा अस्वस्थकर जीवनशैलीमा विस्तारले स्वास्थ्य तथा पोषणको क्षेत्रका मुख्य चुनौतिका रुपमा खडा भएका छन् । नगरअन्तर्गत सबैभन्दा तल्लो तहको शहरी स्वास्थ्य केन्द्रदेखि माथिल्लो तहको अस्पतालसम्मका स्वास्थ्य संस्थाहरू सञ्चालनमा रहेको अवस्थामा नेपाल सरकारको आधारभूत स्वास्थ्य सेवासम्बन्धी व्यवस्था २०७५ अनुसार सेवा प्रवाहको सुनिश्चित्ता गर्ने कार्य चुनौतिपूर्ण रहेको छ । स्वास्थ्य सेवा प्रवाह गर्ने क्षमता, उपलब्ध जनशक्ति, भौतिक पूर्वाधार, स्वास्थ्य उपकरण र प्राविधिक सामग्रीको व्यवस्थापनमा कमी रहेको छ ।

यस नगरपालिकामा सुबिधा जनक स्वास्थ्य चौकीको अभाव, सर्पदंशको उपचारमा कठीनाई हुनु, स्वास्थ्य चौकीमा अर्पयाप्त दरबन्दी हुनु, प्रयोगशालाको अभाव, सामुदायिक र निजी स्वास्थ्य संस्था को प्रतिस्पर्धा, औषधिको अभाव स्वास्थ्य क्षेत्रका प्रमुख समस्या हुन । प्रर्यटकीय स्थान सि.जिबाट हुने वातावरणीय प्रदुषणको व्यवस्थापन गर्नु, सार्वजनिक स्वास्थ्य संस्थाहरुमा न्युनतम भौतिक पुर्वाधारको व्यवस्था गर्नु, दक्ष जनशक्तिको व्यवस्थापन गर्नू, स्वास्थ्य संस्था निर्माण गर्न सार्वजनिक जग्गाको अभाव स्वास्थ्य क्षेत्रका प्रमुख समस्या हुन् ।

### ४.२.३ सोच

"गुणस्तरीय स्वास्थ्य सेवा, स्वस्थ्य र निरोगी नगरबासी"

### ४.२.४ उद्देश्य

१. स्वास्थ्य सुबिधा लाई गुणस्तरीय, प्रभावकारी तथा कम खर्चिलो बनाई गुणस्तरीय सुबिधा युक्त स्वास्थ्य सस्थाहरुको निर्माण गर्नु,

२. कोभिड लगायतका महामारीजन्य रोग एवम् सम्भावित विपद् जोखिमहरूको पहिचान, पूर्वतयारी, न्यूनीकरण एवम् व्यवस्थापनका लागि आवश्यक संयन्त्र र पूर्वाधार तयार गर्नु,

३. स्वास्थ्य सेवाको व्यवस्थापनका लागि निजी क्षेत्रका सरोकारवालासँगको साझेदारी र समुदायसँगको सहकार्य तथा समन्वयलाई सुदृढीकरण गर्नु,

४. आरोग्यताको प्रवर्द्धन, स्वास्थ्य सेवा पोषणको अवस्थामा गुणात्मक सुधार गर्नु ।

### ४.२.५ रणनीति

१. स्वास्थ्य सस्थाहरुमा भौतिक पुर्वाधारको विकास गरी गुणस्तरीय सेवा प्रदान गर्ने ।

२. गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्न आवश्यक जनशक्ति व्यवस्थापन तथा सेवाप्रदायकहरूको क्षमता अभिवृद्धि गर्ने ।

३. स्वास्थ्य संस्थाहरूमा मापदण्डअनुसारका भौतिक पूर्वाधार तथा औजार उपकरणहरूको व्यवस्थापन तथा सुदृढीकरण गर्ने ।

४. स्वास्थ्यसम्बन्धी विपद् जोखम न्यूनीकरणका लागि आवश्यक व्यवस्था कानुनी र संस्थागत गर्ने ।

५. अनुसन्धान र प्रमाणमा आधारित स्वास्थ्य सेवा प्रवाहका लागि निर्णय प्रक्रियालाई तथ्यमा आधारित बनाउँदै लैजाने ।

६. आयुर्वेद, प्राकृतिक चिकित्सा तथा अन्य चिकित्सा पद्धतिमा आधारित स्वास्थ्य सेवाको विकास र विस्तार गर्ने ।

### ४.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार जनस्वास्थ्य तथा पोषण उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | गत आ.व.सम्मको उपलब्धि | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| ३० मिनेट भित्र अस्पतालको पहुँच भएका जनसंख्या | प्रतिशत | ८० | ८२ | ८५ | ९० | ९५ |
| भाडा पखालाको संक्रमण दर (प्रति हजार) | संख्या | ३० | २५ | २० | १५ | १० |
| स्वाश प्रश्वासको संक्रमण (ARI) दर (प्रति हजार) | संख्या | ५० | ४५ | ४० | ३५ | ३० |
| सबै खोप लिएका बालबालिका | प्रतिशत | ८० | ८५ | ९० | ९८ | १०० |
| क्रियाशिल महिला स्वास्थ्य स्वयंसेविका | संख्या | ४१ | ४२ | ४३ | ४४ | ४५ |
| आधारभुत सुविधा (खानेपानी, शौचालय, वर्थिङ्ग वार्ड र परामर्श केन्द्र आदी) उपलब्ध स्वास्थ्य संस्था | संख्या | ४ | ५ | ७ | ९ | १२ |

### ४.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा स्वास्थ्य तथा पोषण उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ६७५८४ | ५४०६७ | १३५१७ | ० | ३२६० | ६२५१९ | १८०५ | ० |
| २०८०/८१ | ७४४७७ | ५९५८२ | १४८९५ | ० | ३६०९ | ६८८८३ | १९८५ | ० |
| २०८१/८२ | ८२०८० | ६५६६४ | १६४१६ | ० | ३९९५ | ७५९०१ | २१८४ | ० |

### ४.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायानुसार प्रस्तुत गरिएको छ :

| क.सं. | उप-क्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | स्वास्थ्य संस्था भौतिक निर्माण र सुधार कार्यक्रम (खोप केन्द्र तथा गाउँघर क्लिनिक भवन निर्माण समेत) | गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नु | सालवसाली | ६६३७५ | ५७ हजार जनसंख्याले गुणस्तरीय स्वास्थ्य सेवा पाएको हुनेछन् । |
| २ | १५ शैयाको अस्पताल भवन निर्माण आयोजना | नगर क्षेत्रभित्रका स्वास्थ्य संस्थाको रिफरल सेन्टरका रुपमा विकास गर्दै विशेषज्ञ सेवा प्रदान गर्नु | २०७९/०८० देखि २०८०/०८१ सम्म | ११०३५५ | २६ हजार जनसंख्याले सघन उपचार सेवा पाउनेछन् । |
| ३ | आधारभूत स्वास्थ्य सेवा अन्य कार्यक्रम | जनताको आधारभूत स्वास्थ्य सेवा पाउने अधिकार सुनिश्चत गर्नु | सालवसाली | ४७४११ | ५७ हजार जनसंख्याले गुणस्तरीय स्वास्थ्य सेवा पाएका हुनेछन् । |

### ४.२.९ जोखिमपक्ष तथा अनुमान

एक वडा एक स्वास्थ्य चौकीको व्यवस्था, चौविस घन्टे प्रसुति सेवा सञ्चालन गर्ने सुबिधा जनक स्वास्थ्य चौकीको स्थापना, खोप कार्यक्रम, परिवार नियोजन कार्यक्रम, शिविरहरु नियमित तथा प्रभावकारी भएको हुनेछ । स्वास्थ्य बिमालाई शुलभ र प्रभावकारी बनाउने र दिर्घ रोगीलाई निःशुल्क उपचारको व्यवस्था भएको हुनेछ । स्वास्थ्य पूर्वाधार, प्रयोगशाला, औषधि र खोप व्यवस्थापनमा अन्तर निकाय तथा सरोकारवालाको सक्रिय सहभागिता, सहकार्य र साझेदारी हुन नसकेमा कोभिड १९ जस्ता महामारीले जनस्वास्थ्य तथा नगरबासीको सामाजिक तथा आर्थिक स्थिति क्षय गर्न सक्ने जोखिम रहेको छ । प्रस्तावित कार्यक्रमको लागि संस्थागत सुदृढीकरण, पर्याप्त स्रोत विनियोजन, स्वास्थ्य सामाग्रीको उपलब्धता, जनशक्ति व्यवस्थापन, अन्तर सरकार र सरोकारवाला बीच समन्वय हुन नसकेकमा अपेक्षित नतिजा हासिल नहुन सक्छ ।

## ४.३ खानेपानी तथा सरसरफाई

### ४.३.१ पृष्ठभूमि

यस नगरपालिकामा रहेका १२,०२५ घरपरिवारहरू मध्ये धारा/पाइपमार्फत आपूर्ति गरिएको पानी उपयोग गर्ने ८८.२६ प्रतिशत, ढाकिएको ईनारको पानी उपयोग गर्ने४.६० प्रतिशत खुल्ला ईनार/कुवाको पानी उपयोग गर्ने २.७३ प्रतिशत र मुल धाराको पानी उपयोग गर्नेघरधुरी १.१५ प्रतिशत रहेको छ । शिक्षा तथा जनचेतना कारण हाल व्यक्तिगत सरसफाई आनिबानीमा सचेतना वृद्धि हुनुका साथै तुलनात्मक रुपमा सुधार हुँदै गएको छ ।

### ४.३.२ समस्या तथा चूनौति

तीव्र रूपमा शहरीकरणका कारण खानेपानी तथा सरसफाईसँग सम्बन्धित सेवाहरूको माग दिनप्रति बढदै गएको छ । नगरको बजेट तथा कार्यक्रमको प्राथमिकता सडक पुल जस्ता भौतिक पूर्वाधारको तुलनामा खानेपानी तथा सरसफाइ जस्ता सामाजिक पूर्वाधारमा तुलनात्मक रुपमा कम हुने गरेको छ । जनस्तरमा सरसफाई सम्बन्धी सचेतनाको कमीका कारण शहरी क्षेत्रको स्वच्छता कायम राख्न कठिन भएको छ। खानेपानी संस्थाद्वारा वितरण पानी ल्याव टेस्ट गरिएपनि ईनार र चापाकलको पानीको प्रशिक्षण नभएको, फिल्टर पानीको पहुँचमा कमी, पानीको पाईपहरुको उचित व्यवस्थापन हुन नसक्नु, डम्पिङ साईटको अभाव, फोहोर व्यवस्थापन कमजोर रढल निकासको समस्याहरु हुन् । चौबिसै घन्टा पानीको उपयोगका लागि ट्याङ्कीको व्यवस्था नहुनु, फोहोर जलाइने हुदाँ वातावरण प्रदुषण हुन खानेपानी तथा सरसफाई क्षेत्रका समस्या हुन् । फोहोर व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गर्नु, पानीको स्रोतहरुको संरक्षण गर्नु, खानेपानी पाईपलाईनको व्यवस्थापन गर्नु, खानेपानी ट्याङ्कीलाई सुरक्षित गर्नु, खानेपानी संस्था तथा सडक कार्यालय बीच पुर्वाधार निर्माणमा समन्वय गर्नु खानेपानी तथा सरसफाईका प्रमुख चुनौतिका रुपमा रहेका छन् ।

### ४.३.३ सोच

"सफा, सुरक्षित खानेपानी र स्वच्छ , सफा वातावरण, देवचुलीको पहिचान"

### ४.३.४ उद्देश्य

१. सुद्ध, सफा र सुरक्षित  खानेपानीको पहुँच शत प्रतिशत बनाई , स्वस्थता  सुनिश्चित गर्नु ।
२. फोहोरमैला व्यवस्थापनको दिगो उपायको खोजी गरी समुदायमा जनचेतना फैलाउनु ।
३. नगर क्षेत्रको ढल निर्माण तथा व्यवस्थापनलाई प्रभाबकारी गराउनु ।

### ४.३.५ रणनीति

१. पानीका स्रोतहरुको संरक्षण, पुर्नजिवन तथा प्रविधि मैत्री व्यवस्थापनमा जोड दिई खानेपानी सस्थाहरुलाई व्यवस्थित बनाउने ।

२. फोहोरमैलाको बैज्ञानिक तथा व्यवसायिक व्यवस्थापनमा जोड दिने ।

३. स्वच्छ खानेपानीका लागि एक घर एक धारा सुनिश्चित गर्ने ।

४. नगरको एकीकृत ढल निकास प्रणाली र ढल प्रशोधन केन्द्र निर्माणका लागि अन्य सरोकारवाला निकायहरूसँग समन्वयमा काम गर्ने ।

५. नगरपालिकाको एकीकृत ढल निकास प्रणाली र ढल प्रशोधन केन्द्रको मास्टर प्लान तथा विस्तृत योजना प्रतिवेदन तयार गरी कार्यान्वयन गर्ने ।

### ४.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | गत आ.व.सम्मको उपलब्धि | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| आधारभुत खानेपानीको सेवामा पहुँच भएका जनसंख्या | प्रतिशत | ९० | ९१ | ९४ | ९६ | १०० |
| सक्रिय खानेपानी र सरसफाई उपभोक्ता समिति | संख्या | २६ | २७ | ३० | ३३ | ३५ |
| एक घर एक धारा भएका घरपरिवार | प्रतिशत | ९१ | ९४ | ९६ | ९७ | १०० |
| फोहोरमैला व्यवस्थित गर्ने घरपरिवार | प्रतिशत | १० | १५ | २५ | ३५ | ५० |
| शौचालय भएका घरपरिवार | प्रतिशत | ९७ | ९८ | ९९ | १०० | १०० |
| सार्वजनिक शौचालय | संख्या | ३ | ४ | ५ | ७ | १० |
| खानेपानी शुद्धता परीक्षण भएका आयोजना | संख्या | ७ | १० | १५ | २० | २२ |

### ४.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा खानेपानी तथा सरसफाई उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ११२६४ | २२५३ | ९०११ | ० | २१७३ | ८३६९ | ७२२ | ० |
| २०८०/८१ | १२४१३ | २४८३ | ९९३० | ० | २४०६ | ९२१३ | ७९४ | ० |
| २०८१/८२ | १३६८० | २७३६ | १०९४४ | ० | २६६४ | १०१४३ | ८७३ | ० |

### ४.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअनुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | खानेपानी तथा सरसफाई कार्यक्रम | खानेपानी तथा सरसफाई पहुँचवृद्धि गर्नु | सालवसाली | ३७३५७ | ६०० थप धारा निर्माण र चालु धारा सुचारु हुनेछन् । |

### ४.३.९ जोखिमपक्ष तथा अनुमान

मध्यमकालीन खर्च संरचनामा प्रस्ताव गरे अनुसार बजेट सुनिश्चितता भई आयोजना संचालन तथा मर्मतसंभार र स्तरोन्नति भएको हुनेछ । जलवायु परिवर्तनबाट खानेपानीको स्रोत पर्ने नकारात्मक प्रभाव, आयोजनाको ढिला निर्माण र उचित व्यवस्थापन व्यवस्थित बसोबास, तरल तथा फोहारमैलाको उचित व्यवस्थापन, प्रदूषण आदिलाई खानेपानी तथा ससरफाई सम्बन्धी अपेक्षित उपलब्धि हासिल गर्ने जोखिम पक्षको रुपमा आँकलन गरिएको छ ।

## ४.४ महिला, बालबालिका तथा लक्षित वर्ग

### ४.४.१ पृष्ठभूमि

नेपालको संविधानको प्रस्तावनामै लैंगिक विभेद अन्त्य गरी समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरिएको छ। देवचुलीनगरपालिकाले लैंगिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा समानुपातिक समावेशी र न्यायोचित वितरण गर्ने उद्देश्यका साथ वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने अभ्यासलाई निरन्तरता दिइरहेको छ। नगरपालिकाले आर्थिक तथा सामाजिक रूपमा पछाडि परेको वर्गको महिला, दलित, आदिवासी जनजाति, सीमान्तकृत नागरिकहरू समेतलाई लक्षित गरी कार्यक्रम सञ्चालन भएको छ । आर्थिक तथा सामाजिक रूपमा पिछडिएको वर्गका लागि विशेष कार्यक्रम कार्यान्वयनमा छन् । सामाजिक कुप्रथाका रूपमा रहेका बालविवाह, बहुविवाह जस्ता कुप्रथा र कुरितिको अन्त्य गर्दै बालहिंसा, लैंगिक हिंसा मुक्त शहर बनाउन कार्यक्रमहरू सञ्चालन भएका छन् । लक्षित वर्गका लागि सीप विकास तथा रोजगारीका अवसर वृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गरिएकोछ ।

नगरपालिकामा अपाङ्ग, महिला तथा बालबालिका मैत्री संरचना निर्माण नगन्य मात्रामा छन् । जात र लिङ्गका आधारमा हुने हिंसाको अवस्था सामान्य छ । दलित जनजाति पिछडिएका वर्ग आय आर्जनको अवस्था सन्तोषजनक देखिदैन । लगभग ९५ प्रतिशत महिला साक्षर छन् भने ६० प्रतिशत विद्यालयमा अपाङ्ग र महिला मैत्री संरचनाहरुको निर्माण गरिएको छ भने बाल मैत्री भौतिक संरचना भएका विद्यालय ४५ प्रतिशत छन् ।

### ४.४.२ समस्या तथा चूनौति

लैंगिक समानता तथा सामाजिक समावेशीकरण र सामाजिक न्यायका लागि चालिएका सकारात्मक प्रयत्न बावजुद आर्थिक, सामाजिक तथा राजनीतिक क्षेत्रमा लक्षित वर्गको अर्थपूर्ण सहभागिता हुन सकेको छैन। घरेलु हिंसाका घटना दोहोरिरहेने तर बाहिर नआउने स्थिति कायमै छ। छुवाछुत जस्ता सामाजिक विकृति विभिन्न स्वरुपमा समाजमा कायम रहेको छ र आर्थिक सामाजिक रुपमा पिछडिएको वर्गमा अन्धविश्वास तथा गलत सामाजिक परम्परा र अभ्यास कायम रहेको छ।

जेष्ठ नागरिकका लागि जीवनयापनका अवसर तथा मनोरञ्जनका अवसरमा कमी रहेको छ । बालमैत्री, महिलामैत्री ज्येष्ठनागरिक तथा अपांगमैत्री पूर्वाधारमा कमी रहेको छ। लक्षित वर्गमा स्वरोजगारीका अवसरमा कमी तथा गरिबीको व्यापकता रहेको छ। लक्षित वर्गको क्षमता विकास तथा जनचेतना अभिवृद्धिका कार्यक्रम प्रयाप्त हुन सकेका छैनन् । पिछडिएको वर्गमा कानून तथा अधिकार सम्बन्धमा जानकारीको कमी रहेको छ । लक्षित वर्गको आत्मनिर्भरताका लागि आर्थिक अवसरको कमी रहेको छ।

यस नगरपालिकामा पिछडिएका तथा सिमान्तकृत समुदायको कमजोर आर्थिक अवस्था, शिक्षा, स्वास्थ्यसँगसम्बन्धित जनचेतनाको कमी, जातिय भेदभाव, अपाङ्गमैत्री महिलामैत्री संरचनाको अपर्याप्तता, नीति निर्माण तहमा अर्थपूर्ण सहभागितामा कमी रहेको छ । सिमान्तकृत समुदायको आर्थिक तथा समाजिक सवलीकरण, नेतृत्वतहमा अर्थपुर्ण सहभागिता, तथा चेतना स्तरको अभिवृद्धि यस क्षेत्रका प्रमुख चुनौती हुन ।

### ४.४.३ सोच

"भेदभाव रहित समाजको विकास, सामाजिक समावेशीकरणको आवाज"

### ४.४.४ उद्देश्य

१. विभेद रहित अपाङ्गमैत्री तथा विपन्नमैत्री देवचुली बनाउनु,
२. सबै प्रकारका भौतिक पूर्वाधार संरचनाहरू तथा नीतिगत संरचनाहरूमा नगरपालिकालाई महिला, बालबालिका, ज्येष्ठ नागरिक एवम् अपांगतामैत्री प्रावधानहरू सुनिश्चित गर्नु,
३. महिला, बालबालिका, ज्येष्ठ नागरिक एवम् अपांगता भएका व्यक्तिहरूको आर्थिक तथा जीवनोपयोगी अधिकार सुनिश्चित गर्दै सम्मानित जीवनको अधारशिला तयार गर्नु,
४. विभेद, हिंसा तथा कुप्रथा अन्त्य गर्न नीतिगत सुधार र व्यावहारिक प्रयत्न प्रभावकारी गर्नु ।

### ४.४.५ रणनीति

१. लक्षित समुहलाई सामाजिक सुरक्षाको प्रत्याभूति गर्दैआर्थिक सशक्तीकरण र सामाजिक रूपान्तरण गर्ने ।
२. नगरपालिकालाई महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपांगतामैत्री शहरका रूपमा विकास गर्न लैंगिक समानतासम्बन्धी क्षेत्रगत नीति, कानुन, संरचना, रणनीति तथा कार्यक्रम तर्जुमा गर्ने ।
२. निर्माण हुने सबै प्रकारका सार्वजनिक तथा ठूला व्यापारिक भवन तथा सार्वजनिक स्थलहरू महिला, बालबालिका, ज्येष्ठ नागरिक, तथा अपांगतामैत्री सुनिश्चित हुने गरी नीति निर्माण गर्ने ।
३. महिला, अपांगता भएका, दलित, लोपोन्मुख, आदिवासीहरूका लागि गुणस्तरीय, व्यावसायिक सीपमूलक र जीवनपयोगी तालिमको सुनिश्चितता गर्ने ।
४. लक्षित वर्गको आर्थिक अवस्थामा सुधार गर्न सशक्तीकरणका कार्यक्रम सञ्चाालन गर्ने ।
५. समाजमा भएका सबै प्रकारका हिंसा, कुप्रथा र दुर्व्यवहार न्यूनीकरणका लागि आवश्यक नीति तथा कार्यत्रविधि निर्माण गर्ने ।
६. सूचना प्रविधिमा आधारित प्रभावकारी संयन्त्रको स्थापना गरी समाजमा रहेका रूढिवादी तथा कुप्रथाका विरुद्ध सामाजिक न्याय, पैरवी तथा वकालतका लागि विभिन्न कार्यक्रम आयोजना गर्ने ।

### ४.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | गत आ.व.सम्मको उपलब्धि | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| लैंगिक हिंसा र छुवाछुत वार्षिक घटना | प्रतिशत | ३० | २८ | २५ | २० | १५ |
| सामाजिक सुरक्षाबाट लाभान्वित लक्षित वर्ग | प्रतिशत | ८ | १० | १४ | १७ | २० |
| अपाङ्गतामैत्री भौतिक संरचना | प्रतिशत | ३५ | ४० | ४५ | ५० | ५५ |
| सहकारी र स्थानीय संरचनाको नेतृत्वमा रहेका महिला | प्रतिशत | ४० | ४५ | ५० | ५५ | ६० |
| जमीनमा महिलाको स्वामित्व भएका घरपरिवार | प्रतिशत | २८.१७ | ३० | ४० | ५० | ६० |

### ४.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा महिला, बालबालिका तथा समावेशीकरण उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ३७५४६ | २६२८३ | ११२६४ | ० | ६५२० | ३०६६५ | ३६१ | ० |
| २०८०/८१ | ४१३७६ | २८९६३ | १२४१३ | ० | ७२१७ | ३३७६२ | ३९७ | ० |
| २०८१/८२ | ४५६०० | ३१९२० | १३६८० | ० | ७९९१ | ३७१७३ | ४३७ | ० |

### ४.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | अपांगता विशेष कार्यक्रम | अपांगता भएका व्यक्तिहरुको हक अधिकार सुनिश्चित गर्नु | सालवसाली | २००४२ | ३०० जना अपांगता भएका व्यक्तिहरुलाई सहायक सामग्री उपलब्ध हुने, ५० जनाले आयमूलक कार्यबाट लाभान्वित हुनेछन् । |
| २ | ज्येष्ठ नागरिक संरक्षण कार्यक्रम | ज्येष्ठ नागरिकलाई सम्मानित जीवनयापनमा सहजीकरण गर्नु | सालवसाली | २००४२ | ३०० जना ज्येष्ठ नागरिक लाभान्वित हुनेछन् । |
| ३ | बालबालिका विकास तथा संरक्षण कार्यक्रम | बालबालिकाको सबालहरु पहिचान गरी बाल अधिकारको संरक्षण गर्नु | सालवसाली | २६७२३ | बालविवाह, लागुऔषध दुर्व्यसनी लगायतका घटनामा ६० प्रतिशतले कमी आउनेछ। |
| ४ | लक्षित वर्ग उत्थान कार्यक्रम | दलित, लोपोन्मुख, आदिवासी समुदाय र विपद्‌बाट विस्थापित भएका परिवारको आर्थिक तथा सामाजिक विकासमा योगदान पुऱ्याउनु | सालवसाली | २००४२ | ४५० जना लक्षित वर्ग लाभान्वित हुनेछन् । |
| ५ | महिला, बालबालिका तथा सामावेशीकरण अन्य कार्यक्रम | समतामुलक समाजको निर्माण गर्नु | सालवसाली | ३७६७३ | १००० जना लक्षित वर्ग लाभान्वित हुनेछन् । |

### ४.४.९ जोखिम पक्ष तथा अनुमान

पिछडिएका वर्ग आत्मनिर्भर बनाउनको लागि सिपमुलक तालिमहरु संचालने, अपाङ्गमैत्री, महिलामैत्री, बालमैत्री संरचनाको निर्माण भएको हुनेछ ।य ससँग सम्बन्धित कार्यक्रममा प्राथमिकताका साथ बजेट विनियोजन, व्यवहारिक कार्यक्रम तथा नीतिगत परिवर्तन, यस क्षेत्रसँग सम्बन्धित निकाय तथा संरचनाको क्षमता विकास तथा क्रियाशिल नभएमा अपेक्षित नतिजा प्राप्त नहुने जोखिम रहन सक्दछ ।

## ४.५ युवा तथा खेलकुद

### ४.५.१ पृष्ठभूमि

देवचुली नगरपालिकाका अधिकांश युवाहरुको मुख्य आकर्षण वैदेशिक रोजगार रहेको छ ।जागीर, कृषि, उद्योग तथा व्यापारीक क्षेत्रमा आवद्ध हुने युवाहरुको संख्या उल्लेख्य रहेको छछन् । औषतमा करीव २७ प्रतिशत युवा स्थानीय स्तरमा रोजगार छन् भने करीव ४७ प्रतिशत युवा रोजगारीका क्रममा विभिन्न मुलुक पुगेका छन् ।

खेलकुल तर्फ वडा नं ३, ६ र ८ बाहेक सबै वडामा खेलकुद मैदान सहितका न्युनतम पूर्वाधारहरु रहेका छन् । विशेष गरी युवाहरुमा फुटवल, भलिवल, क्रिकेट र व्याडमिण्टन प्रति आकर्षण रहेको देखिन्छ । नगरपालिकामा राष्ट्रिय स्तर देखि नगर स्तरका खेलमा प्रतिनिधित्व गर्ने खेलाडी सबै वडामा छन् ।

### ४.५.२ समस्या तथा चूनौति

यस क्षेत्रका करीव ६ प्रतिशत युवा दुर्व्यसनीमा फसेको देखिन्छ । युवा दुर्व्यसनी, खेल मैदानहरु अव्यवस्थित हुनु, खेल सामाग्रीको अपर्याप्तता, दक्ष प्रशिक्षकद्वारा सिकाई र प्रोत्साहनको अभाव, कवर्ड हलको अभाव, खेलकुदको लागि भौतिक संरचनाको अभाव, युवा बेरोजगारी र बिदेश पलायन यस क्षेत्रको प्रमुख समस्याहरु हुन । युवा वर्गमा परम्परागत कृषि तथा घरेलु व्यवसायमा स्वभाविक आक्रर्षण रहेको छैन । विभिन्न तहका सरकारबीच युवा तथा खेलकुदसम्बन्धी योजना कार्यान्वयन एवम् समान प्रकृतिका कार्यक्रमहरू सञ्चालन गर्न एकापसमा सामञ्जस्यको अभाव छ । स्तरीय खेल प्रशिक्षणमा कमी, खेलमा व्यावसायिकता कमी र खेलाडीको भविष्यको अनिश्चिताका कारण खेल क्षेत्रमा आशातित सफलता हासिल गर्न सकिएको छैन । स्थानीय तहमा रोजगारीका अवसरहरु सिर्जना गर्नु, उपलब्ध रोजगारीका अवसरहरुमा युवा आकर्षण वढाउनु, युवा वर्गलाई कुलतबाट जोगाउनु, खेलकुदका लागि न्युनतम पुर्वाधारको व्यवस्था गर्नु, खेलाडीको मनोवल उच्च बनाउनु चुनौतिका रुपमा रहेको छ ।

### ४.५.३ सोच

“सिंजनशील युवा जनशक्तिको विकास तथा खेलकुद पूर्वाधार, समृद्ध देवचुलीको आधार”

### ४.५.४ उद्देश्य

१. सीप, दक्षता र क्षमताका आधारमा युवा वर्गको परिचालन गर्नु ।
२. खेलकुद क्षेत्रको विकासका लागि युवा वर्गलाई आकर्षित गर्नु ।
३. युवालाई उद्यमशील, सृजनशील र जिम्मेवार नागरिक बन्ने वातावरण निर्माण गर्नु ।

### ४.५.५ रणनीति

१. युवा दुव्यसनी हटाई प्राविधिक र व्यावसायिक तथा उद्यमशील बनाउने ।

२. खेलकुदका पूर्वाधारको विकास गरी विशिष्ट क्षमता सहितका राष्ट्रिय स्तरका खेलाडीको उत्पादन गर्ने ।

३. युवाहरूमा सामाजिक भावना, सिर्जनशीलता, उद्यमशीलता र नेतृत्व क्षमता विकासका लागि नियमित कार्यक्रम सञ्चालन गर्ने ।

४. खेल गतिविधिहरूको वार्षिक क्यालेन्डर बनाएर नियमित रूपमा कार्यक्रमहरू सञ्चालन गर्ने ।

५. प्रतिभावान खेलाडीको पहिचान, क्षमता विकास तथा प्रोत्साहनको व्यवस्था गर्ने ।

### ४.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | गत आ.व.सम्मको उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| स्थानीय रुपमा रोजगार युवा | प्रतिशत | २६ | ३० | ३५ | ४० | ४५ |
| राष्ट्रियस्तर खेलाडीको संख्या | संख्या | १० | १२ | १५ | १७ | २५ |
| उद्यम, व्यवसाय र स्वरोजगार युवा | प्रतिशत | ३० | ३२ | ३५ | ४० | ५० |
| युवा दुर्व्यसनी न्यूनीकरणका लागि युवा परामर्श र योग तथा व्यायाम कार्यक्रम | संख्या | ० | १ | २ | ३ | ४ |
| एक वडा एक खेलकुद मैदानको पूर्वाधार निर्माण | संख्या | ७ | १० | १२ | १४ | १७ |

### ४.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा युवा तथा खेलकुद उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ३७५५ | १८७७ | १८७७ | ० | १०८७ | १९४६ | ७२२ | ० |
| २०८०/८१ | ४१३८ | २०६९ | २०६९ | ० | १२०३ | २१४१ | ७९४ | ० |
| २०८१/८२ | ४५६० | २२८० | २२८० | ० | १३३२ | २३५५ | ८७३ | ० |

### ४.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | ऋवधि | कुललागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | युवा सृजनशिलता विकास कार्यक्रम | युवाहरुमा सीप प्रदान गरी स्वरोगारीमा अभिवृद्धि गर्नु | सालवसाली | ५३४५ | १७ वडामा युवा परिषद गठन भई करिब ८०० युवा संगठित भई स्वाबलम्बी सीपको विकास हुनेछ । |
| २ | खेलकुद पूर्वाधार विकास तथा प्रवर्द्धन कार्यक्रम | खेल प्रतिभाको विकास गरी स्वस्थ मानव संशाधन विकास गर्नु | सालवसाली | ७१०७ | करिब १००० युवाहरुमा खेल प्रतिभाको विकास हुनेछ । |

### ४.५.९ जोखिम पक्ष तथा अनुमान

युवावर्गको मनोवल उच्च राख्ने खालका रोजगारीका अवसरहरु सिर्जना भएको हुनेछ । युवा रोजगार नीति तर्जुमा गर्ने, खेलकुदका पुर्वाधारहरु निर्माण गर्ने तथा अन्तर पालिका खेलकुद कार्यक्रमको आयोजना गर्ने जस्ता कार्यक्रमहरु सञ्चालन भएका हुनेछन् । युवा तथा खेलकुद सम्बन्धी कार्यक्रमका लागि बजेटको यथोचित व्यवस्था, यससँग सम्बन्धित निकायको संस्थागत विकास, जनशक्ति व्यवस्थापन र खेलाडीलाई प्रोत्साहन नभएमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन सक्छ ।

# परिच्छेद पाँच : पूर्वाधार क्षेत्र

यस क्षेत्र अन्तर्गत आवास, भवन तथा शहरी विकास, सडक, पुल तथा यातायात, विद्युत तथा वैकल्पिक उर्जा, सूचना, सञ्चार, विद्युतीय सुशासन लगायतकाउप-क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

## ५.१ आवास, भवन तथा बस्ती विकास

### ५.१.१ पृष्ठभूमि

यस नगरपालिकाको आवास तथा बस्ती विकासको मौलिक र स्वचालित शैलीमा विस्तार भएको छ। सबै वडा कार्यालय र १४ वटा सार्वजनिक पक्की भवनहरु निर्माण भएकाछन् । त्यसैगरी ११ वटा स्वास्थ्य चौकी, ३८ वटा विद्यालय, ८ वटा मनोरञ्जन पार्क, ३ वटा सार्वजनिक शौचालय, एउटा बसपार्क निर्माण सम्पन्न भई सञ्चालनमा रहेका छन् । नगरपालिका भित्र वडा नं. ८ र ११ मा २ वटा सुरक्षित आवास तथा बस्ती विकासको सुरुवात गरिएको छ ।

### ५.१.२ समस्या तथा चूनौति

सडकको मापदण्ड तयार नभएका कारण नगरपालिकामा घरनक्शा पास तथा अभिलेखीकरण कार्य व्यवस्थित हुन सकेको छैन । व्यवस्थित बस्ती निर्माणमा वडाबासीहरुको सोचाईमा एकरुपता नहुनु, प्राविधिक तथा दक्ष जनशक्तिको अभाव हुनु, भवन आचासंहिताको पालना हुन नसक्नु, जमिनको अनियन्त्रित खण्डीकरण तथा प्लटिङ हुनु, अव्यवस्थित बस्ती विकास हुनु आवास तथा बस्ती विकासका प्रमुख समस्या हुन ।

### ५.१.३ सोच

"वातावरण मैत्री शहर देवचुलीको रहर"

### ५.१.४ उद्देश्य

१. नगर क्षेत्रभित्रका सार्वजनिक निर्माण, आवास तथा शहरी विकासलाई समावेशी, वातावरण अनुकुलित तथा सुरक्षित वनाउनु,

२. योजनावद्ध तथा सुरक्षित आवासको सुनिश्चितता प्रदान गर्नु ।

### ५.१.५ रणनीति

१. सार्वजनिक निर्माण, व्यवसायिक क्षेत्रलाई बाल, महिला, जेष्ठ नागरिक तथा अपाङ्ग मैत्री वनाउने ।

२. देवचुली नगरक्षेत्रका शहरी क्षेत्रलाई हरित तथा स्मार्ट सिटीको रुपमा विकास गर्ने ।

३. नगरपालिकाको आवास योजना तयार गरी कार्यान्वयन गर्ने ।

४. जोखिम संवेदनशीलता समेतलाई दृष्टिगत गरी भू-उपयोग नीति तथा योजनाको कार्यान्वयन गर्ने ।

५. व्यावसायिक तथा आवासीय भौतिक संरचना र शहरी पूर्वाधार निर्माणमा विपद् जोखिम प्रतिरोधात्मक उपाय अवलम्बन गर्न प्रोत्साहन गर्ने ।

६. भवन, आवास तथा बस्ती विकास मापदण्डलाई कार्यान्वयन तहमा पुर्‍याई बस्ती विकासको सहज वातावरण तयार गर्ने ।

### ५.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | गत आ.व.सम्मको उपलब्धि | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| प्रवर्द्धित, व्यवस्थित र सुरक्षित आवास क्षेत्र | संख्या | ० | १ | २ | ३ | ४ |
| भूकम्प प्रतिरोधी भवन निर्माणमा दक्ष व्यक्ति | संख्या | ८२ | ११७ | २०० | ३०० | ४०० |
| भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक संस्था | प्रतिशत | १० | १२ | १५ | २० | २५ |
| भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका आवास घर | प्रतिशत | ५० | ५५ | ६० | ७० | ८५ |
| व्यवस्थित गौशालाको निर्माण | संख्या | ० | १ | २ | ३ | ४ |

### ५.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा आवास तथा भवन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ४५०५६ | २२५३ | ४२८०३ | ० | ४३४७ | ३७१०० | ३६०९ | ० |
| २०८०/८१ | ४९६५१ | २४८३ | ४७१६९ | ० | ४८११ | ४०८७० | ३९७० | ० |
| २०८१/८२ | ५४७२० | २७३६ | ५१९८४ | ० | ५३२७ | ४५०२६ | ४३६७ | ० |

### ५.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सुरक्षित आवास निर्माण कार्यक्रम | पिछडिएको वर्गका लागि सुरक्षित, किफायती र वातावरणमैत्री आवासको व्यवस्था गर्नु | २०७९/८० देखी २०८०/८१ सम्म | ६३२२५ | वडा नम्वर १, १३, १५ र १७ मा दलित, बोटे, माझि, मुसहर तथा अति विपन्न ३०० घरपरिवारको लागि सुरक्षित आवास उपलब्ध हुनेछ । |
| २ | भवन निर्माण तथा सुधार कार्यक्रम | स्थानीय शासन, सेवा प्रवाह सहज र सुव्यवस्थित बनाउनु | सालवसाली | ६२१५१ | वडा नं. १, ३, १२, १५ का वडा कार्यालय समेत सार्वजनिक भवनको निर्माण, स्तरोन्नति वा मर्मत संभार भई सञ्चालन हुनेछ । |
| ३ | अन्य सार्वजनिक पूर्वाधार निर्माण तथा सुधार कार्यक्रम | सार्वजनिक शौचालय, शवदाह स्थल, चौतारा र मठमन्दिर लगायत सार्वजनिक पूर्वाधारको विकास र विस्तार गर्नु | सालवसाली | २४०५१ | ३ वटा शौचालय, १ वटा शवदाह स्थल, ५ स्थानमा यात्रु प्रतिक्षालय, ४ स्थानमा पार्क र मन्दिर निर्माण हुनेछन् । |

### ५.१.९ जोखिम पक्ष तथा अनुमान

सडक तथा भवनको मापदण्ड तयार हुनेछ । भूउपयोग, आवास, बस्ती विकास तथा भवन निर्माण सम्बन्धी मापदण्डको परिपालनामा अभिवृद्धि हुनेछ । भूस्वरुपमा परिवर्तन हुने, शहरीकरणका कारण फोहोरमैलाको

विसर्जन र वातावरणीय ह्रासमा वृद्धि भई नगर क्षेत्रको सुन्तरता, हरियाली र स्वच्छतामा ह्रास आउने जोखिम रहेकोछ ।

## ५.२ सडक, पुल तथा यातायात

### ५.२.१ पृष्ठभूमि

देवचुली नगरपालिका भित्र कुल ३९५ किमि सडक रहेको छ। जसमध्ये ८६ किमि कालोपत्रे सडक, ११८ किमि ग्राभेल सडक र १९१ किमि धुले सडक रहेको छ। नगरपालिकाको सबै क्षेत्रमा सडक सुबिधा उपलब्ध रहेको छ।सडक तथा यातायातको सञ्जालका कारण यो नगरपालिकाको देशका अन्य शहरहरूसँग सहज अन्तरसम्बन्ध रहेको छ। यस अर्थमा पनि यो नगर कृषिजन्य उद्योग तथा व्यापार केन्द्रको रुपमा विकास हुन सक्ने प्रबल सम्भावना रहेको छ।

### ५.२.२ समस्या तथा चूनौति

प्रमुख शहरी क्षेत्र, बजार र आवास क्षेत्रमा निर्माण भएका सडकहरूमा ढल, नाली तथा फोहोरमैलाको व्यवस्थापनमा कमी रहेको छ। नगर क्षेत्रमा पक्की, ग्राभेल र कच्ची सडकहरूमा विभिन्न स्थानमा खाल्डाखुल्डी रहेको र आवश्यक स्थानहरूमा पुल तथा कल्भर्टको व्यवस्था हुन नसकेको देखिन्छ। सडक निर्माण तथा यातायात सञ्चालनमा वातावरणीय पक्ष, गुणस्तर र मापदण्डको पालना हुन सकेको छैन। वातावरणीय संरक्षणको उपाय अवलम्बन र आर्थिक तथा सामाजिक विश्लेषणबिना सडक निर्माण गर्ने क्रम बढ्दै गइरहेको छ।

### ५.२.३ सोच

"सुरक्षित, गुणस्तरीय, वातावरणमैत्री र दीगो सडक पूर्वाधार र सघन अन्तरआवद्धता"

### ५.२.४ उद्देश्य

१. सडक तथा सहायक पूर्वाधार र सुबिधाको विकास, विस्तार र स्तरोन्नति गर्नु,
२. स्थानीय यातायातलाई सर्वसुलभ, भरपर्दो, सुरक्षित, समावेशी र व्यवस्थित बनाई आवागमनलाई सहज र व्यवस्थित गर्नु,
३. उपभोक्तामैत्री समावेशी गुणस्तरीय सडक पूर्वाधार निर्माण गर्नु।

### ५.२.५ रणनीति

१. सडक गुरुयोजनामा आधारित भई सडक सञ्जालको विकास र विस्तार र स्तरोन्नति गर्ने।
२. सडक मापदण्ड निर्धारण गरी भौगोलिक सूचना प्रणालीको प्रयोगद्धारा सडकको रेखाङ्कन, नक्साङ्कन र नामाकरण गर्ने।
३. कृषि, उद्योग र पर्यटन तथा सामाजिक सेवा तथा सुबिधालाई सहज र सुलभ हुने गरी गुणस्तरीय र वातावरणमैत्री र विपद् उत्थानशिल सडक तथा सहायक पूर्वाधारको विकास र विस्तार गर्ने।
४.पूर्वाधार निर्माणका लागि विकास साझेदारहरूसँग समन्वय तथा सहकार्य गर्ने।
५. पूर्वाधार निर्माणमा संघीय तथा प्रदेश तथा अन्य स्थानीय सरकारसँग सहकार्य गर्ने।

### ५.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | गत आ.व.सम्मको उपलब्धि | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| कालोपत्रे सडकमा पहुँच भएका घरपरिवार | प्रतिशत | ४५.२३ | ४७ | ४८ | ५० | ५५ |
| ग्राभेल सडकको पहुँचमा भएका घरपरिवार | प्रतिशत | ३१.४१ | ३४ | ३७ | ४० | ४५ |
| कालोपत्रे सडक | कि मि | ८६ | ९० | ९५ | १०० | ११० |
| ग्राभेल सडक | कि मि | ११८ | १२० | १२५ | १३० | १३५ |
| धुले सडक | कि मि | १९१ | १८० | १७० | १६० | १५० |
| पक्की तथा भोलुङ्गे पुल | संख्या | ६ | ७ | ८ | ९ | १० |
| कल्भर्ट | संख्या | ५ | ७ | ८ | ९ | १० |
| सहायक नदीमा झोलुङ्गे पुल | संख्या | ८ | ८ | १० | ११ | १२ |

## ५.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सडक, पुल तथा यातायात उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | १३१४१३ | २६२८ | १२८७८४ | ० | ४३७४१ | ६५२०३ | २२४६९ | ० |
| २०८०/८१ | १४४८१६ | २८९६ | १४१९२० | ० | ४९०१४ | ७१०८७ | २४७१५ | ० |
| २०८१/८२ | १५९६०० | ३१९२ | १५६४०८ | ० | ५४९४९ | ७७४६४ | २७१८७ | ० |

## ५.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | आयोजना/कार्यक्रम वा उपक्षेत्र | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | देवचुली चक्रपथ सडक कालोपत्रे आयोजना | नगरक्षेत्रमा यातायात सुबिधा सहज र व्यवस्थित बनाउनु | २०७९/८० देखी २०८१/८२ सम्म | ९३५३४ | करिब ४५०० हजार जनसंख्या लाभान्वित हुनेछन् । |
| २ | वौलाहखोला पक्कि पुल निर्माण आयोजना (वडा नम्वर ३ र १३ जोडने) | यातायात सुबिधा व्यवस्थित र सहज बनाउनु | २०७९/८० देखी २०८१/८२ सम्म | ७०००० | २५ मिटरको पुल निर्माण हुनेछ । |
| ३ | मुण्डे कुम्सोत दुईलेनको सडक विस्तार आयोजना | यातायात सुबिधा व्यवस्थित र सहज बनाउनु | २०७९/८० देखी २०८१/८२ सम्म | ७०१५० | ४ कि.मि. नमुना सडक निर्माण हुनेछ । |
| ४ | भाटभटेनी चोक हुदै बाह्रकोल बेलस्वारा सडक कालोपत्रे आयोजना | नगर क्षेत्रमा यातायात सुबिधा सहज र व्यवस्थित बनाउनु | २०७९/८० देखी २०८१/८२ सम्म | ३०१८७१ | करिब ३००० हजार जनसंख्या लाभान्वित हुनेछन् । |
| ५ | सडक तथा पुल निर्माण र मर्मतसंभार अन्य कार्यक्रम | यातायात सुबिधा व्यवस्थित र सहज बनाउनु । | सालबसाली | १३०७४९ | ३० कि.मि. सडक तथा ५ वटा पुल/कल्भर्ट निर्माण हुनेछन् । |

### ५.२.९ जोखिम पक्ष तथा अनुमान

संघीय शासन प्रणाली अनुसार तीन तह बीच नीति, कार्यक्रम बीच सामाञ्जस्यता, समन्वय र सहकार्यमा आयोजना कार्यक्रम छनौट र कार्यान्वयन हुनेछ। नगर गौरव, रुपान्तरणकारी, विस्तृत आयोजना प्रस्ताव तयार भएका, क्रमागत, वहुवर्षीय, कार्यान्वयनका लागि तयार भएका आयोजना तथा कार्यक्रम प्रस्तावित भए अनुसार बजेट विनियोजन भई खरिद प्रक्रिया अनुसार आयोजना कार्यक्रम कार्यान्वयन हुनेछन् । संभाव्यता तथा वातावरणीय अध्ययन भएका आयोजना तथा कार्यक्रमलाई प्राथमिकता, उपभोक्ता तथा सरोकारवालाको सहभागितामा आयोजना व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ।

## ५.३ जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा

### ५.३.१ पृष्ठभूमि

देवचुली नगरपालिकामा भूमिगत जल नै मुख्य जलश्रोतका रुपमा रहेको छ ।विद्युत तथा वैकल्पिक उर्जाको प्रयोगको सन्दर्भमा नगरपालिकामा ९५.१४ प्रतिशतले विद्युत, ४.०६ प्रतिशतले सोलार, र ०.४० प्रतिशतले मट्टितेलको प्रयोग गर्ने गरेका छन् भने करीव ७५ प्रतिशतले एलपि ग्याँस र २५ प्रतिशतले दाउरालाई खाना पकाउने इन्धनका रुपमा प्रयोग गर्ने गरेको देखिन्छ।

### ५.३.२ समस्या तथा चूनौति

बोरिङ गरेका ठाउँहरुमा पानीको दुरुपयोग हुनु र प्रशस्त लगानीमा खनिएको बोरिङ सञ्चालनमा आउन नसक्नु समस्याका रुपमा रहेको छ ।सडकका बिचमा विद्युतका पोलहरु अव्यवस्थित तरिकाले रहनु, नगरपालिकामा विद्युत प्राधिकरण संस्था नभएको, वैकल्पिक ऊर्जाको श्रोत भएको ठाउँ भए पनि प्रयोगमा खासै नआएको, सडकबत्तीहरुको अभाब, अझै १० प्रतिशत घरहरुमा विद्युत नपुग्नु, अव्यवस्थित नाङ्गा विद्युतका तारहरु रहनु र समय समयमा विद्युत कटौती हुनु विद्युत र वैकल्पिक उर्जा क्षेत्रका समस्या हुन। व्यवस्थित जल उपयोग र स्वच्छ उर्जाको उपयोगमा विस्तार गर्नु चुनौतिका रुपमा रहेको छ

### ५.३.३ सोच

" गुणस्तरीय जलस्रोत, विद्युत तथा उर्जाको पहुँच, समृद्ध देवचुलीको विकासको आधार।"

### ५.३.४ उद्देश्य

१. स्वच्छ उर्जाको खपत बढाउनु तथा खनिज इन्धनमाथिको निर्भरता कम गर्नु,
२. जलश्रोतको दिगो व्यवस्थापन गर्नु,
३. संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा विद्युत वितरण प्रणाली सुदृढीकरण गर्नु,
४. विपन्न, दलित तथा पिछडिएको वर्गको लागि वैकल्पिक उर्जाको पहुँच वृद्धि गर्नु।

### ५.३.५ रणनीति

१. जलस्रोतका मुहान तथा जलाधार क्षेत्र संरक्षण र सम्वर्द्धनमा समुदायको क्षमता विकास गरी परिचालन गर्ने ।
२. जलस्रोत र जलाधारहरूको समुचित विकासमा निजी क्षेत्र र समुदायसँग अर्थपूर्ण साझेदारी विकास गर्नु।
३. जलस्रोत व्यवस्थापन, जलविद्युत् तथा वैकल्पिक ऊर्जा उत्पादन बढाउन संघ र प्रदेश सरकारका सम्बन्धित निकायहरूसँग सहकार्य गर्ने ।
४. जलविद्युत् उत्पादन र वितरण सुदृढिकरण गर्दै हरित र स्वच्छ ऊर्जा (विद्युत्) खपत बढाउने र खनिज इन्धनमाथिको निर्भरता कम गर्ने ।

### ५.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | गत आ.व.सम्मको उपलब्धि | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| सोलार प्रणाली उपलब्ध घरपरिवार | प्रतिशत | २० | २५ | ३५ | ४५ | ५० |
| सुधारिएको उर्जा (वायोग्यास, एलपी) प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ९१ | ९२ | ९३ | ९४ | ९६ |
| सुधारिएको वा धुवारहित चुल्हो जडान भएका परिवार | संख्या | १०५ | १५० | ३०० | ५०० | ८०० |
| पशुपालनबाट बायोग्यास तथा गोबर ग्यास उत्पादन गर्न व्यवस्था | संख्या | १० | १५ | २५ | ४० | ६० |
| वडामा सौर्य सडक बत्ति जडान | संख्या | १ | ३ | ७ | १२ | १७ |

### ५.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा जलश्रोत, विद्युत तथा स्वच्छ उर्जा उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ४५०६ | ४५१ | ४०५५ | ० | ३२६० | ८८५ | ३६१ | ० |
| २०८०/८१ | ४९६५ | ४९७ | ४४६९ | ० | ३६०९ | ९६० | ३९७ | ० |
| २०८१/८२ | ५४७२ | ५४७ | ४९२५ | ० | ३९९५ | १०४० | ४३७ | ० |

### ५.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधी, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | विद्युत तथा स्वच्छ उर्जा प्रवर्द्धन कार्यक्रम | कार्वन उत्सर्जन न्यूनीकरण गर्नु | सालवसाली | १२४५२ | कार्वन उत्सर्जन वार्षिक २० प्रतिशतले कम हुनेछ। |

### ६.३.९ जोखिम पक्ष तथा अनूमान

जलवायु परिवर्तनको असर, वातावरणीय प्रभाव र जग्गा व्यवस्थापन लगायत स्थानीय सरोकारका विषयलाई सम्बोधन भएको हुनेछ वैकल्पिक ऊर्जा लाई प्रोत्साहन अनुदानमा विस्तार, वायोग्यासको उत्पादनमा वृद्धि, शौर्य उर्जाकोउपयोग विस्तार भएको हुनेछ ।सो हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ ।

## ५.४ सूचना, सञ्चार तथा प्रविधि प्रवद्धन कार्यक्रम

### ५.४.१ पृष्ठभूमि

नेपालको पन्धौं आवधिक योजनाले परम्परागत अर्थतन्त्रलाई ज्ञानमा आधारित र आधुनिक बनाउन आधुनिक प्रविधि विकासको महत्वलाई आत्मसात् गरेर सूचना तथा सञ्चार प्रविधिसम्बन्धी पूर्वाधार तथा परियोजनामा

ठूलो लगानी गर्नुपर्ने औंल्याएको छ । सूचना प्रविधिको प्रयोगको नगरपालिका सन्तोषजनक अवस्थामा छ । नगरपालिकाकासबै वडामा इन्टरनेटको पहुँच रहेको छ । स्वास्थ्य चौकी, विद्यालयहरु, सार्वजनिक सेवा प्रदायकहरुमा सूचना प्रविधिको व्यवस्था गरिएको सूचनाछ । नगरपलिकाका सेवाहरुलाई पुर्णरुपमा कम्प्युटरकृत गरिएको छ ।

### ५.४.२ समस्या तथा चूनौती

सञ्चार संस्थाहरूको संख्यात्मक वृद्धिसँगै गुणात्मक विकास हुन नसक्नु, पोलमा झुन्डिने तारयुक्त सञ्चार-प्रविधि वातावरण र बजारको सौन्दर्यका लागि चुनौतिपूर्ण बन्दै गएको छ । विभिन्न विषयगत क्षेत्रहरुमा सूचना केन्द्रको व्यवस्था नभएको, विद्यालयहरुमा विद्यार्थीका लागि कम्प्युटर तथा इन्टरनेटको व्यवस्था पर्याप्त नभएको, कमजोर संचार प्रविधि, नेपाल टेलिकम, एन सेलका टावरहरु अपर्याप्त, अव्यवस्थित संचारको पोलहरु तथा तारहरु हुनु यस क्षेत्रका समस्या हुन । सूचना संचार तथा प्रविधि विकास सम्बन्धी तालीम प्राप्त व्यक्तिको उपलब्धता, सूचना प्रविधिलाई सेवा प्रवाहमा उपयोग गर्नु, सूचना प्रविधिले ल्याउन सक्ने बिकृति रोक्नु प्रमुख चुनौतीका रुपमा रहेका छन् ।

### ५४.३ सोच

“सूचना तथा सञ्चार, प्रविधिमैत्री देवचुली निर्माणको आधार”

### ५.४.४ उद्देश्य

१. नगरका कार्यलय तथा सामाजिक संस्थाहरुमा सूचना केन्द्रको स्थापना गर्नु ।

२. नगरपालिका वासीमा सूचना तथा सञ्चार प्रविधिको पहुँचलाई सहज र सरल बनाउनु ।

३. आमसञ्चार माध्यमलाई व्यावसायिक र जवाफदेही बनाउँदै नगरभर पहुँच वृद्धि गर्नु ।

४. सूचना प्रविधिलाई सुरक्षित, भरपर्दो र आकर्षक क्षेत्रका रूपमा विकास गर्नु ।

### ५.४.५ रणनीति

१. नगर क्षेत्रका प्रमुख स्थानहरुमा सूचना केन्द्रको स्थापना गरी प्रविधिमैत्री डिजिटल सूचना सेवाद्धारा सहज जीवनयापनको थालनी गर्ने ।

२. सञ्चारका माध्यमलाई सुदृढ बनाई विकासका क्षेत्रहरुलाई टेवा पुऱ्याउने ।

३. नगरपालिकाको सबै कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई प्राथमिकता दिने ।

४. नगरपालिकाको आर्थिक गतिविधि र बोलपत्र आह्वानमा आधुनिक सञ्चार प्रविधि प्रयोग गरी सहज पार्दै लैजाने ।

५. युवा लक्षित सूचना प्रविधिमा आधारित उद्यम व्यवसायको प्रवर्द्धन गरी गुणस्तरीय रोजगारीको वृद्धि गर्ने ।

### ५.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | गत आ.व.सम्मको उपलब्धि | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| इन्टरनेट सेवा प्रयोग गर्ने जनसंख्या | प्रतिशत | ३५ | ४० | ५० | ६५ | ८५ |
| डिजिटल बोर्ड रहेको सार्वजनिक स्थल | संख्या | ० | १ | १ | २ | ३ |
| फ्रि वाइफाई जोन उपलब्ध स्थान | स्थान | २ | ४ | ६ | ८ | १० |

| सूचक | एकाइ | गत आ.व.सम्मको उपलब्धि | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| सूचना प्रविधिमैत्री शिक्षण हुने विद्यालय | संख्या | ० | ० | १ | ३ | ५ |

## ५.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सूचना तथा सञ्चार उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमानदेहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ३००४ | ६०१ | २४०३ | ० | १०८७ | १५५६ | ३६१ | ० |
| २०८०/८१ | ३३१० | ६६२ | २६४८ | ० | १२०३ | १७१० | ३९७ | ० |
| २०८१/८२ | ३६४८ | ७३० | २९१८ | ० | १३३२ | १८८० | ४३७ | ० |

## ५.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सूचना, सञ्चार तथा प्रविधि र विद्युतीय सुशासन कार्यक्रम | सूचना तथा सञ्चार प्रविधिको विस्तार गरी विद्युतीय शासन प्रवर्द्धन गर्नु | सालवसाली | ९९६२ | कार्यपालिका कार्यालय, सबै विषयगत शाखा र १७ वटै वडा कार्यालयमा विद्युतीय सुशासनको अभ्यास सुचारु हुनेछ । |

## ५.४.८ जोखिम पक्ष तथा पूर्वानूमान

उपलब्ध प्रविधिको उपयोग, बजेटको सुनिश्चिता, दक्ष मानव संशाधन उपलब्ध भएमा र महामारी अन्त्य भएको हुनेछ । सो हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ ।

# परिच्छेद छ : वातावरण तथा विपद् व्यवस्थापन

यस परिच्छेद अन्तर्गत वन तथा भूसंरक्षण, वातावरण तथा फोहोरमैला व्यवस्थापन र विपद् जोखिम व्यवस्थापन लगायतका उप-क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ।

## ६.१ वन, भू-संरक्षण तथा जैविक विविधता

### ६.१.१ पृष्ठभूमि

देवचुली नगरपालिकाको ४४ प्रतिशत क्षेत्रफल वनक्षेत्र र १७ प्रतिशत झाडीले ओगटेको छ। यहाँ हाल ३१ वटा सामुदायिक वन रहेका छन्। सामुदायिक वनले करिव ५००० हेक्टर जमिन ओगटेको छ। उष्णप्रदेशिय जलवायु अन्तर्गत पर्ने यो नगरपालिकामा सिसौं, सिमल, जामुन, कदम, खयर, करम, पिठारी, छतिवन, वोहरी, खमारी, वोटधँगेरो, बकाईनो, इपील, टिक, वर, पीपल, बेल, अमला, निम, पलाँस, आँप, डुम्री, कटहर, लिची, नरिवल, वयर, काँशी अमला, कैंदल, राजवृक्ष जस्ता वनस्पती, बोझो, सिउँडी, घ्युकुमारी, तुलसी, जिम्बु, बाबरी, भृंगराज जस्ता जडीवुटी पाइन्छ।

त्यसै गरी यहाँ पाईने प्रमुख वन्यजन्तुमा चितुवा, बाँदर, हापसिलो, बँदेल, ब्वाँसो, स्याल, रातो बाँदर, वन बिरालो, दुम्सी, निगाले बाघ, जङ्गली मुसा, मनसाप्रो आदि पर्दछन् भने चमेरा, सारौं, भँगेरा, कालो तित्रा, सिम तित्रा, लुईंचे, धनेश, सुगा, कालो गिद्ध, लामो ठुँडे गिद्ध, सिलसिले, कटुस टाउके मौरी चरी, जङ्गली लाटोकोसेरो, चिल, कोईली, हुट्टीट्याउँ आदि चराचुरुङ्गी पनि पाईन्छ।

भू तथा जलाधार संरक्षणमा तीनै तहका सरकारको पहल र अग्रसरता रहेको छ। नदि किनारा संरक्षण, पहिरो नियन्त्रण, जलाधार क्षेत्रको संरक्षण र पोखरीहरुको सफाई जस्ता गतिविधि सञ्चालन भएका छन्। देवचुली नगरपालिकाको भू-उपयोगको अवस्था हेर्दा सबैभन्दा बढी अर्थात् ४४.४ प्रतिशत भू-भाग वन क्षेत्रले ओगटेको छ। कूल क्षेत्रको ३०.६ प्रतिशत खेतोयोग्य जमिन रहेकोमा आवास क्षेत्रले ५.१ प्रतिशत आवास क्षेत्रका लागि उपयोग भएको छ। नगरपालिकाले विभिन्न ठाउँमा बृक्षारोपणको कार्य पनि गर्दै आएको छ। बाढी तथा पहिरो नियन्त्रण, खोला तथा खहरे संरक्षण तथा ताल, पोखरीको संरक्षण र वैज्ञानिक व्यवस्थापन पनि नगन्य मात्रामा भएको देखिन्छ।

### ६.१.२ समस्या तथा चूनौति

वन, हरियाली र जैविक विविधताको संरक्षण र दिगो व्यवस्थापनमा यथोचित ध्यान पुग्न सकेको छैन। वातवरणीय स्वच्छता, प्राकृतिक स्रोत र साधनको समुचित उपयोग र संरक्षण हुन सकेको छैन। शहरीकरण तथा अतिक्रमणका कारण वन क्षेत्रको संरक्षणमा चुनौति थपिएकोछ। सामुदायिक वनहरूको संरक्षण र व्यावसायिक उपयोगका लागि कानुनी अड्चनहरू रहेको छ। जलवायु परिवर्तनका कारण केही कमजोर क्षेत्रमा पहिरो जस्ता प्राकृतिक प्रकोपको प्रतिकूल असर परेको छ।स्थानीय बासिन्दाबाट आफ्नो वनको जैविक विविधता तथा पर्यावरणीय प्रणालीको सेवाबारे कम जानकारी रहेको छ। शहरीकरणलाई व्यवस्थित हुन नसक्दा वन तथा जैविक विविधताको संरक्षणमा कठिनाइ भएको छ। दिगो र वैज्ञानिक वन व्यवस्थापन प्रणालीको अनुसरण हुन सकेको छैन।

देवचुली नगरपालिका भित्रको वनक्षेत्रमा माइकोनिया झारको प्रकोपले वन क्षेत्रमा समस्या उत्पन्न भएको छ। सिसौको जातमा आएको रोग, पोखरी क्षेत्रहरु संरक्षण एवम् वैज्ञानिक व्यवस्थापनमा समस्या, वन्यजन्तु चोरी, तस्करी, मापदन्ड विपरित खोला तथा नदीको दोहन यस क्षेत्रका प्रमुख समस्या हुन्। नगरपालिकाको बृहत्तर भू-उपयोग योजना तर्जुमा गरी भूमि व्यवस्थापन कार्य कार्यान्वयन हुन नसक्दा भू-संरक्षण, भूमि व्यवस्थापन,

विपद् जोखिम व्यवस्थापन, जलाधार व्यवस्थापनलगायतका विभिन्न महत्वपूर्ण क्षेत्रमा दिगोपनको सुनिश्चितता गर्न कठिनाइ परेको छ ।

अनिश्चित समयमा पानी पर्ने अतिवृष्टि, अनावृस्टि जस्ता जलवायुजन्य अनिश्चितता निरन्तर बढ्दै गएको छ । अव्यवस्थित विकास निर्माणका कारण भूस्खलन र पारिस्थितिकीय प्रणाली (इकोसिस्टम) सेवामा क्षयीकरणको विस्तार हुँदै गएको छ ।, जलाधार र सिमसार क्षेत्रमा मानवीय र प्राकृतिक (पुरिने समस्या) अतिक्रमण नियन्त्रण, जलाधार तथा सिमसार क्षेत्रको अतिक्रमण नियन्त्रण र भूक्षेत्रको क्षयीकरण रोकी व्यवस्थित तथा भूउपयोग सुनिश्चित गर्ने कार्य चुनौतिपूर्ण रहेको छ ।

### ६.१.३ सोच

"भू-संरक्षण,वन र वन्यजन्तुको संरक्षण तथा जलाधार, सुरक्षित देवचुलीको आधार"

### ६.१.४ उद्देश्य

१. जल, जमीन र जलाधारका स्रोतको संरक्षण र दिगो उपयोग हासिल गर्नु ।
२. वन, वातावरण, ताल तथा प्राकृतिक स्रोत व्यवस्थपान नीति नियम तर्जुमा गरी कार्यान्वयन गर्नु ।
३. राष्ट्रिय भूमि नीतिअनुसार नगरपालिकाको भूमि नीति निर्माण गरी लागु गर्नु ।

### ६.१.५ रणनीति

१. जलाधार क्षेत्रको एकीकृत व्यवस्थापन पद्धति अवलम्बन गरी जलस्रोत र जमिनको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने ।
२. लघु जलाधार व्यवस्थापन योजनाको अवधारणा अनुसार भूक्षय तथा गल्छी नियन्त्रण तथा विकासका पूर्वाधारहरुको संरक्षण गर्नु ।
३. सामुदायिक वन, वन्यजन्तु, भूमि तथा जलाधारको संरक्षण गर्दै वन क्षेत्रलाई पुँजी निर्माणको आधारको रुपमा विकास गर्नु ।
४. प्राकृतिक तथा मानविय विपद्को व्यवस्थापन र न्यूनिकरणको लागि आवश्यक पूर्वाधार तथा योजनाको निर्माण गर्ने ।
५. स्वच्छ एवम् सन्तुलित वातावरण कायम गर्न नीति, नियमको तर्जुमाका साथै वातावरणमैत्री कार्यक्रमहरुलाई प्रोत्साहन एवम् अनुदान दिने ।
६. एकीकृत जलाधार व्यवस्थापन मार्फत् जल तथा जमिनको संरक्षण गर्दै भूमिको उत्पादकत्व वृद्धि गरी जनताको जीवनस्तरमा सुधार ल्याउने ।
७. राष्ट्रिय भू-उपयोग नीति तथा जोखिम संवेदनशील भू-उपयोग योजनाअनुसार भूउपयोग क्षमताको वर्गीकरण (Land Capability Classification) गरी सोबमोजिम भूउपयोग गर्ने ।

### ६.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | गत आ.व.सम्मको उपलब्धि | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| वृक्षरोपण र वन विकास कार्यक्रम लागू स्थान | प्याकेज | १ | १ | १ | १ | १ |
| वन व्यवस्थापन सम्बन्धी नीति तथा कानून | संख्या | ० | १ | २ | २ | २ |
| व्यवसायिक घाँसे खेती गरिएको वन क्षेत्र | हेक्टर | ० | ३० | ३५ | ४० | ४५ |

| सूचक | एकाइ | गत आ.व.सम्मको उपलब्धि | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| बाँध तथा स्परको लम्बाइ | कि.मि. | ० | ० | १ | २ | ३ |

### ६.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा वन तथा भूसंरक्षणउप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | १६५२० | ४९५६ | ११५६४ | ० | २१७३ | १३८०६ | ५४१ | ० |
| २०८०/८१ | १८२०५ | ५४६२ | १२७४४ | ० | २४०६ | १५२०४ | ५९६ | ० |
| २०८१/८२ | २००६४ | ६०१९ | १४०४५ | ० | २६६४ | १६७४५ | ६५५ | ० |

### ६.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | वन तथा हरियाली तथा जैविक विविधता संरक्षण कार्यक्रम | हरियाली क्षेत्र विस्तार तथा वनको दिगो व्यवस्थापन गर्नु | सालवसाली | ४३८३ | सामुदायिक वनमा सञ्चालन हुने आयआर्जन तथा जिविकोपार्जनका कार्यमा २० प्रतिशतले वृद्धि हुनेछ । |
| २ | जलाधार संरक्षण आयोजना, वडा नम्बर ७ देउसत | जलाधार क्षेत्रको संरक्षण गर्नु | सालवसाली | १३६९७ | ६०० रोपनी जलाधार क्षेत्रको जमीन, पानी तथा वनको स्रोत संरक्षण हुनेछ । |
| ३ | वौलाह खोला, झराही खोला, मुकुण्डो खोलार लोकाहा खोला तटवन्ध निर्माण आयोजना | गाउँबस्तीको संरक्षण गन | २०७९/८० देखी २०८४/८५ सम्म | ५५६२६ | ३० हजार जनसंख्या प्रत्यक्ष लाभान्वित हुनेछन् । |
| ४ | तालतलैया तथा जलाधार संरक्षण तथा तथा नदि नियन्त्रण कार्यक्रम | भूक्षय तथा नदी कटानबाट जग्गा जमीन र गाउँबस्तीको संरक्षण गर्नु | सालवसाली | ६५७५ | करिब १ कि.मि. लम्बाईको बाँध तथा स्पर निर्माण गरी नदी नियन्त्रण, भूक्षण तथा नदी कटानबाट हुने क्षति नियन्त्रण हुनेछ । |

### ६.१.९ जोखिम पक्ष तथा पूर्वानूमान

संघीय संरचना अनुसारको नीतिगत, कानूनी र संरचनागत व्यवस्था, समुदाय तथा सरोकारवालाको सहभागिता, यस क्षेत्रमा श्रोत साधनको लगानीमा प्राथमिकता प्राप्त भएमा अपेक्षित उपलब्धि हासिल हुने अनुमान गरिएको छ । जलवायु परिवर्तनको असर, कोभिड १९ लगायतका महामारी र अन्य विपद् जोखिममा वृद्धि, स्रोतको अनियन्त्रित दोहन र उत्खनन् तथा अनियन्त्रित निर्माण जस्ता जोखिम पक्षहरु रहेका छन् । उल्लिखित जोखिम पक्षको सम्बोधन भएमा अपेक्षित नतिजा हासिल नहुन सक्छ ।

## ६.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ६.२.१ पृष्ठभूमि

नगरपालिकाले नगर क्षेत्रका प्रमुख बजार केन्द्रहरुबाट फोहोरमैला संकलन तथा व्यवस्थापन गर्ने काय संस्थागत रुपमा अगाडि बढेको छ । नगरपालिकाले प्राकृतिक स्रोत संरक्षण ऐन तर्जुमा, वातावरणीय अध्ययन कार्यविधि स्वीकृति गरी सो अनुसार नगर क्षेत्रका कार्यान्वयन हुने आयोजना तथा कार्यक्रममा वातावरणीय अध्ययन गरी सञ्चालन गर्दै आएको छ । यसैगरी प्राकृतिक स्रोत संरक्षण, प्लाष्टिक नियन्त्रण, फोहोर जलाउने कार्यलाई निरुत्साहन गरी प्रदूषण नियन्त्रण तथा वातावरण संरक्षणका प्रयास अगाडि बढाएको छ ।

नगरपालिकामा रहेका कूल घरपरिवारहरू मध्ये ६२.२० प्रतिशतको घरमा नै फोहोर गाडीमार्फत संकलन गर्ने अभ्यास रहेको छ । फोहोर व्यवस्थापनको अन्य अभ्यास हेर्दा१६.३५ प्रतिशतले फोहरलाई आफ्नै कम्पाउण्ड भित्र बाल्ने गरेको, ७.८३ प्रतिशतले फोहोर थुपार्ने ठाउँ वा क्यानमा राख्ने, ६.३५ प्रतिशतले आफ्नै कम्पाउण्ड भित्र गाड्ने वा थुपार्ने र ३.२० प्रतिशतले नदी वा खोल्सामा फ्याल्ने गरेको देखिन्छ ।छन् ।

### ६.२.२ समस्या तथा चुनौति

नगर क्षेत्रमा फोहोरमैला व्यवस्थापनको लागि संकलन, ढुवानी र सुरक्षित विसर्जनको सुरुवात गरेतापनि त्यसको पूर्ण व्यवस्थापन भने भैसकेको छैन । नगर क्षेत्रमा जथाभावी फोहोर फ्याक्ने, प्लाष्टिकको अत्याधिक प्रयोग गर्ने, ढल तथा प्रशोधन केन्द्रको व्यवस्था नहुँदा तरल फोहोरको उचित व्यवस्थापन नहुने, नगर क्षेत्रभित्र वायु, जल तथा ध्वनी प्रदूषण जस्ता वातावरणीय समस्याहरू वृद्धि भईरहेका छन् । वातावरण सम्बन्धी यस नगरको प्रमुख समस्यामा फोहोर व्यवस्थापन तथा दोश्रो समस्याको रुपमा जल प्रदूषण रहेका छन् । वन तथा वातावरण क्षेत्रको संरक्षणमा समन्वय र सहकार्यको अभिवृद्धि गर्नु, मानव र वन्य जन्तु बीचको व्यवस्थापन गर्नु, जलवायु अनुकुलन कार्यक्रम सञ्चालन गर्नु र चौधरी ग्रुपका उद्योगबाट उत्पादित फोहोरको व्यवस्थित व्यवस्थापन गर्नु वातावरण तथा फोहोरमैला व्यवस्थापन क्षेत्रका चुनौती हुन् ।

### ६.२.३ सोच

“स्वच्छ एवम् सन्तुलित वातावरण, वातावरणमैत्री कार्यक्रमहरुलाई प्रोत्साहन ”

### ६.२.४ लक्ष्य र उद्देश्य

१. स्वच्छ एवम् सन्तुलित वातावरणका लागि नीतिगत व्यवस्था गर्नु,
२. पर्यावरणीय स्वच्छता, सुन्दरता र वातावरणीय सरसफाइमा अभिवृद्धि गर्नु,
३. वातावरण अनुकुलित विकास, स्वच्छ उर्जा, प्रविधि तथा हरियाली अभिवृद्धि गर्नु ।

### ६.२.५ रणनीति

१. वातावरण अनुकुलित विकास, स्वच्छ उर्जा तथा प्रविधि र हरियाली अभिवृद्धि गर्ने ।

२. नागरिक सचेतना तथा पूर्ण सरसफाईको माध्यमबाट दिगो स्वच्छता तथा सरसफाइ कायम गर्ने ।

३. सचेतना र व्यक्तिगत व्यवहार परिवर्तनको माध्यमबाट वातावरणीय स्वच्छता अभिवृद्धि गर्ने ।

४. विकास निर्माण तथा उद्यम विकास र स्रोत परिचालन सम्बन्धी कार्यमा कानून अनुसार वातावरणीय अध्ययन सम्बन्धी व्यवस्थाको नियमपालनामा अभिवृद्धि गर्ने ।

### ६.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | गत आ.व.सम्मको उपलब्धि | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| ल्यान्डफिल्ड साइट | संख्या | ० | ० | १ | १ | १ |
| फोहोर संकलन साधन | संख्या | १ | २ | ३ | ४ | ५ |
| स्रोतमानै फोहर वर्गिकरण तथा व्यवस्थापन गर्ने घरपरिवार | प्रतिशत | १० | १५ | ३० | ५० | ६० |

### ६.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सूचना, सञ्चार तथा प्रविधि उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमानदेहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ७५०९ | ३७५५ | ३७५५ | ० | ४३५ | ६३५३ | ७२२ | ० |
| २०८०/८१ | ८२७५ | ४१३८ | ४१३८ | ० | ४८१ | ७००० | ७९४ | ० |
| २०८१/८२ | ९१२० | ४५६० | ४५६० | ० | ५३३ | ७७१४ | ८७३ | ० |

### ६.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | ल्याण्डफिल साइट निर्माण आयोजना | ल्याण्डफिल साइटको निर्माण गर्नु | २०७९/८० देखी २०८१/८२ सम्म | १५००० | ३० हजार जनसंख्या प्रत्यक्ष लाभान्वित हुनेछन् । |
| २ | फोहोरमैला व्यवस्थापन कार्यक्रम | सरसफाई सेवा तथा सुविधामा पहुँच वृद्धि गर्नु | सालवसाली | ६२४९ | वातावरण संरक्षण र प्रदुषण न्यूनीकरणमा २० प्रतिशतले सुधार भएको हुनेछ । |

### ६.२.९ जोखिम पक्ष तथा अनुमान

संघीय संरचना अनुसारको नीतिगत, कानूनी र संरचनागत व्यवस्था, कर्मचारीको पदपूर्ती, समुदाय तथा सरोकारवालाको सहभागिता, उपकरण र श्रोत साधनको लगानी भएमा अपेक्षित उपलब्धी हासिल हुने अनुमान गरिएको छ । जलवायु परिवर्तनको असर, कोभिड १८ लगायतका महामारी र अन्यविपद् जोखिममा वृद्धि, स्रोतको अनियन्त्रित दोहन र उत्खनन तथा अनियन्त्रित निर्माण जस्ता जोखिम पक्षहरु रहेका छन् ।

## ६.३ विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन

### ६.३.१ पृष्ठभूमि

बाढी, पहिरो तथा भुकम्प जस्ता प्राकृतिक प्रकोपहरुबाट नेपाल उच्च जोखिममा रहेको छ। भुकम्प तथा मिश्रित विपत्तिहरुको जोखिमका सन्दर्भमा नेपाल क्रमशः ११औं र १६औं स्थानमा रहेको छ । भारतीय र युरोसियन जमिन एक-आपसमा ठोक्किएको भुभाग माथि नेपाल अवस्थित छ । जसको कारण यहाँ ठूला भुकम्पहरु बारम्बार गईरहन्छन् । मेपलक्रफ्टको जलवायु परिवर्तन जोखिममा रहेकाहरुको सुचीमा नेपाल चौथो सबैभन्दा जोखिममा रहेको मुलुक भनिएको छ जसअनुसार नेपालको स्थान "सर्वोच्च जोखिम" को समुहमा पर्दछ। नेपाल

जलवायु परिवर्तनका असरहरुबाट पनि जोखिममा रहेको छ र यहाँ तापक्रम बढ्दै जानुको साथै वर्षा पनि अनियमित हुने गरेको छ ।

देवचुली नगरपालिकाको ७ वटा वडामा विपद् व्यवस्थापनका लागि प्राथमिक उपचार केन्द्र एवम् रक्त संचार केन्द्र स्थापना गरिएको छ । नगरपालिकाका १७ वटै वडामा समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन समिति रहेको छ । नगरका ११ वटा वडामा भू-कम्प प्रतिरोधात्मक सार्वजनिक संरचना निर्माणको थालनी गरिएको छ । नगरका ५ वटा वडामा विपद् व्यवस्थापन आपतकालिन कोष स्थापना गरिएको छ भने २ वटा वडामा विपद् पूर्व तयारी तथा पूर्वसूचना प्रणाली स्थापना गरिएको छ । जलवायु परिवर्तन अनुकूलनका लागि अन्तर सरकार सहकार्यमा विस्तार हुँदै गएको छ ।

### ६.३.२ समस्या तथा चूनौति

यस नगरपालिका आकस्मिक प्रतिकार्यका सन्दर्भमा अहिलेको अवस्थामा केही सहज देखिए तापनि भविष्यमा कुनै ठूलो विपद् आइलागेमा त्यसको सामना गर्न अझै पनि तयारीको कमी रहेको देखिन्छ । पूर्व मनसुन र मनसुनको समयमा वर्षाले र नियमित रूपमा असिना, हावहुरी, बाढी, पहिरो, डुबानका समस्या सिर्जना गर्ने गरेको छ । जलवायु परिवर्तनको असर जैविक विविधता, वर्षाको प्रवृति तथा जलाधार क्षेत्रमा प्रत्येक्ष रुपमा परेको छ । आगालागी, डढेलो, पहिरो जस्ता प्राकृतिक प्रकोपयस क्षेत्रका प्रमुख समस्या हुन ।

### ६.३.३ सोच

“प्रकोप व्यवस्थापन हाम्रो रहर, सुरक्षित र उत्थानशील नगर”

### ६.३.४ उद्देश्य

१. प्राकृतिक एवम् गैर प्राकृतिक विपद्बाट हुनसक्ने मानवीय, आर्थिक र सामाजिक क्षति-नोक्सानीको न्यूनीकरण गर्नु,

२. विपद् पूर्व तयारी तथा प्रतिकार्यलाई व्यवस्थित र प्रभावकारी बनाउनु,

३. पुनर्स्थापना, पुनर्निर्माण तथा पुनर्लाभको अवस्था हासिल गर्नु,

४. स्थानीय परिवेश सुहाउँदो जलवायु परिवर्तन अनुकूलनका उपाय तथा अभ्यासको प्रवर्द्धन गर्नु ।

### ६.३.५ रणनीति

१. जलवायु परिवर्तन अनुकूलनलाई विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनसँग एकीकृत गरी स्थानीय विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने,

२. स्थानीय विपद् तथा जलवायु परिवर्तन अनुकूलन योजना तयार गरी विपद् व्यवस्थापलको सबलीकरण गर्ने,

३. नगरपालिकामा विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापनका लागि संस्थागत व्यवस्था एवम् समुदाय र सरोकारवालासँग साझेदारी तथा सहकार्य अभिवृद्धि गर्ने,

### ६.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | गत आ.व.सम्मको उपलब्धि | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| बाँध तथा स्परको लम्बाई | कि मि | ० | ० | १ | २ | ३ |

| सूचक | एकाइ | गत आ.व.सम्मको उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| विपद् व्यवस्थापन कोष (रु.) | हजारमा | २०००० | ३०००० | ३५००० | ४०००० | ४५००० |
| पहिचान तथा नियन्त्रण भएका वाढी तथा ढुवान स्थल | संख्या | २ | ३ | ५ | ६ | ८ |
| पहिचान तथा अभिलेख भएका सुरक्षित खुल्ला क्षेत्र | संख्या | १ | १ | २ | ३ | ४ |
| सञ्चालनमा रहेका दमकल, एम्बुलेन्स तथा सव वहान | संख्या | २ | २ | ३ | ३ | ४ |
| जलवायु अनुकुलन कार्यक्रम सुचारु समुदाय | संख्या | १ | १ | २ | ३ | ४ |
| निर्माण भएका पोखरी | संख्या | २ | ३ | ३ | ४ | ५ |

### ६.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | २२५२८ | ९०११ | १३५१७ | ० | १०८७ | १९६३६ | १८०५ | ० |
| २०८०/८१ | २४८२६ | ९९३० | १४८९५ | ० | १२०३ | २१६३८ | १९८५ | ० |
| २०८१/८२ | २७३६० | १०९४४ | १६४१६ | ० | १३३२ | २३८४५ | २१८४ | ० |

### ६.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्रस | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन कार्यक्रम | विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलनलाई प्रभावकारी गराउनु | सालवसाली | ७४७१३ | करिब ४ कि.मि. लम्बाई बाँध तथा स्पर निर्माण गरी नदी नियन्त्रण, भूक्षण तथा नदी कटानको नियन्त्रण कमी आएको हुनेछ । जलवायु परिर्वनको प्रभावमा कमी आएको हुनेछ । |

### ६.३.९ जोखिम पक्ष तथा अनुमान

संघीय संरचना अनुसारको नीतिगत, कानूनी र संरचनागत व्यवस्था, कर्मचारीको पदपूर्ती, समुदाय तथा सरोकारवालाको सहभागिता, उपकरण र श्रोत साधनको लगानी भएमा अपेक्षित उपलब्धि हासिल हुने अनुमान गरिएको छ । जलवायु परिवर्तनको असर, कोभिड १९ लगायतका महामारी र अन्य विपद् जोखिममा वृद्धि, स्रोतको अनियन्त्रित दोहन र उत्खनन तथा अनियन्त्रित निर्माण जस्ता जोखिम पक्षहरु रहेका छन् ।

# परिच्छेद सात : संस्थागत विकास तथा सुशासन क्षेत्र

यस परिच्छेद नीति, कानून, न्याय तथा सुशासन, मानज संशाधन तथा क्षमता विकास, स्रोत सुदृढीकरण तथा परिचालन, तथ्याङ्क तथा योजना व्यवस्थापन जस्ता उप-क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

## ७.१ नीति, कानून, न्याय तथा सुशासन

### ७.१.१ पृष्ठभूमि

नगरपालिकाले आवश्यक पर्ने सुशासन ऐन, शिक्षा ऐन, पूर्वाधार विकास व्यवस्थापन ऐन, सहकारी ऐन, आर्थिक ऐन, विनियोजन ऐन, फोहोरमैला व्यवस्थापन ऐन, कर तथा गैरकर राजस्वसम्बन्धी ऐनलगायत ४७विषयमा नीति तथा ऐन प्रमाणीकरण भई स्थानीय राजपत्रमा प्रकाशन र कार्यान्वयनमा रहेका छन् । विगत पाँच आर्थिक वर्षको तथ्यांकअनुसार हालसम्म न्यायिक समितिमा जम्मा १६० वटा उजुरीहरू परेकोमा ११४ फछ्यौट भएका छन् । जसमध्य १०६ वटा मेलमिलापका माध्यमवाट, ४ वटा न्यायिक निरुपणवाट, २ वटा अदालतवाट, २ वटा कावासोती नगरपालिका र गैडाकोट नगरपालिका सिफारिस गरी मुद्दा किनारा लगाइएका छन् ।

### ७.१.२ समस्या तथा चूनौति

योजनाबद्ध तथा नतिजामूलक विकास, संस्थागत सुदृढीकरण र सुशासन कायम गर्न उपयुक्त, सरल र सहज प्रणाली स्थापनालगायतका चुनौति विद्यमान रहेका छन् । नेपालको संविधान व्यवस्थाअनुसार नगरपालिकाले अझै विपद् व्यस्थापन तथा अनुकूलन, पर्यटन तथा खेलकुद विकास, कला तथा संस्कृति संरक्षण, महिला, बालबालिका र सशक्तीकरणलगायत विषयमा नीति, ऐन, नियम, कार्यविधि निर्माण गर्न तथा निर्माण भएका ऐन कानूनको समेत पूर्ण कार्यान्वयन हुन सकेको छैन। तर्जुमा भएका ऐन, नीति, नियम, कार्यविधिबारे सबै निर्वाचित जनप्रतिनिधि, वडा समिति, आम नागरिक विशेषगरी विपन्न तथा लक्षित वर्गलाई सुसूचीत गराउने, प्रभावकारी रूपमा कार्यान्वयन गर्ने र त्यसको परिपालन हुन सकिरहेको छैन ।

### ७.१.३ सोच

“सबल, सक्षम र पारदशी सार्वजनिक सेवा, स्वच्छ, निश्पक्ष र पारदर्शी विकासमा टेवा”

### ७.१.४ उद्देश्य

१. शहरी शासन, विकास नीति तथा कार्य प्रणालीलाई सरल, स्पष्ट र पारदर्शी बनाउनु,

२. नगरपालिकाको संगठन क्षमता, मानव संशाधन, कार्य दक्षतामा अभिवृद्धि गर्नु,

३. स्थानीय स्रोत परिचालन तथा राजस्व प्रणाली सुदृढ बनाउनु,

४. योजना तथा विकास प्रणालीलाई सूचना प्रविधिमा आधारित, समावेशी र नतिजामूलक बनाउनु ।

### ७.१.५ रणनीति

१. स्थानीय शासन प्रणाली तथा नीति, कानून, निर्णय, कार्यसम्पादन र सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही र प्रभावकारी बनाउने ।

२. नगरपालिकाको नीति, कानून तथा निर्णय प्रक्रियामा लक्षित समुदाय र आम नागरिकको संलग्नता र अपनत्व वृद्धि गर्ने

३. न्यायमा नागरिकको पहुँचका लागि सरलीकृत र स्तरीय न्यायिक सम्पादन गर्ने,

### ७.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नीति, कानून तथा सुशासन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार रहेकोछः

| सूचक | एकाइ | गत आ.व.सम्मको उपलब्धि | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| स्वीकृत नीति, कानून तथा मापदण्ड | संख्या | ३४ | ३८ | ४८ | ५५ | ६० |
| - नीति | संख्या | ० | ० | १ | २ | २ |
| - ऐन | संख्या | १२ | १४ | १८ | २० | २२ |
| - नियम तथा विनियम | संख्या | ० | २ | ५ | ७ | ८ |
| - निर्देशिका, कार्यविधि र मापदण्ड | संख्या | २२ | २२ | २४ | २६ | २८ |
| क्रियाशिल संयन्त्र तथा संरचना | संख्या | ९ | १० | १२ | १४ | १६ |
| दर्ता भएका गुनासो सुनुवाईको घटना | संख्या | ५० | ४५ | ४० | ३५ | ३० |
| अभ्यासमा रहेका जवाफदेहिता प्रवर्द्धन सम्बन्धी औजार/किसिम | संख्या | ३ | ४ | ५ | ६ | ७ |
| सार्वजनिक सुनुवाई आयोजना (बार्षिक) | पटक | ० | २ | ३ | ३ | ३ |
| सामाजिक परीक्षण आयोजना (वार्षिक) | संख्या | ० | १ | १ | १ | १ |

### ७.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा नीति, कानून तथा सुशासन उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ४५०६ | ४२८० | २२५ | ० | ४५०६ | ० | ० | ० |
| २०८०/८१ | ४९६५ | ४७१७ | २४८ | ० | ४९६५ | ० | ० | ० |
| २०८१/८२ | ५४७२ | ५१९८ | २७४ | ० | ५४७२ | ० | ० | ० |

### ७.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअसार प्रस्तुत गरिएको छ :

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षितनतिजा |
|---|---|---|---|---|---|
| १ | नीति, कानुन, न्याय तथा सुशासन प्रवर्द्धन कार्यक्रम | शहरी शासन, सेवा प्रवाह तथा विकास नीति र कार्य सञ्चालन प्रणाली एवम् प्रक्रिया सरल, स्पष्ट र पारदर्शी बनाउनु | सालबसाली | १४९४३ | नीति, कानून तथा कार्यविधि परिपालनामा ६० प्रतिशतले वृद्धि हुनेछ । |

### ७.१.९ जोखिम पक्ष तथा पूर्वानूमान

संविधान, संघीय, प्रदेश र स्थानीय नीति र कानून बमोजिम तिनै तहका सरकारका निकायहरु र गैसस, समुदाय, सहकारी र नीजि क्षेत्र बीचको समन्वय, स्रोत साधन, प्रविधि र दक्ष मानव संशाधन सहज उपलब्ध भएमा अपेक्षित नतिजा हासिल हुनेछ । उपरोक्त व्यवस्था हुन नसके अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहने छ ।

## ७.२ संगठन, मानव संशाधन र सेवा प्रवाह

### ७.२.१ पृष्ठभूमि

नगरपालिकामा हाल ५० जना मात्र कर्मचारी कार्यारत रहेका छन्भने दरवन्दी अनुसार नगरपालिकामा २२ जना कर्मचारी अपुग रहेको देखिन्छ । त्यसैगरी करारमा विभिन्न कार्यक्रम तर्फ ११ जना, नगरपालिका तर्फ सेवा करारमा २५ जना, कोरोना अस्पताल तर्फ सेवा करारमा ४ जना, आधारभुत स्वास्थ्य केन्द्र तर्फ ३० जना र मातृ तथा नवजात शिशु कार्यक्रम तर्फ २ जना कर्मचारी कार्यरत रहेका छन् ।

### ७.२.२ समस्या तथा चूनौति

संघ प्रदेश र स्थानीय तहद्धारा जम्मा ७२ जना कर्मचारी दरवन्दी स्विकृत भएकोमा हाल ५० जना मात्र कार्यरत रहेका छन् । संस्थागत संरचना, मानव स्रोत, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन पद्धति अवैज्ञानिक र परम्परागत देखिन्छ । नगरपालिकाको सेवा व्यवस्थापन प्रक्रिया प्रभावकारी हुन सकेको छैन । जनशक्तिको परिचालन तथानगरको सेवा र सुबिधा  गुणस्तरीय र कार्य सम्पादन नतिजामुखी हुन सकेको छैन । एकल अधिकार तथा साझा अधिकार सम्बन्धी पर्याप्त कानुन तर्जुमा हुन नसक्नु, पूर्वाधार विकासका कामहरु समय, लागत र मापदण्ड बमोजिम सम्पन्न नहुनु, पारदर्शीता र जवाफदेहिताका कार्यक्रमहरुको प्रभावकारीता हुन नसक्नु देवचुली नगरपालिकाका प्रमुख समस्याहरु हुन ।

### ७.२.३ सोच

"जवाफदेही र पारदर्शी जनप्रशासन, सूचना प्रविधिमा आधाारित विधिको शासन"

### ७.२.४ उद्देश्य

१. स्थानीय सेवाको व्यवस्थापन क्षमता, मानव संसाधन र कार्य दक्षतामा अभिवृद्धि गर्नु,
२. नागरिक सेवा प्रवाहमा सुधार गर्दै मितव्ययी, पारदर्शी एवं उत्तरदायी प्रशासन निर्माण गर्नु,
३. नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली चुस्त र मजबुत पार्नु ।

### ७.२.५ रणनीति

१. स्थानीय सेवा प्रवाहलाई सरल, सहज र सेवाग्राहीमैत्री बनाउने,

२. नगर कार्यपालिका तथा वडा कार्यालयको संगठन क्षमता सुदृढीकरण गर्ने,

३. कार्यविधि निर्माण गरी सेवा प्रवाह तथा कार्यसम्पादनलाई व्यवस्थित गर्ने ।

### ७.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार संगठन, मानव संशाधन र सेवा प्रवाह उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार रहेको छ :

| सूचक | एकाइ | गत आ.व. सम्मको उपलब्धि | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| कार्यरत मानव संशाधन | संख्या | ५० | ५२ | ६० | ६५ | ७२ |
| कार्यरत विषय विज्ञ कर्मचारी | संख्या | ० | १ | २ | ३ | ४ |
| कार्यपालिका र वडा कार्यालय भवन | संख्या | १५ | १७ | १८ | १८ | १८ |
| सेवा सुचारु सेवा तथा श्रोत केन्द्र (कृषि स्वास्थ्य, पशु सेवा, शिक्षा, सूचना) | संख्या | १८ | १९ | २० | २२ | २४ |
| क्षमता विकास कार्यक्रमबाट लाभान्वित पदाधिकारी, कर्मचारी र नागरिक समाज | जना | १४५ | १६० | १८० | २०० | २४० |
| सेवा प्रवाहबाट सन्तुष्ट सेवाग्राही | | ७६ | ८० | ८५ | ८८ | ९० |
| संस्थागत स्वमूल्याङ्कन स्कोर | प्रतिशत | ८७ | ८८ | ८९ | ९० | ९० |

### ७.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा संगठन, क्षमता विकास र सेवा प्रवाह उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | १०८८८५ | ८७१०८ | २१७७७ | ० | १०८८८५ | ० | ० | ० |
| २०८०/८१ | ११९९९१ | ९५९९३ | २३९९८ | ० | ११९९९१ | ० | ० | ० |
| २०८१/८२ | १३२२४० | १०५७९२ | २६४४८ | ० | १३२२४० | ० | ० | ० |

### ७.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | संगठन, मानव संशाधन, क्षमता विकास र सेवा प्रवाह सुदृढीकरण कार्यक्रम | स्थानीय सेवा, संगठन, मानव संशाधन र कार्य सम्पादनमा अभिवृद्धि गर्नु | सालबसाली | ३६१११५ | कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू भई सेवा प्रवाहको स्तरमा ५० प्रतिशतले सुधार हुनेछ। |

### ७.२.९ जोखिम पक्ष तथा पूर्वानूमान

संविधान, संघीय, प्रदेश र स्थानीय नीति र कानून बमोजिम संगठन, दक्ष मानव संशाधन, सीप र दक्षतामा अभिवृद्धि भएमा अपेक्षित नतिजा हुनेछ। उपरोक्त व्यवस्था कायम हुन नसकेमा अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहन सक्छ।

## ७.३ राजस्व तथा स्रोत परिचालन

यस नगरपालिकामा राजस्व प्रशासनको लागि बेग्लै राजस्व शाखा स्थापना गरिएको छ। नगरपालिकाले राजस्व असुली कार्यमा कम्प्युटरीकृत प्रणाली (कम्प्युटर, प्रिन्टर, विलिङ सफ्टवेयर सहितको) प्रयोग गरिएको छ। यस शाखामा, कम्प्युटर, २ वटा प्रिन्टर, टेवुल कुर्ची, दराज तथा अन्य भौतिक सुविधा उपलब्ध गराइएको छ। राजश्व सम्बन्धी डाटा अनलाइनबाट प्रविष्ट गर्ने गरिएको छ। राजश्व असुलीकोलागि SuTRA सफ्टवेयरको प्रयोग गरिएको छ। निवेदन दस्तुर, सिफारिस, पञ्जीकरण दस्तुर, मालपोत भूमि कर लगायतका शिर्षकमा असुल हुने राजस्व वडा कार्यालयबाटै संकलन गर्ने गरी कर्मचारीको व्यवस्था गरिएको छ। दर्ता अनुमति नवीकरण दस्तुर, नक्सापास नगरपालिका कार्यालयबाटै हुने गरेको छ। वडा कार्यालय तथा नगरपालिकामा संकलन गर्ने राजस्व नगदी रसिद मार्फत्संकलन गरी बैङ्क दाखिला गरी सो को बैङ्क भौचर नगरपालिकामा पेश गरेपश्चात् राजस्व शाखाका कर्मचारी मार्फत् SuTRA सफ्टवेयरमा प्रविष्ट गर्ने गरिएको छ।

### ७.३.२ समस्या तथा चूनौति

नगरपालिकाको राजस्व संकलनको सम्भावना प्रचुर रहे तापनि आवश्यक सूचना प्रविधिमैत्री राजस्व संकलन व्यवस्था, कार्यविधि तथा मापदण्ड, दक्ष कर्मचारीको अभाब जस्ता कारणले गर्दा सम्भावनाको न्युन राजस्व मात्र संकलन भइरहेको छ। विषय क्षेत्रगत रूपमा बजेट विनियोजन सन्तुलित नभई पूर्वाधार क्षेत्रमा अधिक हुने गरेको

र रोजगार, उत्पादनमूलक, सामाजिक क्षेत्र तथा आयमूलक आयोजना तथा कार्यक्रममा लगानी अपेक्षाकृत रुपमा कमजोर रहेको छ ।

### ७.३.३ सोच

“सुदृढ र प्रगतिशिल राजस्व प्रणाली तथा व्यवस्थित स्रोत परिचालन”

### ७.३.४ उद्देश्य

१. राजस्वको दायरा, दर र प्रशासनलाई सूचना प्रविधिमा आधारित र व्यवस्थित गरी आन्तरिक आय तथा वाह्य स्रोत परिचालन गर्नु ।

२. राजस्वका नयाँ क्षेत्रहरुको पहिचान र विद्यमान राजस्व प्रशासनलाई करदातामैत्री बनाउनु ।

३. आन्तरिक तथा बाह्य स्रोत परिचालनमा वृद्धि गर्नु र राजस्व प्रणाली सुदृढ बनाउनु ।

### ७.३.५ रणनीति

१. राजस्वको दायरा दर र प्रशासनलाई सूचना प्रविधिमा आधारित र व्यवस्थित गरी आन्तरिक आय तथा वाह्य स्रोत परिचालनमा जोड गर्ने,

२. स्रोत परिचालनका लागि गैसस, निजी क्षेत्र, समुदाय, विकास साझेदार, प्रदेश र संघीय सरकारका निकायहरूसँग समन्वय र साझेदारीको विकास गर्ने ।

### ७.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार राजस्व तथा स्रोत परिचालन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार रहेको छ :

| सूचक | एकाइ | गत आ.व.सम्मको उपलब्धि | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| वार्षिक आन्तरिक आय | प्रतिशत | ९ | ९ | १० | ११ | १२ |
| संघीय राजस्व बाँडफाँटबाट प्राप्त रकम | रु. हजारमा | ९०४५७ | ९३००० | ९५००० | ९७००० | ९९००० |
| प्रदेश राजस्व बाँडफाँटबाट प्राप्त रकम | रु. हजारमा | ३५००० | ३७००० | ३९००० | ४०००० | ४५००० |
| वार्षिक योजनामा आर्थिक विकास तथा आयमुलक क्षेत्रमा लगानी | प्रतिशत | ८ | ९ | १० | १२ | १५ |
| स्थानीय विकासमा निजी क्षेत्र, गैसस तथा समुदायको लगानी | प्रतिशत | ६ | ७ | ८ | ९ | १० |
| औषत वार्षिक वेरुजु रकम (हजारमा) | रु.हजारमा | ३१९८६ | २५००० | २०००० | १५००० | १०००० |
| प्रति व्यक्ति वार्षिक बजेट लगानी | रु.हजारमा | १५.० | १५.१ | १५.९ | १७.५ | १९.३ |

### ७.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा तयार राजस्व तथा स्रोत परिचालन उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | २२५३ | २१४० | ११३ | ० | २२५३ | ० | ० | ० |
| २०८०/८१ | २४८३ | २३५८ | १२४ | ० | २४८३ | ० | ० | ० |
| २०८१/८२ | २७३६ | २५९९ | १३७ | ० | २७३६ | ० | ० | ० |

### ७.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको राजस्व तथा स्रोत परिचालन उपक्षेत्रको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षितनतिजा |
|---|---|---|---|---|---|
| १ | राजस्व सुधार तथा श्रोत सुदृढीकरण कार्यक्रम | आन्तरिक तथा बाह्य स्रोत परिचालनमा वृद्धि गर्नु | सालबसाली | १९९२४ | आन्तरिक आय तथा राजस्वमा वार्षिक रुपमा २० प्रतिशतले वृद्धि हुनेछ । |

### ७.३.९ जोखिम पक्ष तथा पूर्वानूमान

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले नगरपालिकालाई उपलब्ध गराएको वित्तीय अधिकार अनुकुल राजस्व परिचालनमा सुधार ल्याउनको लागि करको दरमा हेरफेर गरी तत्काल थप तथा योजनाबद्ध प्रयास थाल्नुपर्दछ । मालपोत कार्यालयसँग समन्वय गरी नगरपालिका भित्रका जग्गाधनी र जग्गाको तथ्यांक अभिलेखीकरण गर्ने, साविकको दरमा मुख्य बजार क्षेत्र तथा सडक पहुँच पुगेको स्थानको जग्गा लगायत जग्गाको मूल्याङ्कनको मालपोतको दर निर्धारण गर्ने, मालपोतको दर परिमार्जन गरी प्रगतिशील कर प्रणाली अवलम्बन गर्ने र बक्यौता मालपोत रकमलाई यथासिघ्र संकलन गरी सबैलाई दायरामा ल्याउने गर्न सकेमा नगरपालिकाको करको दायरा वढ्ने देखिन्छ ।

## ७.४ तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन

### ७.४.१ पृष्ठभूमि

देवचुली नगरपालिकाको समष्टिगत विकासलाई मार्गदर्शन गर्न आवधिक योजना तर्जुमा गरी सोको आधारमा वार्षिक बजेट तथा कार्यक्रम तयारीको अभ्यास भएको छ । आयोजना बैंक तयार गर्ने, मध्यमकालीन खर्च संरचना मार्फत प्राथमिकता क्षेत्र तथा आयोजना र कार्यक्रममा स्रोत सुनिश्चित गर्ने र मध्यमकालीन खर्च संरचना अनुसार वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरी सार्वजनिक वित्त व्यवस्थापन र नतिजामूखी विकास पद्धति कार्यान्वयनमा ल्याइएको छ ।

नगर सभाबाट न्यायिक समिति, विद्यान समिति, लेखा समिति र कार्यपालिकाबाट योजना तर्जुमा, शिक्षा, स्थानीय विपद् व्यवस्थापनलगायत विषयगत समिति गठन भई तत्सम्बन्धी विषयमा क्रियाशील उन्मुख छन् । साथै सेवाग्राही तथा लक्षित समुदाय र नागरिक समाजको समेत सहभागितामा सहभागितामूलक योजना तर्जुमाको अभ्यास गरी नगरसभाबाट स्वीकृत नीति तथा बजेट र कार्यक्रमलाई बजेट पुस्तिका, वेवसाइट र सूचना पाटीमार्फत् सार्वजनिक गर्ने अभ्यास भइरहेको छ ।

### ७.४.२ समस्या तथा चूनौति

योजना तथा बजेट तर्जुमा, वित्तीय व्यवस्थापन, लेखा परीक्षण र निर्णय प्रक्रियामा समावेशीता, सहभागिता र पारदर्शितामा सुधार गर्नुपर्ने प्रर्याप्त स्थान रहेका छन् । शासन सञ्चालन, योजनाबद्ध विकास तथा मापदण्ड अनुसार सेवा तथा सुबिधा प्रवाह गर्न आवश्यक स्रोत परिचालन र दक्षतामा कमी रहेको छ । नगरपालिकाको दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीतिसहित आवधिक योजना, नगरपालिकाको विकासको अग्रणी क्षेत्रहरूको गुरुयोजना तर्जुमा हुन सकेको छैन । सेवा प्रवाह र कार्यसम्पादनमा अन्तरसरकार, निजी क्षेत्र, गैसस र समुदायमा आधारित संस्थासँग संयन्त्रको विकास गरी प्रभावकारी समन्वय, सहकार्य र साझेदारी हुन सकेको छैन । प्रचुर सम्भावनाका बाबजुद निजी क्षेत्र र गैरसरकारी क्षेत्रसँगको साझेदारीलाई अपेक्षाकृत परिचालन गर्न सकिएको छैन ।

### ७.४.३ सोच

"नगरवासी सवैको ध्यान, सक्षम र नतिजामुखी विकास प्रशासन"

### ७.४.४ उद्देश्य

१. शहरी योजना तथा विकास प्रक्रियालाई तथ्यमा आधारित, समावेशी, सहभागितामूलक तथा नतिजामूलक बनाउनु ।

२. नगरपालिकाको संगठन क्षमता, मानव संशाधन, कार्य दक्षतामा अभिवृद्धि गर्नु,

### ७.४.५ रणनीति

१. योजना तर्जुमा, कार्यान्वयन र अनुगमनलाई सूचनामा आधारित, सहभागितामूलक र नतिजामूलक बनाउने ।

२. योजना व्यवस्थापन प्रक्रियालाई सरल, नागरिकमैत्री र पारदर्शी बनाउने,

३. गैसस, निजी क्षेत्र, समुदायमा आधारित संस्थासँग समन्वय र साझेदारीमा अभिवृद्धि गर्ने ।

### ७.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार योजना तथा विकास व्यवस्थापन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार रहेको छ :

| सूचक | एकाइ | गत आ.व. सम्मको उपलब्धि | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| कुल आयोजना मध्ये उपभोक्ता समितिबाट कार्यान्वयन भएका आयोजनाको अनुपात | प्रतिशत | ८० | ८५ | ८८ | ९० | ९५ |
| निजी क्षेत्रको लगानी (हजारमा) | प्रतिशत | ० | १ | ३ | ५ | ८ |
| सेवा प्रबाहमा सेवाग्राहीको सन्तुष्टिको स्तर | प्रतिशत | ७६ | ८० | ८५ | ८७ | ९० |
| नगरपालिकाको वार्षिक वास्तविक खर्च | प्रतिशत | ८० | ८२ | ८५ | ८७ | ९० |
| सरकारी वा सार्वजनिक लगानी (हजारमा) | रु. | ८३६०३५ | ७१६५१६ | ७५०९२९ | ८२७५२२ | ९११९९९ |
| निजी क्षेत्रको लगानी (हजारमा) | रु. | ० | ६००० | ८००० | ८५०० | ९००० |
| समयमा सम्पन्न आयोजना/कार्यक्रम | प्रतिशत | ० | ६५ | ७० | ७५ | ७८ |
| सहभागितामुलक योजना तर्जुमा र अनुगमन प्रक्रियामा लक्षित वर्ग/समुदाय प्रतिनिधित्व | प्रतिशत | २० | २० | २५ | ३० | ३५ |
| आवधिक योजनामा अपेक्षित लगानी (हजार) | रु. | ५११७०१४ | ५२५०००० | ५५००००० | ५८००००० | ६०००००० |

### ७.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा योजना तथा विकास व्यवस्थापन उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमानदेहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ६००७ | ५४०७ | ६०१ | ० | ६००७ | ० | ० | ० |
| २०८०/८१ | ६६२० | ५९५८ | ६६२ | ० | ६६२० | ० | ० | ० |
| २०८१/८२ | ७२९६ | ६५६६ | ७३० | ० | ७२९६ | ० | ० | ० |

### ७.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको योजना तथा विकास व्यवस्थापन उपक्षेत्रको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षितनतिजा |
|---|---|---|---|---|---|
| १ | तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन कार्यक्रम | नगरपालिकाको योजना तथा विकास प्रक्रियालाई तथ्यमा आधारित, समावेशी, सहभागितामूलक तथा नतिजामूलक बनाउनु, | सालबसाली | २४९०४ | आवधिक योजनाको आधारमा विषय क्षेत्रगत गुरुयोजना, आयोजना बैंक, मध्यमकालीन खर्च संरचना तर्जुमा हुने र सो बमोजिम वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा हुनेछ । |

### ७.४.९ जोखिमपक्ष तथा पूर्वानूमान

संविधान, संघीय, प्रदेश र स्थानीय नीति र कानून बमोजिम तिनै तहका सरकारका निकायहरु र गैसस, समुदाय, सहकारी र नीजि क्षेत्र बीचको समन्वय, स्रोत साधन, प्रविधि र दक्ष मानव संशाधन सहज उपलब्ध भएमा अपेक्षित नतिजा हासिल हुनेछ । उपरोक्त व्यवस्था हुन अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहने छ ।

# अनुसूची १ : मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यदल

| क.सं. | समितिका पदाधिकारी | जिम्मेवारी |
|---|---|---|
| | | |
| १. | प्रमुख प्रशासकीय अधिकृत | - संयोजक |
| २. | प्रमुख, शैक्षिक प्रशासन शाखा | - सदस्य |
| ३. | प्रमुख, स्वास्थ्य शाखा | - सदस्य |
| ४. | प्रमुख, आर्थिक विकास शाखा | - सदस्य |
| ६. | प्रमुख, सामाजिक विकास शाखा, | - सदस्य |
| ७. | प्रमुख, प्रशासन शाखा, | - सदस्य |
| ८. | प्रमुख, पूर्वाधार विकास शाखा | - सदस्य |
| १०. | प्रमुख, योजना तथा अनुगमन शाखा | - सदस्य |
| ११. | प्रमुख, आर्थिक प्रशासन शाखा | - सदस्य सचिव |

# अनुसूची २ : मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन

## पृष्ठभुमि

समस्या र चुनौतिको चाङ बोकेर शुरु गरेको संङ्घीय शासन व्यवस्थाको यात्रामाअन्तर सरकार, नीजि क्षेत्र, सहकारी र समुदाय तथा नागरिक बीचको समन्वय, साझेदारी र सहकार्यको लहरले अवसरका ढोकाहरु खुल्दै गएको छ । यसबाट शासन सञ्चालन, सेवा प्रवाह र गुणस्तरीय विकास उपलब्धि हासिल गर्ने गति तिब्र बनाउँदै नागरिकका परिवर्तनको फराकिलो चाहाना सम्बोधन गर्ने वातावरण सिर्जना भएको छ । नागरिकको जीवनस्तरमा गुणस्तरीय परिवर्तन ल्याउन उनीहरुको घरदैलोमा विकासको मार्ग कोर्न आवश्यक छ । संङ्घीय संरचनामा आधारित संवैधानिक, नीतिगत तथा कानूनी व्यवस्था अनुसारनागरिकको घरदैलोको सरकारको रुपमा स्थानीय सरकारहरुले स्थानीय धरातलिय विशिष्टता तथा नागरिकको वास्तविक आवश्यकता र चाहाना प्रतिबिम्बित हुने गरी आफ्ना प्रयासहरु अगाढी बढाउनु पर्दछ । यसका लागि स्थानीय सरकारले हालको राजनीतिक, सामाजिक तथा साँस्कृतिक र प्राविधिक परिस्थितिले सिर्जना गरेको अवसरहरुको पूर्ण सदुपयोग हुने गरी योजना तथा बजेट तर्जुमालाई योजनाबद्ध, व्यवस्थित र नतिजामूलक बनाउन आवश्यक देखिन्छ ।

उपरोक्त सन्दर्भलाई आत्मसाथ गरीसरोकारवाला पक्षसमेतको सहभागितामा सहभागितामूलक तथासमावेशी विकासको अवधारणा बमोजिम योजना तथा बजेट तर्जुमा प्रक्रिया अबलम्बन गर्नु पर्दछ । यस प्रकार योजना तथा बजेट तर्जुमा गर्दा आवधिक, विषयगत रणनीतिक/गुरुयोजनाले दिशानिर्देश गरे बमोजिमको सोच, लक्ष्य, उद्देश्य र प्राथमिकताको आधारमा गर्नुपर्नेछ । स्थानीय सरकारको योजना स्थानीय समस्याको सम्बोधन गर्ने, जनताको मनोभावना बुझ्न सक्ने र चाहाना सम्बोधन गर्ने खालको हुनुपर्छ । योजनाले उपलब्ध हुने सक्ने संभाव्य श्रोत साधन परिचालन गरी अनुमानित र विनियोजन बजेटको विचमा रहने खाडलको पूर्तिलाई सुनिश्चित गर्न सक्नु पर्दछ । यस अवस्थामा आम नागरिकले संङ्घीय लोकतान्त्रिक शासन व्यवस्थाले सिर्जना गरेको परिवर्तनको प्रत्यक्ष अनुभुति गर्ने तथा कार्यान्वयनयोग्य आयोजना तथा कार्यक्रम छनौट तथा सोको लागि बजेट विनियोजन गर्नु जरुरी देखिन्छ ।

यसका साथै अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा (२१) को उपदफा (३) बमोजिम नगर कार्यपालिकाले प्रत्येक वर्षको असार १० गते भित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित स्थानीय सभामा पेश गर्नु पर्ने व्यवस्था गरेको छ। यसै गरी उपदफा (५) ले राजस्व र व्यवको अनुमान नेपाल सरकारले तोकेको मापदण्ड अनुसार हुनपर्ने व्यवस्था गरेको छ । तसर्थ नेपाल सरकारबाट स्वीकृत आय र व्ययका शीर्षकहरुको वर्गीकरण र एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार बजेट तर्जुमा गर्न अधिकतम प्रयास गर्ने समेत यस मार्गदर्शनको उद्देश्य रहेको छ ।बजेट तर्जुमा गर्दा प्रचलित आय र व्ययका शीर्षकहरुको वर्गीकरणको सिद्धान्तको राम्रोसँग जानकारी हुनु आवश्यक पर्दछ । यस प्रकार खर्च वर्गीकरणका सिद्धान्त बमोजिम बजेट तर्जुमा गर्न सकिएमा बजेट कार्यान्वयन गर्दा रकमान्तर गर्नुपर्ने वा कार्यक्रम संशोधन गर्नु पर्ने अवस्था आउँदैन ।

यस प्रकार व्यवस्थित, प्रभावकारी र नतिजामूलक रुपमा आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम समेत मध्यमकालीन खर्च खर्च संरचना तर्जुमा प्रक्रियामा स्थानीय कार्यपालिकाका पदाधिकारी, विषयगत ./शाखा, वडा समिति र स्थानीय सरोकारवालाई उपलब्ध गराउन यो मार्गदर्शन तयार गरिएको छ । कार्यपालिकाबाट संबन्धित शाखा/उपशाखा/एकाइ वा वडाको लागि उपलब्ध बजेट सीमा तथा प्राथमिकता निर्धारणको आधार तथा प्रक्रियाको आधारमा यस मार्गदर्शन अनुसार आगामी आर्थिक वर्षको लागि आयोजना तथा कार्यक्रम छनौट तथा बजेट प्रस्ताव गर्नुपर्नेछ । आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम समेत मध्यमकालीन खर्च

संरचना प्रस्ताव तयार गर्दा आवधिक योजना, विषय क्षेत्रगत गुरु/रणनीतिक योजना, चालु मध्यमकालीन खर्च संरचना आ.व.को स्वीकृत नीति तथा कार्यक्रमको आधारमा गर्नुपर्नेछ ।

## कार्यक्रम तथा उपलब्धिको संक्षिप्त समीक्षा

यस नगरपालिकाकोचालु आर्थिक वर्ष २०७८/७९ को वार्षिक नीति, बजेट तथा कार्यक्रम नगरपालिका, समुदाय तथा नागरिक समाज, नीजि क्षेत्र, प्रदेश तथा संङ्घीय सरकारसँग समन्वय, साझेदारी र सहकार्य गरी लक्ष्य अनुसार कार्यान्वयन तर्फ उन्मुख रहेको देखिन्छ । स्वीकृत भएका केही आयोजना तथा कार्यक्रमहरु सम्पन्न भएका छन् भने बाँकी सम्पन्न हुने अवस्थामा रहेका छन् । बजेट तथा कार्यक्रम कार्यान्वयनको समयतालिका पालना, प्रक्रिया तथा नतिजा अनुगमन गरी कार्यतालिका र निर्धारित मापदण्ड र अपेक्षित नतिजा अनुसार कार्यान्वयनलाई व्यवस्थित गर्न कार्यानुभव, सीप तथा क्षमता र कार्यविधिको कमी महशुस गरिएको छ । आगामी वर्षको बजेट तथा कार्यक्रम तर्जुमा देखी नै कार्यान्वयन कार्ययोजना र अनुगमन योजना बनाई यसलाई व्यवस्थित गर्नुपर्ने सिकाई समेत भएको छ । आवधिक योजनाको लक्ष्य तथा प्रगति र चालु आर्थिक वर्षको प्रमुख आयोजना तथा कार्यक्रमको कार्यान्वयन अवस्था र हालसम्मको उपलब्धि समेत मध्यनजर गरी आगामी तीन आर्थिक वर्षको संभव भएसम्म आयोजना तथा कार्यक्रमगत रुपमा नभएमा उपक्षेगत रुपमा तर्जुमा गर्नुपर्नेछ ।

## योजना तथा बजेट तर्जुमाका आधारहरु

संवैधानिक, नीतिगत र कानूनी व्यवस्था अनुसार आर्थिक सामाजिक विकासका लागि सरकारले एक आर्थिक वर्ष भित्र गर्ने खर्च र सोको व्यवस्थापनका लागि उपयोग गरिने आयका श्रोत उल्लेख भएको महत्वपूर्ण दस्तावेज नै बजेट हो । बजेट मार्फत स्थानीय सरकारले खर्चको प्राथमिकता निर्धारण गर्नुका साथै स्थानीय वित्त नीतिको घोषणा र कार्यान्वयनको खाँका प्रस्तुत गर्दछ । बजेटलाई आर्थिक स्थायित्व कायम गर्दै आर्थिक विकास र समृद्धी हासिल गर्ने प्रमुख औजारको रुपमा लिइन्छ । यसका साथै संविधान व्यवस्था गरेका मौलिक हक, राज्यको निर्देशक सिद्धान्त, नीति तथा स्थानीय तहको अधिकारका विषयहरुको कार्यान्वयन गर्नका निमित्त बजेटको उपयोग गरिन्छ । नेपालको संविधानले तिनै तहका सरकारले सरकारी कोषबाट वार्षिक बजेट अनुरुप बजेटको उपयोग गर्ने व्यवस्था गरेको छ ।स्थानीय सरकारको सन्दर्भमा बजेट राजनीतिक, कानूनी र प्राविधिक विषय पनि हो । संङ्घीय शासन व्यवस्था संचालन र उपरोक्त सन्दर्भमा बजेट तर्जुमाको अभ्यास अत्यन्त गहन र महत्वपूर्ण विषय हो । तसर्थ बजेट तर्जुमाको अभ्यासमा संलग्न नगरपालिका  निर्वाचित पदाधिकारी, बजेट तथा कार्यक्रम तर्जुमासँग सम्बन्धित समिति तथा विषयगत निकाय/शाखा, कर्मचारी, संलग्न सरोकार पक्ष र व्यक्ति बजेट तर्जुमाको नीतिगत र कानूनी व्यवस्थाको बारेमा जानकार हुन जरुरी छ । मध्यमकालीन खर्च संरचनमा समेत आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा देहायअनुसारका सान्दर्भिक नीतिगत तथा कानूनी व्यवस्थालाई आधार लिइनेछः

१. नेपालको संवधानका सान्दर्भिक धाराहरू (भाग ३ः मौलिक हक र कर्तव्य, भाग ४ः राज्यको निर्देशक सिद्धान्त, नीति र दायित्व, भाग ५ः राज्यको संरचना र राज्यशक्तिको बाँडफाँट, भाग १७ः धारा २१४ देखी २३०)

२. नगरपालिकाको कार्यसम्पादन तथा कार्यविभाजन नियमावली

३. प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४ का सान्दर्भिक दफाहरु (परिच्छेद ४ः प्राकृतिक श्रोतको परिचालन, राजस्व बाँडफाँट र अनुदान)

४. स्थानीय सरकार संचालन ऐन, २०७४ को सान्दर्भिक दफाहरु (परिच्छेद ६ः दफा २४ र २५, परिच्छेद ९ः दफा ५४ देखी ६८ र परिच्छेद १०ः दफा ६९ देखी ८०)

५. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ का सान्दर्भिक दफाहरू (परिच्छेद २ः राजस्वको अधिकार, परिच्छेद ३ः राजस्वको बाँडफाँट, परिच्छेद ४ः अनुदानको अवस्था, परिच्छेदः वैदेशिक सहायता र आन्तरिक

ऋण, परिच्छेद ६: सार्वजनिक खर्च व्यवस्था, परिच्छेद ७: राजस्व र व्ययको अनुमान, परिच्छेद ८: वित्तीय अनुशासन)

६. आर्थिक कार्यविधि वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ का सान्दर्भिक दफा तथा नियमहरु (बजेट निर्माण, निकासा, खर्च, रकमान्तर र नियन्त्रण, बजेट र कार्यक्रम तर्जुमा, कार्यक्रम स्वीकृती र संशोधन, प्रगति समीक्षा)

७. सावर्जनक खरिद ऐन, २०६३ र नियमावलीका सान्दर्भिक दफाहरू (ऐनको परिच्छेद २: खरिद कार्यको जिम्मेवारी र खरिद विधीसम्बन्धी व्यवस्था, नियमको परिच्छेद २: खरिद कारवाहीको तयारी, खरिद योजना र लागत अनुमान)

८. दिगो विकास लक्ष्य (लक्ष्य १, २, ३, ४, ५, ६, ७, ८, ९, १०, ११, १२, १३, १५, १६ तथा १७)

९. दीर्घकालीन सोच तथा पन्ध्रौ योजनाको सार्न्दभिक बुँदाहरु

१०. प्रथम आवधिक नगर विकास योजनाको लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकता र विषयगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र रणनीतिक कार्यक्रम तथा आयोजना

११. समपुरक तथा विशेष अनुदानसम्बन्धी कार्यविधि, २०७६

## बजेट सीमा

आगामी आ.व. २०७९/८० समेत ३ आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमाको लागि आयोजना तथा कार्यक्रम र विषयगत उप-क्षेत्रगत रुपमा बजेट सीमा निर्धारण गरिएको छ। बजेट सीमा आयोजना तथा कार्यक्रम एवम् उप-क्षेत्रको कुल खर्च, चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्था तथा सो को स्रोत समेत समावेश गरिएको गरिएको छ, जुन देहायअनुसार रहेको छ :

| क्र.सं. | विषय क्षेत्र/उपक्षेत्र | आर्थिक वर्ष | बजेट सीमा (रु. हजारमा) | | | | बजेटको सोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत तथा राजस्व बाँडफाँट | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| **१.** | **आर्थिक विकास** | **२०७९/८०** | **६८३३५** | **३६०४५** | **३२२९०** | **०** | **१७८२१** | **४८९७९** | **१५३४** | **०** |
| | | **२०८०/८१** | **७५३०४** | **३९७२१** | **३५५८३** | **०** | **१९७२७** | **५३८९०** | **१६८७** | **०** |
| | | **२०८१/८२** | **८२९९२** | **४३७७६** | **३९२१६** | **०** | **२१८४१** | **५९२९५** | **१८५६** | **०** |
| क | कृषि तथा खाद्य सुरक्षा | २०७९/८० | २२५२८ | १५७७० | ६७५८ | ० | ४३४७ | १७४५९ | ७२२ | ० |
| | | २०८०/८१ | २४८२६ | १७३७८ | ७४४८ | ० | ४८११ | १९२२० | ७९४ | ० |
| | | २०८१/८२ | २७३६० | १९१५२ | ८२०८ | ० | ५३२७ | २११५९ | ८७३ | ० |
| ख | सिंचाई | २०७९/८० | ४५०६ | ९०१ | ३६०४ | ० | २१७३ | २३३२ | ० | ० |
| | | २०८०/८१ | ४९६५ | ९९३ | ३९७२ | ० | २४०६ | २५५९ | ० | ० |
| | | २०८१/८२ | ५४७२ | १०९४ | ४३७८ | ० | २६६४ | २८०८ | ० | ० |
| ग | पशु सेवा | २०७९/८० | ९०११ | ६३०८ | २७०३ | ० | २१७३ | ६८३८ | ० | ० |
| | | २०८०/८१ | ९९३० | ६९५१ | २९७९ | ० | २४०६ | ७५२५ | ० | ० |
| | | २०८१/८२ | १०९४४ | ७६६१ | ३२८३ | ० | २६६४ | ८२८० | ० | ० |
| घ | उद्योग, व्यापार तथा व्यावसाय | २०७९/८० | ३७५५ | १५०२ | २२५३ | ० | २१७३ | १५८१ | ० | ० |
| | | २०८०/८१ | ४१३८ | १६५५ | २४८३ | ० | २४०६ | १७३२ | ० | ० |
| | | २०८१/८२ | ४५६० | १८२४ | २७३६ | ० | २६६४ | १८९६ | ० | ० |
| ङ | पर्यटन तथा संस्कृति | २०७९/८० | ९७६२ | २९२९ | ६८३३ | ० | २१७३ | ६८६७ | ७२२ | ० |
| | | २०८०/८१ | १०७५८ | ३२२७ | ७५३० | ० | २४०६ | ७५५८ | ७९४ | ० |
| | | २०८१/८२ | ११८५६ | ३५५७ | ८२९९ | ० | २६६४ | ८३१९ | ८७३ | ० |
| च | भूमि व्यवस्था, सहकारी र वित्तीय सेवा | २०७९/८० | ३७५५ | २६२८ | ११२६ | ० | ४३५ | ३३२० | ० | ० |
| | | २०८०/८१ | ४१३८ | २८९६ | १२४१ | ० | ४८१ | ३६५६ | ० | ० |
| | | २०८१/८२ | ४५६० | ३१९२ | १३६८ | ० | ५३३ | ४०२७ | ० | ० |
| छ | श्रम तथा रोजगारी | २०७९/८० | ९०११ | ३६०४ | ५४०७ | ० | २१७३ | ६७९३ | ४५ | ० |
| | | २०८०/८१ | ९९३० | ३९७२ | ५९५८ | ० | २४०६ | ७४७५ | ५० | ० |
| | | २०८१/८२ | १०९४४ | ४३७८ | ६५६६ | ० | २६६४ | ८२२६ | ५५ | ० |

| क्र.सं. | विषय क्षेत्र/उपक्षेत्र | आर्थिक वर्ष | बजेट सीमा (रु. हजारमा) | | | | बजेटको सोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत तथा राजस्व बाँडफाँट | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| ज | गरिबी निवारण | २०७९/८० | ६००७ | २४०३ | ३६०४ | ० | २१७३ | ३७८९ | ४५ | ० |
| | | २०८०/८१ | ६६२० | २६४८ | ३९७२ | ० | २४०६ | ४१६५ | ५० | ० |
| | | २०८१/८२ | ७२९६ | २९१८ | ४३७८ | ० | २६६४ | ४५७८ | ५५ | ० |
| **२.** | **सामाजिक विकास** | **२०७९/८०** | **३३०४०९** | **२६३२०१** | **६७२०८** | **०** | **२१७३३** | **३०३९८३** | **४६९२** | **०** |
| | | **२०८०/८१** | **३६४११०** | **२९००४६** | **७४०६३** | **०** | **२४०५७** | **३३४८९१** | **५१६१** | **०** |
| | | **२०८१/८२** | **४०१२८०** | **३१९६५६** | **८१६२४** | **०** | **२६६३५** | **३६८९६७** | **५६७८** | **०** |
| क | शिक्षा, कला, भाषा साहित्य | २०७९/८० | २१०२६० | १७८७२१ | ३१५३९ | ० | ८६९३ | २००४८४ | १०८३ | ० |
| | | २०८०/८१ | २३१७०६ | १९६९५० | ३४७५६ | ० | ९६२३ | २२०८९२ | ११९१ | ० |
| | | २०८१/८२ | २५५३६० | २१७०५६ | ३८३०४ | ० | १०६५४ | २४३३९५ | १३१० | ० |
| ख | स्वास्थ्य तथा पोषण | २०७९/८० | ६७५८४ | ५४०६७ | १३५१७ | ० | ३२६० | ६२५१९ | १८०५ | ० |
| | | २०८०/८१ | ७४४७७ | ५९५८२ | १४८९५ | ० | ३६०९ | ६८८८३ | १९८५ | ० |
| | | २०८१/८२ | ८२०८० | ६५६६४ | १६४१६ | ० | ३९९५ | ७५९०१ | २१८४ | ० |
| ग | खानेपानी तथा सरसफाइ | २०७९/८० | ११२६४ | २२५३ | ९०११ | ० | २१७३ | ८३६९ | ७२२ | ० |
| | | २०८०/८१ | १२४१३ | २४८३ | ९९३० | ० | २४०६ | ९२१३ | ७९४ | ० |
| | | २०८१/८२ | १३६८० | २७३६ | १०९४४ | ० | २६६४ | १०१४३ | ८७३ | ० |
| घ | महिला, बालबालिका, सामाजिक संरक्षण र समावेशीकरण | २०७९/८० | ३७५४६ | २६२८३ | ११२६४ | ० | ६५२० | ३०६६५ | ३६१ | ० |
| | | २०८०/८१ | ४१३७६ | २८९६३ | १२४१३ | ० | ७२१७ | ३३७६२ | ३९७ | ० |
| | | २०८१/८२ | ४५६०० | ३१९२० | १३६८० | ० | ७९९१ | ३७१७३ | ४३७ | ० |
| ङ | युवा, खेलकुद तथा नवप्रवर्तन | २०७९/८० | ३७५५ | १८७७ | १८७७ | ० | १०८७ | १९४६ | ७२२ | ० |
| | | २०८०/८१ | ४१३८ | २०६९ | २०६९ | ० | १२०३ | २१४१ | ७९४ | ० |
| | | २०८१/८२ | ४५६० | २२८० | २२८० | ० | १३३२ | २३५५ | ८७३ | ० |
| **३.** | **पूर्वाधार विकास क्षेत्र** | **२०७९/८०** | **१८३९७८** | **५९३२** | **१७८०४५** | **०** | **५२४३५** | **१०४७४३** | **२६८००** | **०** |
| | | **२०८०/८१** | **२०२७४३** | **६५३७** | **१९६२०५** | **०** | **५८६३७** | **११४६२६** | **२९४८०** | **०** |
| | | **२०८१/८२** | **२२३४४०** | **७२०५** | **२१६२३५** | **०** | **६५६०३** | **१२५४०९** | **३२४२८** | **०** |
| क | बस्ती विकास, आवास तथा भवन | २०७९/८० | ४५०५६ | २२५३ | ४२८०३ | ० | ४३४७ | ३७१०० | ३६०९ | ० |
| | | २०८०/८१ | ४९६५१ | २४८३ | ४७१६९ | ० | ४८११ | ४०८७० | ३९७० | ० |
| | | २०८१/८२ | ५४७२० | २७३६ | ५१९८४ | ० | ५३२७ | ४५०२६ | ४३६७ | ० |
| ख | सडक तथा यातायात | २०७९/८० | १३१४१३ | २६२८ | १२८७८४ | ० | ४३७४१ | ६५२०३ | २२४६९ | ० |
| | | २०८०/८१ | १४४८१६ | २८९६ | १४१९२० | ० | ४९०१४ | ७१०८७ | २४७१५ | ० |
| | | २०८१/८२ | १५९६०० | ३१९२ | १५६४०८ | ० | ५४९४९ | ७७४६४ | २७१८७ | ० |
| ग | जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा | २०७९/८० | ४५०६ | ४५१ | ४०५५ | ० | ३२६० | ८८५ | ३६१ | ० |
| | | २०८०/८१ | ४९६५ | ४९७ | ४४६९ | ० | ३६०९ | ९६० | ३९७ | ० |
| | | २०८१/८२ | ५४७२ | ५४७ | ४९२५ | ० | ३९९५ | १०४० | ४३७ | ० |
| ङ | सूचना, सञ्चार तथा प्रविधि | २०७९/८० | ३००४ | ६०१ | २४०३ | ० | १०८७ | १५५६ | ३६१ | ० |
| | | २०८०/८१ | ३३१० | ६६२ | २६४८ | ० | १२०३ | १७१० | ३९७ | ० |
| | | २०८१/८२ | ३६४८ | ७३० | २९१८ | ० | १३३२ | १८८० | ४३७ | ० |
| **४.** | **वन तथा वातावरण क्षेत्र** | **२०७९/८०** | **४६५५८** | **१७७२२** | **२८८३६** | **०** | **३६९५** | **३९७९५** | **३०६८** | **०** |
| | | **२०८०/८१** | **५१३०६** | **१९५३०** | **३१७७७** | **०** | **४०९०** | **४३८४२** | **३३७५** | **०** |
| | | **२०८१/८२** | **५६५४४** | **२१५२३** | **३५०२१** | **०** | **४५२८** | **४८३०४** | **३७१२** | **०** |
| क | वन, भू-संरक्षण तथा जैविक विविधता | २०७९/८० | १६५२० | ४९५६ | ११५६४ | ० | २१७३ | १३८०६ | ५४१ | ० |
| | | २०८०/८१ | १८२०५ | ५४६२ | १२७४४ | ० | २४०६ | १५२०४ | ५९६ | ० |
| | | २०८१/८२ | २००६४ | ६०१९ | १४०४५ | ० | २६६४ | १६७४५ | ६५५ | ० |
| ग. | वातावरण तथा फाहोरमैला व्यवस्थापन | २०७९/८० | ७५०९ | ३७५५ | ३७५५ | ० | ४३५ | ६३५३ | ७२२ | ० |
| | | २०८०/८१ | ८२७५ | ४१३८ | ४१३८ | ० | ४८१ | ७००० | ७९४ | ० |
| | | २०८१/८२ | ९१२० | ४५६० | ४५६० | ० | ५३३ | ७७१४ | ८७३ | ० |
| घ. | विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलता | २०७९/८० | २२५२८ | ९०११ | १३५१७ | ० | १०८७ | १९६३६ | १८०५ | ० |
| | | २०८०/८१ | २४८२६ | ९९३० | १४८९५ | ० | १२०३ | २१६३८ | १९८५ | ० |
| | | २०८१/८२ | २७३६० | १०९४४ | १६४१६ | ० | १३३२ | २३८४५ | २१८४ | ० |
| **५.** | **संस्थागत विकास क्षेत्र** | **२०७९/८०** | **१२१६५०** | **९८९३५** | **२२७१६** | **०** | **१२१६५०** | **०** | **०** | **०** |
| | | **२०८०/८१** | **१३४०५९** | **१०९०२६** | **२५०३३** | **०** | **१३४०५९** | **०** | **०** | **०** |

| क.सं. | विषय क्षेत्र/उपक्षेत्र | आर्थिक वर्ष | बजेट सीमा (रु. हजारमा) | | | | बजेटको सोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत तथा राजस्व बाँडफाँट | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| | | २०८१/८२ | १४७७४४ | १२०१५६ | २७५८८ | ० | १४७७४४ | ० | ० | ० |
| क. | नीति, कानून, न्याय तथा सुशासन | २०७९/८० | ४५०६ | ४२८० | २२५ | ० | ४५०६ | ० | ० | ० |
| | | २०८०/८१ | ४९६५ | ४७१७ | २४८ | ० | ४९६५ | ० | ० | ० |
| | | २०८१/८२ | ५४७२ | ५१९८ | २७४ | ० | ५४७२ | ० | ० | ० |
| ख. | संगठन, मानव संशाधन र क्षमता विकास | २०७९/८० | १०८८८५ | ८७१०८ | २१७७७ | ० | १०८८८५ | ० | ० | ० |
| | | २०८०/८१ | ११९९९१ | ९५९९३ | २३९९८ | ० | ११९९९१ | ० | ० | ० |
| | | २०८१/८२ | १३२२४० | १०५७९२ | २६४४८ | ० | १३२२४० | ० | ० | ० |
| ग. | राजस्व तथा राजस्व परिचालन | २०७९/८० | २२५३ | २१४० | ११३ | ० | २२५३ | ० | ० | ० |
| | | २०८०/८१ | २४८३ | २३५८ | १२४ | ० | २४८३ | ० | ० | ० |
| | | २०८१/८२ | २७३६ | २५९९ | १३७ | ० | २७३६ | ० | ० | ० |
| घ. | तथ्याङ्क, योजना तथा विकास परिचालन | २०७९/८० | ६००७ | ५४०७ | ६०१ | ० | ६००७ | ० | ० | ० |
| | | २०८०/८१ | ६६२० | ५९५८ | ६६२ | ० | ६६२० | ० | ० | ० |
| | | २०८१/८२ | ७२९६ | ६५६६ | ७३० | ० | ७२९६ | ० | ० | ० |
| | **जम्मा** | २०७९/८० | ७५०९२९ | ४२१८३४ | ३२९०९५ | ० | २१७३३५ | ४९७५०० | ३६०९४ | ० |
| | | २०८०/८१ | ८२७५२२ | ४६४८६० | ३६२६६१ | ० | २४०५६८ | ५४७२५० | ३९७०३ | ० |
| | | २०८१/८२ | ९११९९९ | ५१२३१५ | ३९९६८४ | ० | २६६३५० | ६०१९७५ | ४३६७४ | ० |

## बजेट तर्जुमा मार्गदर्शन

आगामी आर्थिक वर्ष र त्यपछिका दुई आर्थिक वर्षको लागि उपलब्ध बजेट सीमा भित्र रही प्रथम आवधिक नगर विकास योजना/एकीकृत विकास योजना, विषयगत क्षेत्र रणनीतिक तथा गुरुयोजना, आगामी वर्षको लागि प्रस्तुत नीति तथा कार्यक्रमको आधारमा देहायमा उल्लिखित विषयहरूलाई मध्यनजर गरी आयोजना तथा कार्यक्रमहरूको छनौट, प्राथमिकता निर्धारण, बजेट अनुमान तथा साँकेतीकरण र आयोजना तथा कार्यक्रमको संक्षिप्त विवरण समेत तयार गरी मिति २०७९ फागुन १५ गते भित्र पेश गर्नु हुन अनुरोध छ :

१. नेपालको संविधानको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व र अनुसुची ८ र ९ मा उल्लेखित अधिकारहरुसँग तालमेल हुने आयोजना तथा कार्यक्रम छनौट गर्नुपर्नेछ ।

२. मध्यमकालीन खर्च संरचना तथा सार्वजनिक खर्च विवरणमा उल्लिखित खर्चलाई ध्यान दिई आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण र छनौट गर्नुपर्नेछ ।

३. आवधिक तथा विषयक्षेत्र रणनीतिक/गुरुयोजनाको सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकता, विषयगत लक्ष्य तथा उद्देश्य, रणनीति तथा कार्यनीति तथा प्रमुख कार्यक्रम अनुसार आयोजना तथा कार्यक्रम तर्जुमा गर्नुपर्नेछ ।

४. चालु आर्थिक वर्षमा संचालित स्थानीय गौरव, रुपान्तरणकारी, क्रमागत, बहुवर्षीय र अधुरा आयोजना तथा कार्यक्रमलाई पहिलो प्राथमिकतामा राखी बजेट अनुमान गर्नुपर्नेछ।

५. आयोजना तथा कार्यक्रम छनौट गर्दा साना, टुक्रे र संख्यात्मक रुपमा धेरै आयोजना छनौट नगरी ठोस, उपलब्धिमूलक र कार्यान्वयन योग्य आयोजना तथा कार्यक्रमहरुको छनौट गर्नु पर्नेछ ।

६. नगरस्तरीय योजना छनौट गर्दा आयोजना बैंक तथा मध्यमकालीन खर्च संरचना समावेश भएका वा कानून अनुसार वातावरण प्रभाव अध्ययन लगायत संभाव्यता अध्ययन भई डिजाईन, लागत अनुमान तथा विस्तृत अध्ययन प्रतिवेदन तयार भएका आयोजना तथा कार्यक्रमलाई छनौट गर्नुपर्नेछ ।

७. आम नागरिकको आधारभूत स्वास्थ्य, खानेपानी तथा सरसरफाई, सशक्तीकरण, रोजगारी र उद्यमशिलता विकास हुने कार्यक्रमलाई समावेश गर्नु पर्नेछ ।

८. स्थानीय तहमा राजस्व अभिबृद्धी गर्ने र आयमूलक आयोजना तथा कार्यक्रमलाई अनिवार्य रुपमा समावेश गर्नु पर्नेछ ।

९.कृषि, खाद्यान्न, पशुपंक्षी तथा पर्यटन उपजको उत्पादन, व्यवसायीकरण, विविधिकरण र औद्योगीकरणलाई सहयोग पुऱ्याउने कार्यक्रमहरु छनौट गर्नु पर्नेछ ।

१०. बजेट तथा कार्यक्रम तर्जुमा गर्दा स्थानीय तहको नीति तथा कानूनले निर्धारण गरेका दायित्वलाई अनिवार्य रुपमा समावेश गर्नु पर्नेछ ।

११. विज्ञान, प्रविधि तथा खेलकुद लगायत युवाको सिर्जनशिलता, नवप्रर्वतनशिलता र उद्यमशिलता विकासमा सघाउ पुग्ने आयोजना तथा कार्यक्रमहरु छनौट गर्नु पर्नेछ ।

१३. योग, ज्ञान तथा सीप विकास, अध्ययन, खोज, अनुसन्धान र नवप्रवर्तनसँग सम्बन्धित आयोजना तथा कार्यक्रम तर्जुमा गरी समावेश गर्नु पर्नेछ ।

१२. भूउपयोग योजना र क्षेत्र, बस्ती विकास तथा भौतिक विकास योजना तर्जुमा लगायत यस्ता योजनामा प्रस्तावित आयोजना तथा कार्यक्रममा कार्यान्वयन गर्ने योजना छनौट गर्नु पर्नेछ ।

१३. बालबालिकालाई केन्द्रविन्दुमा राखी उनीहरुको बचाउ, संरक्षण, विकास र सहभागिता सम्बन्धी आयोजना तथा कार्यक्रमलाई विशेष प्राथमिकता दिनु पर्नेछ ।

१४. बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपाल सरकार तथा प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरणजस्ता अन्तरसम्बन्धित विषयहरूलाई ध्यान दिनु पर्नेछ।

१५. विकास निर्माण आयोजनाको हकमा ठोस तथा उपलब्धिमूलक आयोजना तथा कार्यक्रम छनौट गर्नुपर्नेछ । महिला, विपडिएको वर्ग, विस्थापित, अपाङ्गता भएका व्यक्तिलक्षित कार्यक्रम महत्व र प्राथमिकता साथ छनौट गर्नुपर्नेछ।

१६. आयोजना तथ कार्यक्रम तर्जुमा गर्दा वातावरणीय प्रभाव अध्ययन र संभाव्यता अध्ययन, सर्वेक्षण, ड्रइङ्ग तथा डिजाइन समेत लागत अनुमान तयार भएका प्राविधिक, वातावरणीय, सामाजिक र साँस्कृतिक रुपमा संभाव्य देखिएका आयोजना तथा कार्यक्रम छनौट गर्नुपर्नेछ । आयोजना तथा कार्यक्रमको छनौट गर्दा बजेटको स्रोत समेत खुलाइ प्रस्ताव गर्नु पर्नेछ । यसबाट आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा समयमा संचालन गर्न र बजेट अपुग हुन पाउँदैन ।

१७. बजेट तथा कार्यक्रम तर्जुमा गर्दा चालु आर्थिक वर्षको खरिद गुरुयोजनालाई समेत ध्यान दिनु पर्नेछ ।

१८. आयोजना तथा कार्यक्रम प्रस्ताव गर्नु अगावै सो आयोजना तथा कार्यक्रमबाट लाभान्वित तथा प्रभावित वर्ग तथा समुदाय, साझेदार तथा सहयोगी निकाय र संघ/रायपरामर्श गरी सहमती भएको अवस्थामा मात्र आयोजना तथा कार्यक्रम प्रस्ताव तथा छनौट गर्नु पर्नेछ ।

१९. बजेट तथा कार्यक्रम तर्जुमा गर्दा उपलब्ध बजेट सीमा र मार्गदर्शन अनुसार आयोजना तथा कार्यक्रगत र विषयगत उप-क्षेत्रअनुसार छुट्टाछुट्टै रुपमा तर्जुमा गर्नु पर्नेछ ।

२०. उपभोक्ता समिति, नागरिक तथा सामुदायिक संस्था, गैसससँग साझेदारी गर्न र सो मार्फत कार्यान्वयन गर्न सकिने आयोजना तथा कार्यक्रमलाई विशेष प्राथमिकता दिनु पर्नेछ ।

२१. स्थानीय सरकार संचालन ऐन, २०७४ को व्यवस्था अनुसार बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपाल सरकार र प्रदेश सरकारको लक्ष्य, उद्देश्य, समयसीमा प्रक्रियासँग अनुकुल हुने गरी दीगो विकासका लक्ष्य लगायत वातावरण, सुशासन, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् जोखिम व्यवस्थापन, लैंगिक समानता र सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्नेछ ।

२२. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनमा उल्लेखित ढाँचा तथा फाराममा आयोजना र कार्यक्रम विवरण तयार गर्नु पर्नेछ ।

२३. योजना तथा बजेट तर्जुमा गर्दा नगरपालिकाको स्थिति पत्र (प्रोफाइल) ले लक्षित गरे अनुसारका क्षेत्र तथा सबाललाई सम्बोधन गर्नु पर्नेछ ।

## अनुसूची ३ :  तीन आर्थिक वर्षको खर्च तथा स्रोतको अनुमान, कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र सांकेतीकरण

| क.सं. | कार्यक्रम/आयोजना | आ.व.२०७९/८० को विनियोजन | | | | आ.व. २०८०/८१ को खर्च प्रक्षेपण | | | | आ.व. २०८१/८२ को खर्च प्रक्षेपण | | | | साङ्केतीकरण | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | रणनीतिक स्तम्भ | प्राथमिकीकरण | दिगो विकास लक्ष्य सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
| **१.** | **कृषि तथा खाद्य सुरक्षा** | २२५२८ | १७५४० | ४९८८ | ० | २४८२६ | १९३२९ | ५४९७ | ० | २७३६० | २१३०२ | ६०५८ | ० | | | | | |
| १ | धान, मकै, गहुबाली र तरकारी पकेट कार्यक्रम | ३१७८ | २५४३ | ६३६ | ० | ३५०३ | २८०२ | ७०१ | ० | ३८६० | ३०८८ | ७७२ | ० | २ | १ | २ | २ | २ |
| ३ | सामुहिक तरकारी नर्सरी निर्माण आयोजना | १२०६ | ४८२ | ७२४ | ० | १३२९ | ५३२ | ७९७ | ० | १४६५ | ५८६ | ८७९ | ० | २ | १ | २ | २ | १ |
| ३ | कृषि प्रसार, संचार, प्रविधि हस्तान्तरण, बजारीकरण तथा नियमन कार्यक्रम | १८१४३ | १४५१५ | ३६२९ | ० | १९९९४ | १५९९५ | ३९९९ | ० | २२०३५ | १७६२८ | ४४०७ | ० | २ | १ | २ | २ | २ |
| **२.** | **सिंचाइ** | ४५०६ | ४५१ | ४०५५ | ० | ४९६५ | ४९७ | ४४६९ | ० | ५४७२ | ५४७ | ४९२५ | | | | | | |
| ४ | डिप वोरिङ्ग, सिचाइ कुलो तथा अन्य संरचना निर्माण एवम् मर्मत संभार कार्यक्रम | ४५०६ | ४५१ | ४०५५ | ० | ४९६५ | ४९७ | ४४६९ | ० | ५४७२ | ५४७ | ४९२५ | ० | १ | १ | २ | २ | २ |
| **३.** | **पशु सेवा** | ९०११ | ७२०९ | १८०२ | ० | ९९३० | ७९४४ | १९८६ | ० | १०९४४ | ८७५५ | २१८९ | ० | | | | | |
| ५ | पशु स्वास्थ्य सेवा कार्यक्रम | २८३६ | २२६८ | ५६७ | ० | ३१२५ | २५०० | ६२५ | ० | ३४४४ | २७५५ | ६८९ | ० | २ | १ | २ | २ | ३ |
| ६ | पशु आहारा व्यवस्थापन कार्यक्रम | २४२४ | १९३९ | ४८५ | ० | २६७१ | २१३७ | ५३४ | ० | २९४४ | २३५५ | ५८९ | ० | २ | १ | २ | २ | २ |
| ७ | पशुपन्छी पकेट क्षेत्र सहयोग कार्यक्रम | १३५७ | १०८५ | २७१ | ० | १४९५ | ११९६ | २९९ | ० | १६४८ | १३१८ | ३३० | ० | २ | २ | २ | २ | १ |
| ८ | कृत्रिम गर्भाधान मिसन कार्यक्रम | १८०४ | १४४३ | ३६१ | ० | १९८८ | १५९० | ३९८ | ० | २१९१ | १७५३ | ४३८ | ० | २ | १ | २ | २ | २ |
| ९ | पशु विकास अन्य कार्यक्रम | ५९१ | ४७३ | ११८ | ० | ६५१ | ५२१ | १३० | ० | ७१८ | ५७४ | १४४ | ० | २ | २ | २ | २ | २ |
| **४.** | **उद्योग, व्यापार तथा व्यावसाय** | ३७५५ | ३००४ | ७५१ | ० | ४१३८ | ३३१० | ८२८ | ० | ४५६० | ३६४८ | ९१२ | | | | | | |
| १० | लघु, घरेलु साना उद्योग प्रवर्द्धन तथा व्यवसाय विकास कार्यक्रम | ३७५५ | ३००४ | ७५१ | ० | ४१३८ | ३३१० | ८२८ | ० | ४५६० | ३६४८ | ९१२ | ० | ३ | १ | ८ | १ | २ |
| **५.** | **पर्यटन तथा संस्कृति** | ९७६२ | ३०२६ | ६७३६ | ० | १०७५८ | ३३३५ | ७४२३ | ० | ११८५६ | ३६७५ | ८१८१ | ० | | | | | |
| ११ | बहुउद्देश्यीय देवचुली टावर निर्माण (गौरव) | १९५२ | १९५ | १७५७ | ० | २१५२ | २१५ | १९३६ | ० | २३७१ | २३७ | २१३४ | ० | १ | १ | ८ | २ | २ |
| १२ | देवचुलीडाँडा पदमार्ग निर्माण आयोजना | २९२९ | २९३ | २६३६ | ० | ३२२७ | ३२३ | २९०५ | ० | ३५५७ | ३५६ | ३२०१ | ० | १ | २ | ८ | २ | २ |
| १३ | घुमाउरी पार्क एण्ड पिक्निक स्पट निर्माण आयोजना (गौरवका आयोजना) | १९५२ | १९५ | १७५७ | ० | २१५२ | २१५ | १९३६ | ० | २३७१ | २३७ | २१३४ | ० | १ | १ | १२ | २ | २ |
| १४ | पर्यटन प्रवर्द्धन अन्य कार्यक्रम | २९२९ | २३४३ | ५८६ | ० | ३२२७ | २५८२ | ६४५ | ० | ३५५७ | २८४५ | ७११ | ० | १ | २ | १ | २ | २ |

| क्र.सं. | कार्यक्रम/आयोजना | आ.व.२०७९/८० को विनियोजन | | | | आ.व. २०८०/८१ को खर्च प्रक्षेपण | | | | आ.व. २०८१/८२ को खर्च प्रक्षेपण | | | | साङ्केतीकरण | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | रणनीतिक स्तम्भ | प्राथमिकीकरण | दिगो विकास लक्ष्य सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
| **६.** | **भुमि व्यवस्था, सहकारी र वित्तिय सेवा** | **३७५५** | **३२९९** | **४५६** | **०** | **४१३८** | **३६३५** | **५०३** | **०** | **४५६०** | **४००६** | **५५४** | **०** | | | | | |
| १५ | भूमिहीन सुकुम्बासी व्यवस्थापन कार्यक्रम | २९४९ | २६५४ | २९५ | ० | ३२५० | २९२५ | ३२५ | ० | ३५८१ | ३२२३ | ३५८ | ० | २ | १ | १० | १ | २ |
| १६ | सहकारी तथा वित्तीय सेवा प्रवर्द्धन कार्यक्रम | ८०६ | ६४५ | १६१ | ० | ८८८ | ७१० | १७८ | ० | ९७९ | ७८३ | १९६ | ० | २ | १ | १ | १ | २ |
| **७.** | **श्रम तथा रोजगारी** | **९०११** | **४५०६** | **४५०६** | **०** | **९९३०** | **४९६५** | **४९६५** | **०** | **१०९४४** | **५४७२** | **५४७२** | **०** | | | | | |
| १७ | प्रधानमन्त्री रोजगार तथा अन्य रोजगार प्रवर्द्धन कार्यक्रम | ९०११ | ४५०६ | ४५०६ | ० | ९९३० | ४९६५ | ४९६५ | ० | १०९४४ | ५४७२ | ५४७२ | ० | ३ | १ | १ | २ | ३ |
| **८.** | **गरिबी निवारण** | **६००७** | **३६०४** | **२४०३** | **०** | **६६२०** | **३९७२** | **२६४८** | **०** | **७२९६** | **४३७८** | **२९१८** | | | | | | |
| १८ | गरिबी निवारण कार्यक्रम | ६००७ | ३६०४ | २४०३ | ० | ६६२० | ३९७२ | २६४८ | ० | ७२९६ | ४३७८ | २९१८ | ० | ३ | १ | १ | २ | ३ |
| **९.** | **शिक्षा, विज्ञान तथा प्रविधि** | **२१०२६०** | **१६९८७२** | **४०३८८** | **०** | **२३१७०६** | **१८७१९८** | **४४५०८** | **०** | **२५५३६०** | **२०६३०८** | **४९०५१** | | | | | | |
| १९ | विद्यालय शिक्षा सुदृढीकरण कार्यक्रम | १३५३७३ | १०८२९८ | २७०७५ | ० | १४९१८१ | ११९३४४ | २९८३६ | ० | १६४४१० | १३१५२८ | ३२८८२ | ० | ५ | २ | ४ | २ | ३ |
| २० | प्रविधिमैत्री शिक्षा कार्यक्रम | ५६४०५ | ४५१२४ | ११२८१ | ० | ६२१५९ | ४९७२७ | १२४३२ | ० | ६८५०४ | ५४८०३ | १३७०१ | ० | ५ | १ | ४ | २ | ३ |
| २१ | साक्षरोत्तर तथा निरन्तर शिक्षा कार्यक्रम | ३६९१ | ३१३७ | ५५४ | ० | ४०६७ | ३४५७ | ६१० | ० | ४४८३ | ३८१० | ६७२ | ० | ५ | २ | ४ | २ | ३ |
| २२ | शिक्षा, कला तथा साहित्य सम्बन्धी अन्य कार्यक्रम | १४७९१ | १३३१२ | १४७९ | ० | १६३०० | १४६७० | १६३० | ० | १७९६३ | १६१६७ | १७९६ | ० | ५ | २ | ४ | २ | ३ |
| **१०.** | **स्वास्थ्य तथा पोषण** | **६७५८४** | **३३२०५** | **३४३७९** | **०** | **७४४७७** | **३६५९२** | **३७८८५** | **०** | **८२०८०** | **४०३२७** | **४१७५३** | | | | | | |
| २३ | स्वास्थ्य संस्था भौतिक निर्माण र सुधार कार्यक्रम | २००१४ | १७०१२ | ३००२ | ० | २२०५५ | १८७४७ | ३३०८ | ० | २४३०६ | २०६६० | ३६४६ | ० | ५ | १ | ३ | २ | ३ |
| २४ | १५ शैयाको अस्पताल भवन निर्माण आयोजना | ३३२७५ | ३३२७ | २९९४७ | ० | ३६६६९ | ३६६७ | ३३००२ | ० | ४०४१२ | ४०४१ | ३६३७१ | ० | ५ | १ | ३ | २ | ३ |
| २५ | आधारभूत स्वास्थ्य सेवा अन्य कार्यक्रम | १४२९५ | १२८६६ | १४३० | ० | १५७५३ | १४१७८ | १५७५ | ० | १७३६२ | १५६२५ | १७३६ | ० | ५ | २ | ३ | २ | ३ |
| **११.** | **खानेपानी तथा सरसरफाइ** | **११२६४** | **२२५३** | **९०११** | **०** | **१२४१३** | **२४८३** | **९९३०** | **०** | **१३६८०** | **२७३६** | **१०९४४** | | | | | | |
| २६ | खानेपानी तथा सरसफाई कार्यक्रम | ११२६४ | २२५३ | ९०११ | ० | १२४१३ | २४८३ | ९९३० | ० | १३६८० | २७३६ | १०९४४ | ० | ७ | १ | ६ | २ | १ |
| **१२.** | **सामाजिक संरक्षण र समावेशीकरण** | **३७५४६** | **३०२६७** | **७२८०** | **०** | **४१३७६** | **३३३५४** | **८०२२** | **०** | **४५६००** | **३६७५९** | **८८४१** | | | | | | |
| २७ | अपांगता विशेष कार्यक्रम | ६०४३ | ४८३५ | १२०९ | ० | ६६६० | ५३२८ | १३३२ | ० | ७३३९ | ५८७२ | १४६८ | ० | ५ | २ | ५ | १ | ३ |
| २८ | ज्येष्ठ नागरिक संरक्षण कार्यक्रम | ६०४३ | ४२३० | १८१३ | ० | ६६६० | ४६६२ | १९९८ | ० | ७३३९ | ५१३८ | २२०२ | ० | ५ | २ | ५ | १ | ३ |
| २९ | बालबालिका विकास तथा संरक्षण कार्यक्रम | ८०५८ | ६४४६ | १६१२ | ० | ८८८० | ७१०४ | १७७६ | ० | ९७८६ | ७८२९ | १९५७ | ० | ५ | १ | ५ | १ | ३ |
| ३० | लक्षित वर्ग उत्थान कार्यक्रम | ६०४३ | ४५३२ | १५११ | ० | ६६६० | ४९९५ | १६६५ | ० | ७३३९ | ५५०५ | १८३५ | ० | ५ | १ | १० | १ | ३ |

| क्र.सं. | कार्यक्रम/आयोजना | आ.व.२०७९/८० को विनियोजन | | | | आ.व. २०८०/८१ को खर्च प्रक्षेपण | | | | आ.व. २०८१/८२ को खर्च प्रक्षेपण | | | | साङ्केतीकरण | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | रणनीतिक स्तम्भ | प्राथमिकीकरण | दिगो विकास लक्ष्य सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
| ३१ | महिला, बालबालिका तथा समावेशीकरण अन्य कार्यक्रम | ११३५९ | १०२२३ | ११३६ | ० | १२५१८ | ११२६६ | १२५२ | ० | १३७९६ | १२४१६ | १३८० | ० | ५ | २ | ५ | १ | ३ |
| **१३.** | **युवा, खेलकुद तथा नवप्रवर्तन** | **३७५५** | **२१४७** | **१६०८** | **०** | **४१३८** | **२३६५** | **१७७२** | **०** | **४५६०** | **२६०७** | **१९५३** | **०** | | | | | |
| ३२ | युवा सृजनशीलता विकास कार्यक्रम | १६१२ | १२८९ | ३२२ | ० | १७७६ | १४२१ | ३५५ | ० | १९५७ | १५६६ | ३९१ | ० | ५ | १ | ४ | १ | २ |
| ३३ | खेलकुद पूर्वाधार विकास तथा प्रवर्द्धन कार्यक्रम | २१४३ | ८५७ | १२८६ | ० | २३६२ | ९४५ | १४१७ | ० | २६०३ | १०४१ | १५६२ | ० | ५ | १ | ४ | २ | ३ |
| **१४.** | **आवास, भवन तथा बस्ती विकास** | **४५०५६** | **२२५३** | **४२८०३** | **०** | **४९६५१** | **२४८३** | **४७१६९** | **०** | **५४७२०** | **२७३६** | **५१९८४** | | | | | | |
| ३४ | सुरक्षित आवास निर्माण कार्यक्रम | १९०६४ | ९५३ | १८१११ | ० | २१००८ | १०५० | १९९५८ | ० | २३१५३ | ११५८ | २१९९५ | ० | ४ | १ | ११ | १ | ३ |
| ३५ | भवन निर्माण तथा सुधार कार्यक्रम | १८७४० | ९३७ | १७८०३ | ० | २०६५१ | १०३३ | १९६१९ | ० | २२७६० | ११३८ | २१६२२ | ० | ४ | २ | ११ | २ | ३ |
| ३६ | अन्य सार्वजनिक पूर्वाधार निर्माण तथा सुधार कार्यक्रम | ७२५२ | ३६३ | ६८८९ | ० | ७९९२ | ४०० | ७५९२ | ० | ८८०७ | ४४० | ८३६७ | ० | ४ | २ | ११ | ३ | ३ |
| **१५.** | **सडक तथा यातायात** | **१३१४१५** | **२६२८** | **१२८७८६** | **०** | **१४४८१७** | **२८९६** | **१४१९२१** | **०** | **१५९६०२** | **३१९२** | **१५६४१०** | | | | | | |
| ३७ | देवचुली चक्रपथ सडक कालोपत्रे आयोजना | १८३९८ | ३६८ | १८०३० | ० | २०२७४ | ४०५ | १९८६९ | ० | २२३४४ | ४४७ | २१८९७ | ० | ४ | १ | ९ | ३ | ३ |
| ३८ | वौलाहा खोला पक्कि पुल निर्माण आयोजना (वडा नम्वर ३ र १३ जोडने) | १५७७० | ३१५ | १५४५४ | ० | १७३७८ | ३४८ | १७०३० | ० | १९१५२ | ३८३ | १८७६९ | ० | ४ | १ | ९ | ३ | २ |
| ३९ | मुण्डे कुम्सोत दुईलेनको सडक विस्तार आयोजना | १३१४१ | २६३ | १२८७८ | ० | १४४८२ | २९० | १४१९२ | ० | १५९६० | ३१९ | १५६४१ | ० | ४ | १ | ९ | ३ | ३ |
| ४० | भाटभटेनी चोक हुदै बाह्रकोल बेलस्वारा सडक कालोपत्रे आयोजना | ३९४२४ | ७८८ | ३८६३५ | ० | ४३४४५ | ८६९ | ४२५७६ | ० | ४७८८० | ९५८ | ४६९२२ | ० | ४ | १ | ९ | ३ | ३ |
| ४१ | सडक र पुल निर्माण र मर्मतसंभार अन्य कार्यक्रम | ४४६८२ | ८९४ | ४३७८९ | ० | ४९२३९ | ९८५ | ४८२५४ | ० | ५४२६६ | १०८५ | ५३१८१ | ० | ४ | २ | ९ | ३ | ३ |
| **१६.** | **जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा** | **४५०६** | **९०१** | **३६०४** | **०** | **४९६५** | **९९३** | **३९७२** | **०** | **५४७२** | **१०९४** | **४३७८** | | | | | | |
| ४३ | विद्युत तथा स्वच्छ उर्जा प्रवर्द्धन कार्यक्रम | ४५०६ | ९०१ | ३६०४ | ० | ४९६५ | ९९३ | ३९७२ | ० | ५४७२ | १०९४ | ४३७८ | ० | ४ | २ | ७ | २ | १ |
| **१७.** | **सूचना, सञ्चार तथा प्रविधि** | **३००४** | **६०१** | **२४०३** | **०** | **३३१०** | **६६२** | **२६४८** | **०** | **३६४८** | **७३०** | **२९१८** | | | | | | |
| ४४ | सूचना, सञ्चार तथा प्रविधि प्रवर्द्धन कार्यक्रम | ३००४ | ६०१ | २४०३ | ० | ३३१० | ६६२ | २६४८ | ० | ३६४८ | ७३० | २९१८ | ० | ४ | १ | ११ | २ | २ |
| **१८.** | **वन, भूसंरक्षण तथा जैविक विविधता** | **१६५२०** | **३७६७** | **१२७५४** | **०** | **१८२०५** | **४१५१** | **१४०५५** | **०** | **२००६४** | **४५७५** | **१५४८९** | **०** | | | | | |
| ४६ | वन, हरियाली तथा जैविक विविधता संरक्षण कार्यक्रम | १३२२ | १०५७ | २६४ | ० | १४५६ | ११६५ | २९१ | ० | १६०५ | १२८४ | ३२१ | ० | ६ | १ | १५ | २ | १ |

| क्र.सं. | कार्यक्रम/आयोजना | आ.व.२०७९/८० को विनियोजन | | | | आ.व. २०८०/८१ को खर्च प्रक्षेपण | | | | आ.व. २०८१/८२ को खर्च प्रक्षेपण | | | | साङ्केतीकरण | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | रणनीतिक स्तम्भ | प्राथमिकीकरण | दिगो विकास लक्ष्य सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
| ४२ | जलाधार संरक्षण आयोजना, वडा नं ७ देउसत | ४१३० | ४१३ | ३७१७ | ० | ४५५१ | ४५५ | ४०९६ | ० | ५०१६ | ५०२ | ४५१४ | ० | ६ | १ | १५ | २ | १ |
| ४५ | वौलाहा खोला, झराही खोला, मुकुण्डो खोला र लोकाहा खोला तटवन्ध आयोजना | ९०८६ | ९०९ | ८१७८ | ० | १००१३ | १००१ | ९०१२ | ० | ११०३५ | ११०४ | ९९३२ | ० | ६ | १ | १३ | २ | १ |
| ४७ | तालतलैया र जलाधार संरक्षण एवं नदि नियन्त्रण कार्यक्रम | १९८२ | १३८८ | ५९५ | ० | २१८५ | १५२९ | ६५५ | ० | २४०८ | १६८५ | ७२२ | ० | ६ | १ | १५ | २ | १ |
| **१९.** | **वातावरण तथा फोहोरमैला व्यवस्थापन** | **७५०८** | **१६९३** | **५८१५** | **०** | **८२७४** | **१८६६** | **६४०८** | **०** | **९११८** | **२०५६** | **७०६२** | | | | | | |
| ४८ | ल्याण्डफिल साइट निर्माण | ५६२४ | ५६२ | ५०६१ | ० | ६१९७ | ६२० | ५५७८ | ० | ६८३० | ६८३ | ६१४७ | ० | ७ | १ | १३ | २ | १ |
| ४९ | फोहोरमैला व्यवस्थापन कार्यक्रम | १८८५ | ११३१ | ७५४ | ० | २०७७ | १२४६ | ८३१ | ० | २२८८ | १३७३ | ९१५ | ० | ७ | २ | १३ | २ | १ |
| **२०.** | **विपद जोखिम व्यवस्थापन र जलवायु परिवर्तन** | **२२५२८** | **१६८९६** | **५६३२** | **०** | **२४८२६** | **१८६१९** | **६२०६** | **०** | **२७३६०** | **२०५२०** | **६८४०** | | | | | | |
| ५० | विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन कार्यक्रम | २२५२८ | १६८९६ | ५६३२ | ० | २४८२६ | १८६१९ | ६२०६ | ० | २७३६० | २०५२० | ६८४० | ० | ८ | १ | १३ | २ | १ |
| **२१.** | **नीति, कानून, न्याय तथा सुशासन** | **४५०६** | **४३२५** | **१८०** | **०** | **४९६५** | **४७६७** | **१९९** | **०** | **५४७२** | **५२५३** | **२१९** | | | | | | |
| ५१ | नीति, कानुन, न्याय तथा सुशासन प्रवर्धन कार्यक्रम | ४५०६ | ४३२५ | १८० | ० | ४९६५ | ४७६७ | १९९ | ० | ५४७२ | ५२५३ | २१९ | ० | ९ | २ | १६ | २ | २ |
| **२२.** | **संगठन, मानव संशाधन र क्षमता विकास** | **१०८८८५** | **१०८८८५** | **०** | **०** | **११९९९१** | **११९९९१** | **०** | **०** | **१३२२४०** | **१३२२४०** | **०** | | | | | | |
| ५२ | संगठन, मानव संशाधन र क्षमता विकास कार्यक्रम | १०८८८५ | १०८८८५ | ० | ० | ११९९९१ | ११९९९१ | ० | ० | १३२२४० | १३२२४० | ० | ० | ९ | २ | १६ | २ | ३ |
| **२३.** | **राजस्व तथा राजस्व परिचालन** | **२२५३** | **२०२८** | **२२५** | **०** | **२४८३** | **२२३४** | **२४८** | **०** | **२७३६** | **२४६२** | **२७४** | | | | | | |
| ५३ | राजस्व सुधार तथा स्रोत सृदृढीकरण कार्यक्रम | २२५३ | २०२८ | २२५ | ० | २४८३ | २२३४ | २४८ | ० | २७३६ | २४६२ | २७४ | ० | ९ | २ | १७ | ३ | ३ |
| **२४.** | **तथ्याङ्क, योजना तथा विकास परिचालन** | **६००७** | **६००७** | **०** | **०** | **६६२०** | **६६२०** | **०** | **०** | **७२९६** | **७२९६** | **०** | | | | | | |
| ५४ | तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन कार्यक्रम | ६००७ | ६००७ | ० | ० | ६६२० | ६६२० | ० | ० | ७२९६ | ७२९६ | ० | ० | ९ | २ | १७ | २ | २ |
| | **जम्मा** | **७५०९३०** | **४३०३६४** | **३२०५६६** | **०** | **८२७५२२** | **४७४२६०** | **३५३२६२** | **०** | **९११९९९** | **५२२६७४** | **३८९३२५** | **०** | | | | | |

कार्यक्रमका केही झलकहरु






**वैठकका निर्णयहरु**

DATE:

आज मिति २०७३।०५।२० गते यस देवचुली नगर पालिकाको मध्यम कालीन खर्च संरचना तर्जुमा कार्यशाला (आ.व. २०७३।७४–२०७५।७६) नगरपालिकाका नगर प्रमुख श्री हरि प्रसाद न्यौपाने ज्यूको अध्यक्षतामा तपसिलको उपस्थिति सम्चालन भई छलफल तथा निर्णय गरियो।

उपस्थिति

अध्यक्षता – श्री हरि प्रसाद न्यौपाने (नगर प्रमुख)
– श्री पार्वता तिवारी (नगर उपप्रमुख)
– श्री गोविन्द सिग्देल (प्र.प्र.अ.)
– श्री तिल प्रसाद काफ्ले (नगर प्रहरी)
– श्री भीकलाल श्रेष्ठ
– श्री राम कुमार श्रेष्ठ स्वास्थ्यशाखा प्रमुख
टेकाराम अर्याल, इञ्जिनियर
श्री जय बा. वि.क. कार्यपालीका सदस्य
विमला लम्साल सा.शिक्षा. दे.न.पा.
डा. श्यामकृष्ण तिवारी, दे.न.पा.
श्री शिव खापकोटा दे.न.पा.
डिपक शर्मा देवचुली खबर
नन्दलाल ढुङ्गाल
श्री कृष्णहरी खापकोटा (स्व.प्र.प्र.)
श्री अर्जुन विश्वकर्मा (UNDP SDIG)
श्री कृष्ण प्रसाद थापा, प्रमुख, आयुर्वेद शाखा
श्री बेल बहादुर [illegible] मगर [illegible]

प्रस्ताव हरु:
(१) मध्यकालिन खर्च संरचना कार्यान्वयन गर्ने सम्बन्धमा
(२) विविध सम्बन्धमा।

निर्णयहरु:
१. प्रस्ताव नं.१ उपर छलफल गर्दा स्थानीय तहको मध्यकालिन खर्च संरचना तर्जुमा दिग्दर्शन

~~प्रस्तुत विषय निर्णयहरू~~

~~[illegible]~~

२०७८ (परिमार्जित) को परिच्छेद २ को २.२ मा व्यवस्था भए बमोजिम यस देवचुली नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत श्री गोविन्द पौडेल ज्यूको संयोजकत्वमा देहाय बमोजिमका सदस्यहरू रहने गरी MTEF तर्जुमा कार्यदल तयार गरियो।

१ - श्री गोविन्द पौडेल - संयोजक.
२ श्री अनिललाल श्रेष्ठ - (प्रशासन) सदस्य.
३ - श्री रामकुमार श्रेष्ठ - (स्वास्थ्य) - सदस्य.
४. श्री टिकाराम बस्याल - (प्राविधिक) - सदस्य.
५ - श्री बिमला नेपाल (सामाजिक वि.) सदस्य.
६ - श्री डा. श्यामकृष्ण तिवारी (पशु विकास) सदस्य.
७ - विनोद अर्याल (लेखा) - सदस्य.
८ - श्री शिव सापकोटा (आर्थिक विकास) सदस्य.
९ - श्री कृष्णहरि सापकोटा (IT) सदस्य-सचिव.

निर्णय नं. २

यस मध्यमकालीन खर्च संरचना तयार गर्न सहजीकरण तथा सहयोगको लागि आउनु भएका परामर्शदाता श्री अर्जुन विश्वकर्मा लाई यस नगरपालिकाका सम्पूर्ण सदस्य तथा नगरपालिकाका अन्य कर्मचारीहरूले सहयोग गरी यथार्थ र कार्यान्वयन योग्य MTEF तयार गर्ने सहमति सहितको निर्णय गरियो।

DATE:

आज मिति २०८१ साल असार ३ गते शुक्रबार का दिन यस देवचुली नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री गोविन्द रिजाल ज्यूको अध्यक्षतामा मध्यकालिन खर्च संरचनाको मस्यौदा प्रतिवेदन उपर देहाय बमोजिमको उपस्थितीमा छलफल गरि तपसिल बमोजिमको निर्णय गरियो।

उपस्थिति:

१- श्री गोविन्द रिजाल

२- श्री राम प्रसाद शर्मा

३. श्री . भीमलाल श्रेष्ठ.

४. श्री डा. श्याम कृष्ण तिवारी.

५- श्री . विनोद अर्याल .

६. श्री . राजकुमार श्रेष्ठ.

७- श्री . टिकाराम वस्याल

८- श्री . विमला न्यौपाने

९- श्री शिव खापङ्खाङ्

१०- श्री . कृष्णहरि खापङ्खाङ .

अन्य उपस्थिती:

१- श्री अर्जुन विश्वकर्मा - परामर्शदाता

निर्णय नं.१ -

आजको उपस्थितीमा यसैको मध्यकालिन खर्च संरचनाको मस्यौदा प्रतिवेदन परामर्शदाता श्री अर्जुन विश्वकर्माले प्रस्तुत गर्नुभयो। उक्त प्रतिवेदन पर नगरपालिकाका सम्पूर्ण शाखा लगायत प्रमुख प्रशासकीय अधिकृतसँगको सहकार्यमा निर्माण गरिएकोमा उक्त प्रतिवेदन उपर छलफल गरी आएका सुझावहरूलाई अन्तिम प्रतिवेदनमा समावेश गर्ने गरी एक हप्ता भित्रमा सुझाव प्रदान गरिएको निर्णय गरियो।

## नगर कार्यपालिकाको निर्णय

आज मिति २०७९ असार ९ गते शुक्रबारका दिन यस देवचुली नगरपालिकाको नगर प्रमुख श्री हरि प्रसाद न्यौपाने ज्यूको अध्यक्षता मा [illegible] औ कार्यपालिका बैठक बस्यो ।

उपस्थिती

| सि.न | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री हरि प्रसाद न्यौपाने | नगर प्रमुख | |
| २ | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | |
| ३ | श्री तिलप्रसाद काफ्ले | नगर प्रवक्ता | |
| ४ | श्री कृष्ण बहादुर के.सी | कार्यपालिका सदस्य | |
| ५ | श्री शरद प्रसाद घिमिरे | कार्यपालिका सदस्य | |
| ६ | श्री होमनाथ पौडेल | कार्यपालिका सदस्य | |
| ७ | श्री गिर बहादुर थापा क्षेत्री | कार्यपालिका सदस्य | |
| ८ | श्री कृष्ण प्रसाद सापकोटा | कार्यपालिका सदस्य | |
| ९ | श्री मिन बहादुर सोती | कार्यपालिका सदस्य | |
| १० | श्री भुमिसरा आले | कार्यपालिका सदस्य | |
| ११ | श्री नुन प्रसाद बाचे | कार्यपालिका सदस्य | |
| १२ | श्री बलिराम सापकोटा | कार्यपालिका सदस्य | |
| १३ | श्री रेप्ती कुमार घर्ति | कार्यपालिका सदस्य | |
| १४ | श्री लोक प्रसाद भुर्तेल | कार्यपालिका सदस्य | |
| १५ | श्री एकदेव पौडेल | कार्यपालिका सदस्य | |
| १६ | श्री गोपाल थापा | कार्यपालिका सदस्य | |
| १७ | श्री सुरेश कुमार रानाभाट | कार्यपालिका सदस्य | |
| १८ | श्री केशव राज गौतम | कार्यपालिका सदस्य | |
| १९ | श्री गणेश शर्मा चालिसे | कार्यपालिका सदस्य | |
| २० | श्री गोमा देवी पौडेल | कार्यपालिका सदस्य | |
| २१ | श्री मधु माया गुरुङ | कार्यपालिका सदस्य | |
| २२ | श्री फुल माया वि.क | कार्यपालिका सदस्य | |
| २३ | श्री पार्वती कंडेल | कार्यपालिका सदस्य | |
| २४ | श्री जानकी देवी गुरौ (लामिछाने) | कार्यपालिका सदस्य | |
| २५ | श्री विद्या बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २६ | श्री जय बहादुर वि.क | कार्यपालिका सदस्य | |
| २७ | श्री गिता देवी बोटे | कार्यपालिका सदस्य | |
| २८ | श्री गोविन्द सिग्देल | सदस्य सचिव | |

अन्य उपस्थिति

१. राम प्रसाद शर्मा, उप-सचिव शिक्षा, खेलकुद विकास शाखा
२. शिवलाल श्रेष्ठ योजना अधिकृत, प्रशासन तथा योजना शाखा
३. राम कुमार श्रेष्ठ जन स्वास्थ्य अधिकृत स्वास्थ्य शाखा
४. टिकाराम बस्याल, इन्जिनियर, पूर्वाधार शाखा
५. शिव सापकोटा अधिकृत छैटौं आर्थिक विकास शाखा
६. कृष्ण हरि सापकोटा सूचना अधिकारी सूचना तथा प्रविधि शाखा

**मिति २०७९।३।९ मा बोलाईएको तेस्रो नगर कार्यपालिका बैठकमा छलफलका लागि प्रस्तुत विषयहरु**

१, सकलादेवी महिला कृषि सहकारी संस्थालाई टेक्टर खरिदका लागि अनुदान रकम उपलव्ध गराउने सम्वन्धमा ।

२, देवचुली नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७७ मा संशोधन सम्वन्धमा ।

३, तीन पाङ्ग्रे टेम्पो/इ-रिक्साको भाडा निर्धारण गर्ने सम्वन्धमा ।

४, वडा क्षेत्रका जग्गा वर्गीकरण सम्वन्धमा ।

५, करार कर्मचारीहरुको दरवन्दी व्यवस्थापन सम्वन्धमा ।

६, आगामी आ.व. को बजेट,नीति तथा कार्यक्रम, आर्थिक विधेयक २०७९ र विनियोजन विधेयक २०७९ लाइ स्वीकृतिको लागि नगर सभामा पेश गर्ने सम्वन्धमा ।

७, मध्यकालिन खर्च संरचना सहितका कार्यक्रम सम्वन्धमा ।

## मिति २०७९।३।९ मा सम्पन्न तेस्रो नगर कार्यपालिका बैठकमा छलफल भई निर्णय भएका विषयहरु

### निर्णय नं. १,

प्रस्ताव नं. १ उपर छलफल गर्दा सकलादेवी महिला कृषि सहकारी संस्थाको माग बमोजिम उक्त सहकारी संस्थाले अन्य सहयोगी संघसंस्थाको अनुदान सहयोग समेतबाट पशुपालक किसानहरुले पालनपोषण गर्दै आएका पशुहरुलाइ दाना चापट ढुवानी गर्ने प्रयोजनको लागि आर्थिक अनुदान सहयोग माग गरेकोले निजहरुले गर्दै आएको पशुपालन व्यवसायलाई प्रोत्साहन स्वरुप उक्त समूहको निजी प्रयोग का लागि कार्यविधिमा तोकिएअनुसार टेक्टर उपयोग,मर्मत सम्हार गर्ने गरी नगरपालिकाबाट अधिकतम ५० प्रतिशत खर्च बापत हुनआउने रकम रु, ९ लाख ५० हजार रुपैया समपुरक अनुदान शीर्षकबाट खर्च व्यहोर्नेगरी अनुदान सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

### निर्णय नं. २,

प्रस्ताव नं. २ उपर छलफल गर्दा देवचुली नगरपालिकाबाट सार्वजनिक खरिद सम्बन्धी कार्य प्रयोजनका लागि नगरपालिकाबाट स्वीकृत सार्वजनिक खरिद नियमावली २०७७ ले दिएको अधिकार समेत प्रयोग गरी कारोबार गर्दै आएकोमा संघीय सरकारबाट सार्वजनिक खरिद नियमावली २०६४ लाइ २०७८।१२।३ मा एघारौं शंसोधन गरी शंसोधित प्रावधानअनुरुप सरकारी कार्यालयमा एकरुपता कायमगरी कार्य गर्नुपर्ने देखिएकोले उक्त संशोधनको व्यवस्थालाइ प्रचलित कानून अनुसार कार्यान्वयन गर्न देवचुली नगरपालिकाको सार्वजकि खरिद नियमावली २०७७ लाई पहिलो शंसोधन गरी संघीय कानूनमा व्यवस्था भए बमोजिम कार्यान्वयनमा ल्याउने निर्णय गरियो ।

### निर्णय नं. ३,

प्रस्ताव नं. ३ उपर छलफल गर्दा देवचुली नगरपालिका क्षेत्रमा संचालनमा आएका तीन पाङ्ग्रे अटो रिक्सा/टेम्पो व्यवसायीहरुले हालको इन्धनमा भएको भारी दरको मुल्यवृद्धिलाइ भाडादरमा समयोजन गरी पाउन माग गरेको सम्बन्धमा निजहरुको माग बमोजिम अर्को व्यवस्था नभएसम्मका लागि सीट क्षमता भन्दा बढी यात्रु ओसार पसार नगर्ने, यात्रुवाहक सवारी साधनमा मालसामान ढुवानी नगर्ने, १० वर्षमन्दा माथिका यात्रुलाइ मात्र भाडा लिने, राती १० बजे देखि बिहान ४ बजे सम्मको अवधिमा मात्र तोकिएको भाडादरमा दोब्बर भाडा लिनपाउने र भाडा दर सबै यात्रुहरुले स्पष्ट देख्न सकिने गरी टांस गर्ने गरी तोकिए अनुसारको भाडादर प्रमाणित गरी उपलब्ध गराउने निर्णय गरियो ।

### निर्णय नं. ४,

प्रस्ताव नं. ४ उपर छलफल गर्दा देवचुली नगरपालिका क्षेत्रका जग्गाहरुको भू-उपयोग कार्यान्वयन सम्बन्धमा आ-आफ्ना वडामा रहेका जग्गाहरुको वर्गीकरण सम्बन्धी कार्यका लागि सम्बन्धित वडाका वडा अध्यक्षको संयोजकत्वमा वडा स्तरीय राजनीतिक दलका प्रतिनिधि र आवश्यक परे विज्ञ समेत भएको समिति गठन गरी ३० दिनभित्र भू-उपयोग नियमावली २०७९ को दफा ८ को अनुसूचि १ मा व्यवस्था भए अनुसारको प्रतिवेदन तयार पारी स्थानीय भू-उपयोग परिषद समक्ष पेश गर्ने/गर्न लगाउने निर्णय गरियो ।

**निर्णय नं. ५,**

प्रस्ताव नं. ५ उपर छलफल गर्दा नेपाल सरकारले यस नगरपालिका वा अन्तरगतका विषयगत शाखा तथा स्वास्थ्य चौकीहरुका लागि स्वीकृत गरेको दरवन्दी संरचनालाई पुनर्गठन नभएसम्म सोही अनुसारको स्थायी दरवन्दी कायम गर्ने र आगामी आ.व. का लागि अधिकृत छैटौं तहको इन्जिनियर ( अर्किटेक्ट/सिभिल) पद १ करार दरवन्दी थप गर्ने, १२ वटा आधारभूत स्वास्थ्य चौकीहरुमा १/१ जना अ.न.मि. र अ.हे.व., प्राथमिक स्वास्थ्य केन्द्र दुम्कोलीमा २४ घण्टे सेवा संचालन २ जना, नगरपालिकामा हलुका सवारी चालक पद २, हेभी सवारी चालक पद २, १७ वटा वडा कार्यालयमा १/१ जना, स्वास्थ्य संस्था अन्तरगत बर्थिङग सेण्टरमा २/२ जना, नगरपालिका कार्यालयमा कार्यरत स्थायी बाहेकका ५ जना कार्यालय सहयोगीहरुको करार दरवन्दी कायम गर्नका लागि नगरसभा समक्ष पेशगरी सन्तोषजनक कामगर्ने कर्मचारीहरुलाई जिम्मेवारी तोकी योग्यता र क्षमताको आधारमा करार सेवा प्रकृया अनुसार संझौता गराइ नियमानुसार कामकाजमा लगाउने निर्णय गरियो ।

**निर्णय नं. ६,**

प्रस्ताव नं. ६ उपर छलफल गर्दा २०७९ असार १० गतेका दिन बोलाइएको दशौं नगरसभामा आगामी आ.व. २०७९/०८० को बजेट,नीति तथा कार्यक्रम, आर्थिक विधेयक २०७९ र विनियोजन विधेयक २०७९ स्वीकृतिका लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७,**

प्रस्ताव नं. ७ उपर छलफल गर्दा अन्तराष्ट्रिय सहयोगी संस्था UNDP नेपाल सहितको आर्थिक सहयोग तथा SDIC नेपालको प्राविधिक सहयोगमा तयार भएको यस नगरपालिकाको आ.व. २०७९/०८० देखि २०८१/०८२ सम्मको तीन वर्षे मध्यकालिन खर्च संरचना MTEF , गण्डकी प्रदेश सरकारको आर्थिक सहयोगमा तयार भएको राजस्व सुधार कार्ययोजना, क्षमता विकास योजना, लैससास रणनीती स्वीकृत गरी सोही बमोजिम कार्यान्वयका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**विविध विषय:**

देवचुली नगरपालिका ८ नं वडा कार्यालयको सिफारिस अनुसार चालु आ.व.को सि.नं. ३२६ मा विनियोजित जनचेतना युवा क्लव कम्पुटर तालिमका लागि विनियोजित रकम रु १ लाखबाट ल्यापटप खरिद गरी उपयोगमा ल्याउनका लागि मागभइ आएको, सि.नं.३३७ मा विनियोजित मिठाकोट चोक नाग्दी बाटो ग्रोभेल शीर्षकमा विनियोजित रकम रु, ५० हजारबाट सोही स्थानमा कल्भर्ट निर्माण कार्य गर्ने गरी उक्त रकम रकमान्तर गरी दिने ।